# नेपाली बालबालिकाको स्थिति २०६८
# The State of Children of Nepal 2011

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
**केन्द्रीय बाल कल्याण समिति**
हरिहरभवन, ललितपुर

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, पुल्चोक, ललितपुर

**प्रकाशन सहयोग**

युनिसेफ

प्लान नेपाल

सेभ द चिल्ड्रेन इण्टरनेशनल

टेरे डेज होम्स, नेपाल

वर्ल्ड एजुकेशन, नेपाल

वर्ल्ड भिजन इण्टरनेशनल, नेपाल

**विश्लेषण तथा सम्पादन**

नवीनचन्द्र घिमिरे (बालअधिकार अधिकृत, लमजुङ)

**तथ्याङ्क प्रविष्ट तथा प्रशोधन**

सुनीता शाह (बालअधिकार अधिकृत, काठमाडौं)
अजित योञ्जन (बालअधिकार अधिकृत, इलाम)
आशीष बज्राचार्य (बालअधिकार अधिकृत, ललितपुर)
राजेन्द्र महर्जन (बालश्रम अधिकृत, के.बा.क.स.)

**प्रकाशन मिति**

२९ भाद्र, २०६८

**सर्वाधिकार**

केन्द्रीय बालकल्याण समिति, ललितपुर

क) सचिवज्यूको शुभकामना
ख) कार्यकारी निर्देशकको मन्तव्य
ग) विषयसूचि
घ) तालिकासूचि
ङ) चित्रसूचि

# शुभकामना

बिगत बर्षहरुमा जस्तै यस बर्ष पनि केन्द्रीय बालकल्याण समितिको प्रयासमा नेपालका बालबालिकाको स्थिति प्रतिवेदन २०६८ प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ । यस प्रकारको बालबालिका सम्बन्धी जानकारी मूलक सामाग्री प्रकाशनले बालबालिकाको अवस्था दर्शाउन मात्र नभई बालअधिकारको सम्बर्द्धन र प्रवर्द्धनका लागि भावी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न समेत यथेष्ट मद्दत पुऱ्याउने गर्दछ । बालबालिकाको क्षेत्रमा हामीले गरेका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्न गरिने नीति, योजना तथा कार्यक्रम तर्जुमा देखि लिएर बालबालिकाको बिषयमा अध्ययन गर्न चाहने जिज्ञासुलाई समेत लाभदायी हुनेछ भन्ने विश्वास लिएको छु ।

यस्तो महत्वपूर्ण प्रकाशनको लागि केन्द्रीय बालकल्याण समितिलाई धन्यवाद दिंदै प्रकाशनको निरन्तरताको लागि शुभकामना पनि प्रकट गर्न चाहन्छु । साथै यस बर्षको राष्ट्रिय बालदिवशको मूल नारा “हामी सबैको सरोकार : शान्ति, संबिधान र सुनिश्चित बालअधिकार” लाई सार्थक बनाउन सरोकारवाला सबैलाई आग्रह गर्दछु ।

आनन्दराज पोखरेल
सचिब
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय,
सिंहदरबार

# शुभकामना मन्तव्य

भौगोलिक र साँस्कृतिक रुपमा विविधतायुक्त नेपालले विश्वसामु सुन्दर देशको रुपमा आफ्नो परिचयलाई स्थापित गरिसकेको छ । यहि मनमोहकता र सुन्दरतामा अझ निखार ल्याउने माध्यम बालबालिका हुन् । आजका यी बालबालिका वर्तमानका सर्जक र भविष्यका कर्णधार दुबै हुन् । आज म सर्वप्रथम "राष्ट्रिय बाल दिवस २०६८" को उपलक्ष्यमा सम्पूर्ण नेपाली बालबालिकाहरुले यथाशिघ्र आफ्नो बालअधिकार उपभोग गर्न सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु ।

यिनै बालबालिकाहरुको बालअधिकार सुनिश्चित गर्न **बालअधिकार महासन्धीको अनुमोदनसँगै** त्यसमा भएका व्यवस्थाहरुलाई लागु गर्नुपर्ने आफ्नो जिम्मेवारीलाई गम्भिरताका साथ पुरागर्न नीतिगत रुपमा **नेपालले राष्ट्रिय कानुनहरु जस्तैः** बालबालिका सम्बन्धी ऐन-२०४८, बालबालिका सम्बन्धी नियमावली-२०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन-२०५६, बालश्रम (निषेध र नियमित गर्ने) सम्बन्धी नियमावली-२०६२, बालन्याय (कार्याविधि) नियमावली - २०६३, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया-२०६५ एवं बालगृह सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड-२०६० जस्ता कानुन, नियमावली तथा कार्याविधिहरुको तर्जुमा गर्नुका साथै **भएका व्यवस्थाहरुलाई सशक्त ढंगले कार्यान्वयन्** गरिरहेको छ ।

नेपालको आन्तरिम संविधान-२०६३ मा बालअधिकारलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न नेपाल सरकार सफल भएको र अझै पनि बालअधिकारहरुलाई सुनिश्चित गर्ने खालको महत्वपूर्ण प्रांवधान र मूलभूत राष्ट्रिय सवालहरु व्यवहारमै सम्बोधन हुने गरी लागु गर्न हाल बन्दै गरेको नयाँ संबिधानमा समावेश गर्ने कार्य सम्पन्न भईसकेको छ ।

"बाल अधिकार सम्बन्धी नयाँ ऐन २०६७" "बालबालिका सम्बन्धी राष्ट्रिय नीति", "बाल संरक्षण नीति" र "बाल सहभागिता सम्बन्धी राष्ट्रिय नीतिगत ढाँचाहरू" निर्माण पुरा गरी नेपाल सरकारको सम्बन्धित निकायहरुबाट स्विकृतीको क्रममा रहेका छन् । हाल विद्यमान भएका बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना-२०६१/६२-२०७१/७२, नीति, कार्यक्रम तथा व्यवस्थाहरु कार्यान्वयनको चरणमा रहेको छ र सम्बन्धित अन्य मन्त्रालय र निकायहरुबाट पनि सो को प्रभावकारी कार्यान्वयन् गर्न गराउन नेपाल सरकार दृढ रहेको छ ।

यसै सन्दर्भमा उनीहरुको हक अधिकारलाई समेट्ने गरी सञ्चालित कार्यक्रमहरुको प्रभावकारिताका साथै नेपाल सरकार, केन्द्रीय बाल कल्याण समिति, युनिसेफ लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट बालबालिकाको हक अधिकारका लागि सञ्चालित कार्यक्रम आदिको प्रभावकारिताका साथै उपलब्धिहरुको मूल्याङ्कन गर्न सजिलो होस् भन्ने अभिप्रायले संस्थागत प्रयासहरुको सूचनालाई तथ्याङ्कीय र विश्लेषणात्मक ढंगबाट समेटेर विगत केही वर्ष अघि झैं यस बर्ष पनि भदौ २९ गते "**हामी सबैको सरोकार : शान्ति, सविधान र सुनिश्चित बालअधिकार**" भन्ने नाराका साथ आयोजित यस "राष्ट्रिय बाल दिवस २०६८" को शुभ-अवसरमा प्रकाशन गरिने

**"नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०६८"** बालबालिकाको क्षेत्रमा काम गर्ने व्यक्ति, संघसंस्था र सबै सम्बद्ध निकायहरूलाई उपयोगी हुने अपेक्षा गर्दछु ।

नेपाल सरकारको बालबालिकाको मामला हेर्ने विशिष्टिकृत निकायका रुपमा रहेको केन्द्रीय बाल कल्याण समिति बाल संरक्षण र सम्बर्द्धनको लागि संयुक्तराष्ट्र संघीय निकाय यूनिसेफ एवं अन्तर्राष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरूको सहयोगमा यसै आ.व भित्र नेपालको ७५ वटै जिल्ला बाल कल्याण समितिको सचिवालयमा आवश्यक कर्मचारीहरुको व्यवस्था पुरा गर्दैछ । बालन्यायलाई सुनिश्चित गर्न ३२ जिल्लामा जिल्ला बाल इजलास को भौतिक पूर्वाधार तयार भै ४ विकास क्षेत्रमा बालसुधार गृहको निर्माण कार्य प्रगतिमा छ । मुलुकभर सञ्चालित ६०२ बालगृहहरुको प्रभावकारी अनुगमन भइरहेको छ । बालमैत्री स्थानीय शासन सम्वन्धी रणनीतिका साथै कार्यान्वयन कार्यविधि २०६८ जारी भएको परिप्रेक्ष्यमा के. बा. क. स. द्वारा १५ गा.वि.स. र १ न.पा. मा सञ्चालित बालमैत्री गाविस कार्यक्रमले सो अभियानमा टेवा र सहयोग पुऱ्याउने छ । साथै ६ गाविसमा नमूना बालमैत्री गाविस अभियान कार्यक्रम पनि यस वर्ष थालनि गरिएको छ ।

प्रतिवेदनले नीति निर्माण, कार्यक्रम कार्यान्वयनका लागि सूचनाका विविध पक्षहरुलाई मात्र हैन, अबका संभावित चुनौतीहरुको आँकलन पनि गरेको छ । यो पुस्तक तयार गर्न अथक परिश्रम गर्नुहुने केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिका पदाधिकारी तथा समस्त कर्मचारी साथीहरु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु र सूचनादाता सबैमा म हार्दिक धन्यवाद दिन चाहन्छु । यो पुस्तक छपाईमा सहयोग गर्नुहुने युनिसेफ, प्लान नेपाल, सेभ द चिल्ड्रेन इण्टरनेशनल, टेरे डेज होम्स, वर्ल्ड एजुकेशन र वर्ल्ड भिजन इण्टरनेशनल लगायतका सहयोगी निकायहरुलाई हार्दिक धन्यवाद दिँदै भविष्यमा पनि समन्वय र सहकार्य गर्दै बालअधिकारको संरक्षणमा एक भई अघि बढ्न समेत हार्दिक अपिल गर्दछु ।

धर्म राज श्रेष्ठ
कार्यकारी निर्देशक
केन्द्रीय बाल कल्याण समिति
२०६८ साल भाद्र २९ गते बिहीबार

# सूचिहरू


| क्र.सं. | परिच्छेद/अनुसूचि | शीर्षक-उपशीर्षक नं. | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|
| १ | परिच्छेद क | सार सङ्क्षेप | | १ |
| **परिच्छेद १** | | राष्ट्र, राष्ट्रियता, नाम तथा पहिचानको अधिकार | | १ |
| २ | | १.१ | नेपाल | १२ |
| ३ | | १.२ | जनसङ्ख्या र नेपालका बालबालिका | १४ |
| ४ | | १.२.१ | नेपालको जनसाङ्ख्यिक स्थिति | १५ |
| ५ | | १.२.२ | नेपालका बालबालिकाको उमेरगत र लिङ्गको आधारमा तथ्याङ्क | |
| ६ | | १.३ | नेपालीको जीवनस्तर मापन | १६ |
| ७ | | १.४ | जन्मदर्ता | १७ |
| ८ | | १.३.१ | नेपालका बालबालिकाको जन्मदर्ताको स्थिति | १८ |
| **परिच्छेद २** | | बालअधिकारका सिद्धान्तहरू | | २० |
| १० | | २.१ | भेदभावरहितता | २० |
| ११ | | २.२ | दीर्घ जीवन र विकास | २३ |
| १२ | | २.२.१ | दीर्घ जीवन | २३ |
| १३ | | २.२.२ | विकास | २३ |
| १४ | | २.३ | उच्चतम हित/सर्वोत्तम हित | २४ |
| १५ | | २.३.१ | बालमैत्री गा.वि.स./नगर तथा स्थानीय स्वायत्त शासन | २४ |
| १६ | | २.४ | बालबालिकाको विचार र भावनाको कदर | २८ |

| | | | |
|---|---|---|---|
| परिच्छेद ३ | | नागरिक अधिकार र स्वतन्त्रता | ३० |
| १७ | ३.१ | बालक्लब र आवद्ध बालबालिका | ३० |
| १८ | ३.२ | सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच | ३६ |
| १९ | ३.३ | यातना, क्रूर तथा अमानवीय सजायँ दिइएको घटनासम्बन्धी विवरण | ३६ |
| २० | ३.४ | बालहेल्पलाइन | ४० |
| २१ | ३.४.१ | बालहेल्पलाइनका सेवाहरु | ४० |
| परिच्चेद ४ | | पारिवारिक वातावरण र वैकल्पिक स्याहार | ४२ |
| २२ | ४.१ | बालबालिकाकाको पारिवारिक संरक्षण | ४२ |
| २३ | ४.२ | हराएका र फेला परेका बालबालिका | ४४ |
| २४ | ४.३ | नेपालका बालगृहहरू र बालबालिका | ४९ |
| २५ | ४.४ | धर्मपुत्र, धर्मपुत्री | ५१ |
| २६ | ४.५ | नेपालमा रहेका शरणार्थी बालबालिकाको स्थिति | ५३ |
| परिच्छेद ५ | | आधारभूत स्वास्थ्य र कल्याण | ६० |
| २७ | ५.१ | बालस्वास्थ्य र पोषण | ६० |
| २८ | ५.२ | सरसफाइ | ६४ |
| २९ | ५.३ | स्वास्थ्यजन्य प्रकोप तथा प्राकृतिक प्रकोप | ६६ |
| ३० | ५.४ | अपाङ्गता भएका बालबालिका | ७२ |
| परिच्छेद ६ | | शिक्षा, फुर्सद, मनोरञ्जन र साँस्कृतिक क्रियाकलाप | ७६ |
| ३१ | ६.१ | शिक्षा र नेपालको शैक्षिक स्थिति | ७६ |
| ३२ | ६.१.१ | सहिद स्मृति विद्यालयहरूसम्बन्धी विवरण | ७६ |
| ३३ | ६.१.२ | केही शैक्षिक तथ्याङ्कहरू | ७७ |
| ३४ | ६.१.३ | मातृभाषा शिक्षा | ८४ |
| ३५ | ६.१.४ | छात्रबृत्तिसम्बन्धी विवरण | ८५ |
| ३६ | ६.१.५ | नेपालको साक्षरता दर | ८६ |
| ३७ | ६.२ | नेपालमा पुस्तकालय | ८६ |
| ३८ | ६.३ | मनोरञ्जनस्थलहरू | ८९ |

| परिच्छेद ७ | | विशेष संरक्षणका उपायहरु | | ९० |
| --- | --- | --- | --- | --- |
| ३९ | | ७.१ | नेपालमा एच्.आइ.भी. र एड्सबाट पीडित तथा प्रभावित बालबालिका | ९० |
| ४० | | ७.२ | श्रममा संलग्न रहेका बालबालिका | ९९ |
| ४१ | | ७.२.१ | श्रममा संलग्न बालबालिकासम्बन्धी केही तथ्यहरू | १०२ |
| ४२ | | ७.२.२ | बालश्रम निवारणका लागि भएका प्रयासहरू | १०३ |
| ४३ | | ७.२.३ | कमलरी बालिकाहरूसम्बन्धी तथ्यहरू | १०५ |
| ४४ | | ७.२.४ | कमलरी पुनर्स्थापना कार्यक्रम | ११० |
| ४५ | | ७.२.५ | सर्कसमा काममा लगाइएका बालबालिकाको विवरण | १११ |
| ४६ | | ७.२.६ | काठमाडौं उपत्यकामा रहेका घरेलु बालश्रमिकको स्थिति | ११२ |
| ४७ | | ७.२.७ | सडकमा आश्रित बालबालिका | ११४ |
| ४८ | | ७.३ | बालयौन दुर्व्यवहार, शोषण र सोसम्बन्धी उजुरी तथा न्यायिक उपचार तथा बेचविखन तथा ओसारपसारमा परेका बालबालिका | ११६ |
| ४९ | | ७.३.१ | बालयौन दुर्व्यवहार, शोषण र सोसम्बन्धी उजुरी तथा न्यायिक उपचार | ११६ |
| ५० | | ७.३.२ | बेचविखन तथा ओसारपसारमा परेका बालबालिका | ११९ |
| ५१ | | ७.४ | सशस्त्र द्वन्द्व र त्यसबाट पीडित भएका बालबालिका | १२० |
| ५२ | | ७.५ | आपतकालीन मानवीय राहत कोष र यसको परिचालन | १२१ |
| ५३ | | ७.६ | बालबिज्याइँ, कानुनी विवादमा परेका बालबालिका र बालन्याय | १२३ |
| ५४ | | ७.७ | लागूऔषध प्रयोगकर्ताहरू | १३२ |

| | | | | |
|---|---|---|---|---|
| **परिच्छेद ८** | | बालअधिकार संरक्षण तथा प्रबर्द्धनका लागि राज्यबाट भए गरिएका प्रयासहरू | | १३५ |
| ५५ | | ८.१ | संवैधानिक व्यवस्था | १३५ |
| ५६ | | ८.२ | अन्तर्राष्ट्रिय प्रतिवद्धता | १३६ |
| ५७ | | ८.३ | राष्ट्रिय कानुनी व्यवस्था | १३६ |
| ५९ | | ८.४ | लक्षित कार्यक्रम | १३८ |
| ६० | | ८.५ | संस्थागत संरचना र संयन्त्रहरू | १४० |
| अनुसूचिहरू | | | | |
| ६१ | | अनुसूचि १ | नेपालमा गठन गरिएका गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिको सङ्ख्यात्मक विवरण | १४१ |
| ६२ | | अनुसूचि २ | नेपालका पत्रपत्रिकाहरूमा बालबालिकासम्बन्धी समाचारहरू | १४२ |
| ६३ | | अनुसूचि ३ | नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैससहरू | १४३ |
| ६४ | | | तालिका/चित्र सूचि | १५० |
| ६५ | | | सन्दर्भ स्रोत/सामग्रीहरु | १५४ |

## परिच्छेद क) सार सङ्क्षेप

बालबालिकासम्वन्धी ऐन, २०४८ को दफा ३२ को उपदफा ५ को व्यवस्थाअनुसार केन्द्रीय बालकल्याण समिति र जिल्ला जिल्लामा जिल्ला बालकल्याण समितिले तयार पारिएको सूचना, तथ्याङ्क तथा विवरणहरुलाई सङ्कलन, समायोजन र प्रशोधन गरी केन्द्रीय बालकल्याण समितिले यो "**नेपालका बालबालिकासम्वन्धी स्थिति प्रतिवेदन–२०६८**" प्रकाशन गरेको हो । बालबालिकासम्वन्धी कार्य गर्नका लागि सम्वन्धित व्यक्ति, संस्था तथा निकायहरुलाई मार्गनिर्देश गर्नेछ भन्ने अपेक्षाका साथ प्रतिवेदनले प्रस्तुत गरेको नेपालका बालबालिकाको स्थितिसम्वन्धी आँकडालाई सारांशको रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

### राष्ट्र, राष्ट्रियता, नाम तथा पहिचानको अधिकार

विश्व मानचित्रको उत्तरी गोलार्धमा रहेको र उत्तरमा चीनको स्वासाशित क्षेत्र तिब्बत र पूर्व दक्षिण र पश्चिममा भारतका विभिन्न प्रदेशहरुले घेरिएको नेपाल एक भूपरिवेष्टित मुलुक हो । २६ डिग्री २२ मिनेट उत्तरी अक्षांसदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांस र ८० डिग्री ०५ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ । नेपालको पूर्व पश्चिम औसत लम्बाई ८८५ कि.मी. र उत्तर दक्षिण औसत चौडाई १९३ कि.मी. रहेको छ ।

वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिवर्ष रहेको छ । सन् २०११ को प्रक्षेपित जनसङ्ख्याअनुसार महिलाको जनसङ्ख्या १,४२,४१,६३२ र पुरुषको जनसङ्ख्या १,४३,४३,३४३ गरी कूल जम्मा जनसङ्ख्या २,८५,८४,९७५ रहेको छ, जसअनुसार १४ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या १,०१,६८,५०० रहेको देखिएको छ । जुन कूल जनसङ्ख्याको ३५.५७% हो । चालु वर्ष केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको राष्ट्रिय जनगणना को विस्तृत विवरण आउन भने बाँकी रहेकोले यस तथ्याङ्कमा पछिल्लो विवरण समावेश गर्न सकिएको छैन । केन्द्रीय तथ्याङ्क विभागको वेबसाइटमा उल्लेख गरिएअनुसार यस वर्षको कूल जनसङ्ख्या २,८५,८४,९७५ रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको सन् २०१० को तथ्याङ्कअनुसार गतवर्ष नेपालको प्रतिव्यक्ति प्रतिवर्ष औसत आय ५६२ यू.एस्. डलर रहेको र आर्थिक वृद्धिदर ३.५३% प्रतिवर्ष रहेको छ भने २५.४% नागरिकहरू गरिवीको रेखामुनि रहेको र धनी र गरीवबीचको भिन्नता सूचकाङ्क ०.४६ रहेको देखिएको छ । सन् २०१० को मानवविकास प्रतिवेदनअनुसार विश्वका १६९ मुलुकमध्ये नेपाल ०.४२८ सूचकाङ्कका साथ १३८ औं स्थानमा रहेको छ । यो स्थान दक्षिण एशियाको छैटौं स्थान हो । नेपालको औसत आयुमा महिलाको औसत आयु ६४.५ वर्ष, पुरुषको औसत आयु ६३.६ वर्ष र समग्र औसत आयु ६४.१ वर्ष रहेको छ । नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २००६ अनुसार कूल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्षभन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रतिहजार र ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभाग, थापाथलीले हालै सम्पन्न गरेको नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो) २०११ का अनुसार नेपालीको जीवनस्तर २००३/००४ को तुलनामा केही बृद्धि भएको देखिएको छ ।

स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं. २०६६ सालमा कूल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ जसमा २,४६,३६६ (४६.८६%) बालिका र २,७६,३४६ (५३.१४%) बालक रहेका थिए ।

**बालअधिकारका सिद्धान्तहरू**

यस वर्ष जिल्लागतरुपमा प्राप्त सूचनाका आधारमा जम्मा २३ वटा भेदभावका घटनाहरू प्रकाशमा आएकोमा २७ जना बालबालिका पीडित भएको देखिएको छ । जसमध्ये २१ जना बालिका र ६ जना बालकहरू रहेको देखिन्छ । यो तथ्यलाई दृष्टिगत गर्दा बालकहरूभन्दा बालिकाहरू बढी भेदभावको शिकार भएको देखिएको छ । जसमध्ये  न्यायिक निकायमा जम्मा १७ वटा भेदभावविरुद्धका घटनाहरुमा १५ जना बालिका र ६ जना बालक गरी जम्मा २१ जना बालबालिकाविरुद्धका भेदभावका घटना रहेका छन् ।

केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला/गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था/निकाय र समुदायहरूसँग सहकार्य गर्दै २२ जिल्लाका २१ वटा गा.वि.स. तथा एउटा नगरपालिकालाई विभिन्न चरणमा गरी योजनावद्ध रूपमा तय भएका सूचकहरूका आधारमा बालमैत्री गाउँविकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ ।

स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला बालकल्याण समिति तथा अन्य साझेदार संस्थाहरूसँगको सहकार्यमा पाँचथर, सुनसरी, सप्तरी, उदयपुर, काभ्रेपलाञ्चोक, तनहूँ, कास्की, दाङ, जुम्ला, डडेलधुरा, नवलपरासी, कपिलवस्तु, रुकुम, डोल्पा, मुगु, अछाम, बाजुरा, बझाङ, मोरङ जिल्लाहरु र विराटनगर उपमहानगरपालिका, घोराही, तुलसीपुर र नेपालगञ्ज नगरपालिकाहरुले बालमैत्री शासनको अवधारणालाई अगाडि बढाएका छन्

जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति र गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन गरिएका सम्पूर्ण जिल्ला तथा गाउँ/नगरहरूमा कम्तीमा एकजना बालक र एकजना बालिकाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । जसअनुसार मुलुकका विभिन्न १५७६ वटा संरचनाहरुमा ७५० जना बालबालिकको सहभागिता रहेको पाइएको छ ।

## नागरिक अधिकार र स्वतन्त्रता

केन्द्रीय बालकल्याण समितिले हालै गरेको बालक्लब सर्वेक्षणअनुसार नेपालमा बालक्लब, बालसमूह, बालमञ्च, बालसञ्जाल आदि नामले पुकारिने बालबालिकाको नेतृत्व गरेका यस्ता संस्थाहरू मुलुकका ५२ जिल्लामा १३,२६१ को सङ्ख्यामा रहेको छ र यसमा १,५८६५३ जना बालक र १,८०,७६३ जना बालिका गरी जम्मा ३,३६,४४६ जना बालबालिका आवद्ध भएको पाइएको छ ।

जसमध्ये ३,३६,४४६ जना बालबालिकामध्ये १,०२,११७ जना आदिबासी/जनजाति समुदायका, ७७,१३४ जना ब्राम्हण क्षेत्री समुदायका, ४७,८१४ जना दलित समुदायका, २३,०३० जना मधेसी समुदायका, ५०३६ जना मुस्लिम समुदायका र ८४,३१२ जना अन्य समुदायका बालबालिकाको सहभागिता रहेको पाइएको छ । यसैगरी बालक्लबमा २,३७५ जना अपाङ्गता भएका बालबालिकाको सहभागिता रहेको पाइएको छ ।

जिल्लागतरुपमा प्राप्त विवरणअनुसार गएको वर्ष यातना तथा दण्ड सजायँको १५७ वटा घटनाहरू प्रकाशमा आएको देखिएको छ भने यस्ता घटनाहरूमध्ये न्यायिक तथा अर्द्धन्यायिक निकायहरूमा ८३ वटा घटनाहरू उजुरीमा गएको र ६३ वटा घटनाहरूमात्र न्यायिक निरूपणका लागि अदालतसम्म पुगेको देखिन्छ । यस्ता घटनाहरूमा जम्मा १३१ जना बालबालिका पीडित भएकोमा ७७ जना बालिकाहरू र ५४ जना बालकहरू पीडित भएको देखिएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगका अनुसार सन् २०१० मा बालअधिकार हनन्सम्बन्धी जम्मा २४ वटा उजुरीहरू परेका थिए । उक्त अवधिमा आयोगले २४ वटा अन्य उजुरीहरुमाथि छानबीन गरी न्यायिक निर्णय तथा सिफारिसहरु गरेको पाइएको छ ।

मानवअधिकारवादी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक (२०११) अनुसार २०१० मा मुलुकमा जम्मा ३२३ वटा घटनाहरूमा ५२६ जना बालबालिका पीडित भएको देखिएको छ ।

बाल हेल्पलाइन १०९८ को सचिवालय, केन्द्रीय बालकल्याण समितिमा प्राप्त प्रतिवेदनअनुसार बालबालिकाको आपत्कालिन उद्धार, राहत तथा परामर्श सेवाको निम्ति मुलुकका १३ जिल्लाहरूमा बालहेल्पलाइन १० ९८ सञ्चालनमा आइरहेका छन् । यस्ता बालहेल्पलाइनहरुले गएको आ.व.मा ७८६ जना बालिका, ९५१ जना बालक र नखुलेका ३ जना बालबालिका गरी जम्मा १७४० जनाबालबालिकालाई सेवा पुर्‍याएका पाइएको छ ।

## पारिवारिक वातावरण र वैकल्पिक स्याहार

राष्ट्रिय जनगणना २०५८ का अनुसार नेपालमा १६ वर्षमुनिका बालबालिकामध्ये ८७.६४% बालबालिका बाबुआमा वा अभिभावकको संयुक्त संरक्षकत्वमा नै रहेका देखिन्छन् भने आमासँग ५.५४% र बाबुसँग १.२०% बालबालिका रहेका पाइन्छन् ।

जिल्लागत तथ्याङ्कअनुसार मुलुकमा जम्मा २१४३६ जना बालबालिकाहरु परिवारविहीन बालबालिकाका रुपमा रहेको पाइएको छ । जसमध्ये १४,०७१ जना पारिवारिक संरक्षणविहीन, २,३११ जना परिवारमा वयस्क नभई बालबालिकामात्र भएका र ५,०५४ जना आफन्तको संरक्षणमा रहेका बालबालिका भएको देखिएको छ ।

बालबालिका खोजतलास केन्द्र भृकुटीमण्डपको वार्षिक प्रतिवेदन, २०६८ अनुसार गत आ.व. २०६७/०६८ मा १,२२८ जना बालक र १,२०३ जना बालिका गरी जम्मा २,४३१ जना बालबालिका हराएकोमा ७७७ जना बालक र ५६७ जना बालिका गरी जम्मा १,३४४ जनामात्रै बालबालिका फेला परेको अभिलेख छ । जसमध्ये १ जना बालक र १ जना बालिका गरी जम्मा २ जना बालबालिका मृत अवस्थामा फेला परेका थिए । त्यसैगरी ४५१ जना बालक र ६३६ जना बालिका गरी जम्मा १,०८७ जना बालबालिका फेला पर्न बाँकी रहेको पाइएको छ ।

के.बा.क.स.को अभिलेखअनुसार ३८ जिल्लामा सञ्चालित ६०२ वटा बालगृहहरूमा बालिका ६,६४७ र बालक ८,४४८ गरी कूल १५,०६५ जना बालबालिका संरक्षित छन् ।

वि.सं. २०५० साल वैशाखदेखि वि.सं. २०६५ साल साउनसम्म धर्मपुत्र, धर्मपुत्री भएर विदेश जाने बालबालिकाको सङ्ख्या २,२३४ जना रहेको छ । नेपालबाट गएको २ वर्ष अगाडि विदेशमा धर्मपुत्र/धर्मपुत्री पठाउने व्यवस्था केही समयका लागि रोकिएको थियो तर पछि २००६ को जनवरीबाट सुचारु गरेपश्चात् थप २२४ जना बालिका र १२० जना बालक गरी जम्मा ३४४ जना बालबालिका विदेशमा धर्मपुत्र, धर्मपुत्रीका रूपमा गएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले जनाएको छ ।

नेपालमा शरणार्थीहरूको समस्या निकै चर्को रूपमा देखिएको छ । नेपालमा १३ वटा देशका शरणार्थी रहेको भनिन्छ तर तिब्बती शरणार्थी र भुटानी शरणार्थीहरूको सङ्ख्या ठूलो छ ।

नेपालमा भुटानबाट आई शरण लिई बसेका वयस्क शरणार्थीहरू ४३,०३८ र बालबालिका २२,१९३ जना गरी जम्मा ६५,२३१ जना रहेको पाइएको छ । यसैगरी यस्ता शरणार्थीलाई तेस्रो देशमा पुनर्स्थापना गराउने कार्यक्रमअनुसार हालसम्म विभिन्न मुलुकमा गरी जम्मा ३०,१४४ जना शरणार्थीहरु तेस्रो मुलुकमा पुनर्स्थापना भई गएको तथ्याङ्क छ भने विद्यालय जाने बालबालिकाको सङ्ख्या १७,६०६ जना रहेको छ । जसमा

६,०७२ जना बालिका र ८,८३४ जना बालक छन् । तिब्बती शरणार्थी कल्याण कार्यालय, काठमाडौंका अनुसार १२,६६५ जना तिब्बती शरणार्थी रहेका छन् भने सोमध्ये २,३६२ जना बालबालिका र १०,३०३ जना वयष्कहरू रहेको देखिएको छ । जसमध्ये बालिकाको सङ्ख्या १,१४६ जना र बालकको सङ्ख्या १,२१६ जना रहेको देखिएको छ ।

**आधारभूत स्वास्थ्य र कल्याण**

स्वास्थ्य सेवा विभागका अनुसार आ.व. २०६६/०६७ माभिटामिन 'ए' को क्याप्सुल वितरण कार्यक्रममा २६,४६,६६७ जना बालबालिका र आइरन चक्की वितरण कार्यक्रममा ६,६७,१०२ जना गर्भवती महिलाहरुले सेवा प्राप्त गरेको देखिएको छ ।

आर्थिक सर्वेक्षण, २०६७/६८ का अनुसार गत आ.व.मा १५ वर्ष मुनिका ५८० जना मुटुको समस्या भएका बालबालिकाको निःशुल्क सल्यक्रिया सहितको उपचार गरिएको थियो ।

गत आ.व. २०६७/६८ मा कास्की जिल्लाका सबै ४३ गाविस, १ नगरपालिका र १ उपमहानगरपालिका गरी जिल्ला नै र अन्य विभिन्न ३१ जिल्लाका १८५ वटा गा.वि.स./न.पा.हरू खुला दिसामुक्त क्षेत्रका रूपमा घोषणा भएका भएका छन् ।

गत आर्थिक वर्षमा स्वास्थ्यजन्य प्रकोप तथा प्राकृतिक प्रकोपका कारण धेरै जना वयष्क र बालबालिका प्रभावित भएको पाइएको छ । यस अवधिमा मुलुकका विभिन्न स्थानमा फैलिएका महामारीमध्ये झाडापखालाका कारण जम्मा ५४ जना, डेङ्ग्युका कारण ५ जना, हैजाका कारणबाट ८ जना, भाइरल इन्फ्ल्यन्जाका कारणबाट ६ जना, भाइरल जरोका कारण ६ जना र खाद्य विषका कारण ४ जना व्यक्तिहरुको मृत्यु भएको पाइएको छ भने प्राकृतिक प्रकोपमा परी ९१ जनाको ज्यान गएको पाइएको छ ।

जिल्लागतरुपमा प्राप्त विवरणअनुसार जम्मा ४७,३१४ जना अपाङ्गता भएका बालबालिका रहेको देखिएको छ । जसमध्ये जम्मा १८,९४६ जना अर्थात् ४०.०१% बालबालिकाले मात्र अपाङ्गताको परिचय पत्र लिएको देखिन्छ । ४३.६% बालिकाहरूले र ५६.४% बालकहरूले परिचयपत्र लिएको देखिन्छ । परिचयपत्र लिएका अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको किसिमलाई हेर्दा ४५.० % शारीरिक अपाङ्गता, ८.२% दृष्टिविहीन र न्यून दृष्टिविहीन, ८.६% सुस्त श्रवण र बहिरा, ४.१% स्वर र बोलाइसम्बन्धी अपाङ्गता, ८.८% मानसिक अपाङ्गता र बौद्धिक अपाङ्गता, १८.० % बहुअपाङ्गता र ७.३% नखुलेका अपाङ्गता भएका बालबालिका रहेका छन् ।

## शिक्षा, फुर्सद, मनोरञ्जन र साँस्कृतिक क्रियाकलाप

शिक्षा मन्त्रालयले सहिद प्रतिष्ठान नेपालमार्फत् ५ वटै विकास क्षेत्रमा सहिद परिवारका बालबालिकाका लागि आवाशीय विद्यालय सञ्चालन गर्ने अनुमति प्रदान गरी कार्य सुरु गरेको छ । यस्ता विद्यालयहरुमा १,०५८ जना बालबालिका अध्ययनरत छन् ।

शिक्षा विभाग, सानोठिमी भक्तपुरद्वारा प्रकाशित फ्ल्यास १ प्रतिवेदन, २०६७ का अनुसार मुलुकभर ३१,०८९ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् । जसमध्ये २६,७७३ सामुदायिक र ४,३१६ संस्थागत रहेका छन् । देशका कूल ३३,१६० विद्यालयमध्ये प्राथमिक तह (१-५) मात्र सञ्चालन हुने विद्यालयको सङ्ख्या ३२,६८५, निम्नमाध्यमिक तह (१-८) सम्म सञ्चालन हुने विद्यालयको सङ्ख्या ११,६३६, माध्यमिक तह (१-१० सम्म वा ६-१० मात्र) सञ्चालन हुने विद्यालयको सङ्ख्या ७,२६६, उच्च माध्यमिक तह (१-१२ सम्म वा ६-१२ सम्म वा ११-१२ मात्र) सञ्चालन हुने विद्यालयको सङ्ख्या २,५६४ रहेका छन् । मदरसा, गुम्बा/विहार र गुरुकुल/आश्रम गरी जम्मा ७६६ वटा धार्मिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । कुल विद्यार्थी सङ्ख्या ७७,८२,२१६ जनामध्ये प्राथमिक तहमा ४६,५१,६५६ जना, निम्नमाध्यमिक तहमा १६,६६,६२७ जना, माध्यमिक तहमा ८,११,६१० जना र उच्चमाध्यमिक तहमा ३,१८,४२६ जना रहेका छन् । जसमध्ये ५०.११% बालिकाहरू र ४९.८९% बालकहरू रहेका छन् ।

कुल विद्यार्थीहरूमध्ये प्राथमिक तहमा ०.७८%, निम्नमाध्यमिक तहमा ०.२२%, माध्यमिक तहमा ०.०६% र उच्चमाध्यमिक तहमा ०.०२% विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका अध्ययन गर्दछन् । प्राथमिक तहमा १३६.८%, निम्नमाध्यमिक तहमा ९४.५%, माध्यमिक तहमा ६६.३% र उच्चमाध्यमिक तहमा २६.० % कुल भर्नादर रहेको छ । प्राथमिक तहमा ९४.५%, निम्नमाध्यमिक तहमा ६९.३%, माध्यमिक तहमा ४६.५% र उच्चमाध्यमिक तहमा ७.८% खुद भर्नादर रहेको छ । विद्यालय छाड्ने दर प्राथमिक तहमा ६.०%, निम्नमाध्यमिक तहमा ६.४% र माध्यमिक तहमा ८.७% रहेको छ । नेपालमा पाँच वर्षमाथिको साक्षरता दर ६३.२% रहेको छ ।

पाठ्क्रम विकास केन्द्र सानोठिमीले विभिन्न २० वटा मातृभाषामा पाठ्यक्रम तयार पारेको छ । त्यस्तै १४ वटा मातृभाषा (**मैथिली**, **भोजपुरी**, **अवधी**, **लिम्बू**, **थारु**, **गुरुङ**, **मगर**, **नेवार**/**नेपाल भाषा**, **डोटेली**, **थकाली**, **चाम्लिङ**, **शेर्पा**, **बान्तवा राई**, **उर्दू र संस्कृत**) मा बालसन्दर्भ सामग्रीका रूपमा कथा, जीवनी र संस्कति विधाका पुस्तकहरू तयार गरिएको छ । विभिन्न १२ भाषामा कक्षा १ का गणित, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका पाठ्यपुस्तक अनुवाद गरी प्रकाशनको लागि तयार पारेको छ । त्यसैगरी बहुभाषिक शैक्षिक कार्यक्रमअन्तर्गत विभिन्न ८ भाषाहरूका मातृभाषा विकास गरिएको छ ।

गुम्बा शिक्षाको लागि १-५ कक्षाको पाठ्यक्रम विकास गरिनुका साथै पाठ्यक्रम अनुकुलन गरी भोट भाषाको पाठ्यपुस्तक विकास गरिएको छ र कक्षा ९ र १० का ऐच्छिक विषयका मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन गरिएको छ । मदरसा शिक्षाको कक्षा १-५ सम्मको परीक्षणको रूपमा पाठ्यक्रम विकास गरिएको छ । गुरुकुल शिक्षाको लागि १-५ कक्षाको पाठ्यक्रम विकास गरिनुका अलावा कक्षा १ र २ का लागि विद्यमान पाठ्यपुस्तकलाई अनुकुलन गरी संस्कृत रचना, गुरुकुल नेपाली र गुरुकुल सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको पाठ्यपुस्तक विकास गरिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले २००८ मा गरेको श्रमशक्ति सर्वेक्षणअनुसार नेपालका ५ वर्षमाथिको महिलाको साक्षरता दर ५३.१ प्रतिशत र पुरुषको साक्षरता दर ७४.७ छ, त्यसै गरी कुल साक्षरता दर ६३.२ प्रतिशत रहेको छ ।

विभिन्न जिल्लाबाट विवरणका अनुसार नेपालका १८ वटा बालक्लबस्तरीय, ४७ वटा सामुदायिक, १,४६४ वटा विद्यालयस्तरीय र २२ वटा अन्य प्रकारका गरी जम्मा १,५५१ वटा पुस्तकालय रहेका छन् भने प्राप्त विवरणअनुसार विभिन्न जिल्लाहरूमा बालबालिकाका लागि लक्षित गरिएका मनोरञ्जनस्थलहरू ४७ वटा रहेको देखिएको छ ।

**विशेष संरक्षणका उपायहरू**

विश्व स्वास्थ्य सङ्गठन र यूएन् एड्सको २००७ को प्रतिवेदनअनुसार विश्वभर एच.आइ.भी. सङ्क्रमणबाट पीडित व्यक्तिहरूको जनसङ्ख्या ३३.२ मिलियन रहेको अनुमान गरिएको छ । यसैगरी विश्वभर ३०.८ मिलियन वयस्क पुरुषहरू, १५.४ वयस्क महिलाहरू र २.५ मिलियन बालबालिका (१५ वर्षमुनिका) **एच्.आइ.भी**. सङ्क्रमणको पीडामा छन् । साथै, विश्वभर वर्षेनी १.७ मिलियन वयस्क र ३,३०,००० जना १५ वर्षमुनिका बालबालिकाको मृत्युको कारण एड्स बन्ने गरेको अनुमान छ ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, (२००७) का अनुसार नेपालमा हाल ६९,७९० जना व्यक्तिहरू **एच्.आइ.भी. र एड्स**को समस्यामा परेको अनुमान गरिएको छ । तीमध्ये १५ वर्षमुनिका १,८५७ जना बालबालिका र बाँकी ६७,९३३ जना वयस्कहरू रहेका छन् ।

केन्द्रका अनुसार (२०६७, फागुनसम्ममा) १७,५५६ जना एच्.आइ.भी. सङ्क्रमितहरू रहेका छन् । जसमध्ये ११,३६५ जना पुरुषहरू र ६,१९१ जना महिलाहरू रहेका छन् भने १५ वर्षमुनिका ६९१ जना बालक र ४५५ जना बालिका गरी जम्मा १,१४६ जना बालबालिका सङ्क्रमित रहेका छन् ।

नेपालमा एच्.आइ.भी र एड्स उपचारको लागि २६ स्थानमा ART सेवा केन्द्र र १० स्थानमा ART सेवा उपकेन्द्र तथा २०५ स्थानमा परामर्श तथा परीक्षण केन्द्रको स्थापना गरिएको छ भने सङ्क्रमित गर्भवती आमाहरूलाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउनका लागि मुलुकका २१ स्थानमा PMTCT केन्द्रहरू रहेका छन् ।

जिल्लागतरूपमा प्राप्त विवरणअनुसार १६,७४७ जना बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । प्राप्त विस्तृत विवरणअनुसार ८,८०८ जना बालिका र ८,३१६ जना बालक गरी जम्मा १७,१२४ जना बालबालिका श्रममा संलग्न रहेको देखिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले २००९ प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ को तथ्याङ्कअनुसार ५ वर्षदेखि १४ वर्ष उमेर समूहका बालबालिकामध्ये आर्थिक क्रियाकलापमा संलग्न बालबालिका ३३.९% देखिएको छ । त्यसैगरी यो दर सहरी क्षेत्रमा ३६.७% र ग्रामीण क्षेत्रमा १४.४% देखाएको छ । मुक्त कमलरी विकास मञ्च, दाङबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार मुलुकका ६ जिल्लामा जम्मा १२,८०० जना कमलरी रहेको छ । जसमध्ये ११,४६७ जनाको उद्धार भैसकेको छ भने १,३३३ जनाको उद्धार हुन बाँकी रहेको छ । असहाय नानीहरुको साथीहरुका अनुसार यस वर्ष यौन शोषण तथा यातना र बेचविखनमा परेका कर्मचारीहरुको कानूनी उपचारका लागि मुलुकका विभिन्न अदालतहरुमा जम्मा २२ वटा मुद्दा दर्ता गरिएका छन् ।

एस्थर बेन्जामिन्स मेमोरियल फाउण्डेसन नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा प्राप्त निवेदनका आधारमा आ.व. ०६७/०६८ मा १ जना बालक र ६ जना बालिका गरी जम्मा ७ जना बालबालिका सर्कसमा गई उजुरी परेको देखिन्छ । सो संस्थाको पहलमा यस वर्ष ४ जना बालक र ७५ जना बालिका गरी जम्मा ७९ जना सर्कसमा प्रयोग गरिएका बालबालिकालाई भारतबाट उद्धार गरी ल्याई परिवारमा पुनर्स्थापना गरिएको छ ।

सिविस नामक एक गैरसरकारी संस्थाले काठमाडौं उपत्यकामा रहेका २२० जना घरेलु बालश्रमिकसँग गरेको एक अध्ययनअनुसार १० वर्षभन्दा कम उमेरका ४६ जना, ११-१४ वर्षसम्मका ९५ जना, १५-१८ वर्षसम्मका ५० जना र उमेर नखुलेका २९ जना बालबालिका रहेका छन् ।

केन्द्रीय बालकल्याण समिति, ललितपुरले २०६४ मा सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा सञ्जाल सँग मिलेर गरेको एक अध्ययन र २०६५ मा प्रकाशन गरेको प्रतिवेदनअनुसार काठमाडौंमा करिव ८०० जना बालबालिका सडकमा आश्रित रहेको देखाएको छ, जसमा ९५% बालक र ५% बालिका रहेका छन् । जिल्लागत रूपमा प्राप्त विवरणकाअनुसार कूल

२,०४६ जना सडकमा आश्रित बालबालिका रहेको देखिएको छ । प्राप्त विवरणअनुसारसडकमा आश्रित कूल बालबालिकामध्ये ३५२ जना (१७%) बालिका र १,६९४ जना (८३%) बालकहरू रहेको पाइएको छ ।

जिल्लागतरूपमा प्राप्त विवरणअनुसार गएको वर्ष २०६७ मा बालयौन दुर्व्यवहार तथा यौनशोषणका घटनाहरूमध्ये २१७ वटा घटनाहरू प्रकाशमा आएका थिए जसमा २३२ जना बालबालिका पीडित भएको पाइएको छ । पीडित बालबालिकामध्ये २१७ जना बालिका र १५ जना बालक भएको पाइएको छ भने जम्मा १७४ वटा घटनाहरू मात्र न्यायिक उपचारका लागि अदालतसम्म पुगेका थिए । ती मुद्दामध्ये १०१ वटा घटनाहरू विचाराधीन अवस्थामा रहेका छन् भने ७३ वटा मुद्दाहरू फैसला भैसकेका छन् । अदालतमा मुद्दा दायर गरिएका यस्ता घटनाहरूमा १६६ जना बालबालिका पीडित भएको विवरण छ । जसमध्ये १६० जना बालिकाहरू र ६ जना बालकहरू पीडित रहेको देखिएको छ ।

महिला, बालबालिका तथा समजकल्याण मन्त्रालयले २०६५ मा प्रकाशित गरेको क्याबिन, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार उपत्यकाका भएका करिव १२,००० क्याविन, दोहोरी साँझ, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरहरूमा ५०,००० जना कामदारहरूमा १२ देखि १८ वर्ष उमेरका बालिकाहरूको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ ।

जिल्लागतरूपमा प्राप्त विवरणअनुसार आपतकालीन राहत कोषबाट सशस्त्र द्वन्द्व तथा अन्य किसिमका विपत्तिबाट प्रभावित ३,७५२ जना बालिका र ४,१५४ जना बालक गरी ७,६०६ जना बालबालिकालाई तत्काल राहत उपलब्ध गराइएको थियो ।

जिल्लागतरुपमा प्राप्त विवरणअनुसार नेपालका विभिन्न अदालतहरूमा बालविज्याईंसम्बन्धी घटनाका मुद्दाहरू दर्ता भएका छन् । गएको वर्ष २०६७ सालमा ८३ जना बालबालिकाको विज्याईंसम्बन्धी घटनाहरू अदालतमा पुगेको देखिन्छ, जसमा ७३ जना बालकहरू र १० जना बालिकाहरू संलग्न रहेको देखिएको छ । ४६ जना बालबालिकाको मुद्दाहरू अदालतमा चलिरहेका छन् । फैसला भएका ३४ मुद्दाहरु (जसमध्ये ५ वटा बालिका र २६ वटा बालकहरूसँग सम्बन्धित) सबै बालबालिकाको विपक्षमा फैसला भई कैद तोकिएका छन् । जसअनुसार बालबालिकासम्बन्धी ऐनको दफा १५ को प्रतिकूल हुनेगरी ८३ जना बालबालिका उमेर पुगेका कैदी/बन्दीसँगै कारागारमा रहेका छन् । नेपालका विभिन्न कारागारहरूमा बाबुआमासँग जेलभित्र आश्रित भएका बालबालिकाको सङ्ख्या ६७ रहेको छ, तीमध्ये ३८ जना बालिका र २९ जना बालकहरू भएको विवरण छ ।

बालन्याय समन्वय समितिको सचिवालयले जनाएअनुसार गत आर्थिक वर्ष ०६७/६८ मा मुलुकका विभिन्न जिल्लाका बालइजलासहरूले सम्पादन गरेको बालबालिकासम्बन्धी मुद्दाहरूमा सबैभन्दा बढी अर्थात् २१ वटा जवर्जस्ती करणीसँग सम्बन्धित मुद्दाहरू देखिन्छ भने त्यसपछि १० वटा नकवजनी चोरीसँग सम्बन्धित मुद्दाहरू रहेको देखिन्छ । केन्द्रीय बालकल्याण समिति र बालन्याय समन्वय समितिद्वारा विभिन्न ३२ वटा जिल्लाहरूमा बालन्याय सुदृढीकरण कार्यक्रम कार्यान्वयन गरिएको छ ।

भक्तपुरमा रहेको बालसुधार गृहमा ५० जना बालबालिका राख्ने क्षमता भएता पनि यस वर्ष १२६ जना बालबालिकाको प्रवेश भयो भने ११४ जना फिर्ता भई पारिवारिक पुनर्मिलनमा गए ।

२०६३/६४ मा केन्द्रीय तथ्याङ्क विभागले मुलुकका विभिन्न जिल्ला र सहरमा गरेको सर्वेक्षणको नतिजाअनुसार कडा प्रकारका लागू औषध प्रयोगकर्ताहरूको सङ्ख्या ४६,३०६ रहेको देखाएको छ । लागू औषधको दुर्व्यसनमा १५ वर्षमुनिका बालबालिकाको सङ्ख्या १.२% दुर्व्यसनमा संलग्न रहेको देखिन्छ र १६.७% प्रयोगकर्ताहरू १५ वर्षभन्दा मुनिकै उमेरमा दुर्व्यसनमा लागेको पाइएको छ । नेपाल सरकारद्वारा हालैमात्र सार्वजनिक स्थलमा धूमपान तथा सूर्ती सेवन गर्न तथा १८ वर्षमुनिका बालबालिकालाई सूर्तिजन्य पदार्थ बेचविखन तथा वितरण गर्न नपाउनेसहितको नियम संलग्न गरी सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन, २०६८ जारी गरी लागू गरेको छ ।

**बालअधिकार संरक्षण तथा प्रबर्द्धनका लागि राज्यबाट भए गरिएका प्रयासहरू**

नेपालको अन्तरिम संविधान, २०६३ मा नेपालको संवैधानिक इतिहासमा पहिलो पटक बालबालिकाका हकअधिकारलाई मौलिक हक अन्तर्गत छुट्टै व्यवस्था गरिएको छ । बालअधिकारप्रति सम्मान र प्रतिबद्धता जनाउँदै सरकारले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धि, ऐच्छिक प्रलेख तथा अन्य कानुनहरूमा हस्ताक्षर तथा अनुमोदन गरेको छ र नेपालमा बालअधिकारसम्बन्धी व्यवस्थालाई सुव्यवस्थित गरी कार्यान्वयन गर्नका लागि नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ लगायत विभिन्न राष्ट्रिय कानुनहरु लागू गरिएको छ ।

नेपाल सरकार, केन्द्रीय बालकल्याण समिति तथा अन्य सरोकारवाला मन्त्रालय एवं निकायहरुद्वारा बालबालिकाको अधिकारको प्रबर्द्धन गर्ने उद्देश्यले बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार तथा सहभागिताको अधिकारलाई व्यवस्थित गर्दै मुलुकभर लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको छ । युनिसेफ, सेभ द चिल्ड्रेन इण्टरनेशनल नेपाल, प्लान इण्टरनेशनल नेपाल, वर्ल्ड भिजन इण्टरनेशनल नेपाल टेरे डेज होम्स तथा वर्ल्ड एजुकेसन सँगको साझेदारीमा बालअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि दिगो सरकारी संरचना कार्यक्रम ७५ जिल्लामध्ये ५० जिल्लामा लागू

भई २५ थप जिल्लामा लागू हुने क्रममा छ । मुलुकका ३२ जिल्लामा बालन्याय सुदृढीकरण कार्यक्रम व्यवस्थापिका संसदअन्तर्गतको महिला, बालबालिका तथा समाजकल्याण संसदीय समितिसँगको सहकार्यमा कमलरी पुनर्स्थापना कार्यक्रम, वर्ल्ड एजुकेशन इण्टरनेशनलसँगको साझेदारितामा बालश्रम निवारणसम्बन्धी कार्यक्रम, युनिसेफसँगको साझेदारीमा विभिन्न ४ जिल्लामा एच्.आइ.भी. र एड्स प्रभावित बालबालिकासम्बन्धी कार्यक्रम, विभिन्न ३८ जिल्लामा जिल्लास्तरीयरुपमा बालगृह अनुगमन कार्यक्रम आदिजस्ता अन्य विभिन्न कार्यक्रमहरु लागू गरिएको छ ।

केन्द्रमा केन्द्रीय बालकल्याण समिति र ७५ जिल्लामा जिल्ला बालकल्याण समिति गठन गरिएको छ भने ४६ जिल्लामा जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति १,०५१ वटा गा.वि.स./न.पा.हरूमा गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, केन्द्रमा बालन्याय समन्वय समितिको गठन र बालन्याय सुदृढीकरण कार्यक्रम सञ्चालन भएका सबै ३२ जिल्लामा बालन्याय समन्वय समिति गठन गरिएको छ भने नेपालका ५० जिल्लामा बालअधिकार अधिकृतहरूको नियुक्ति र थप २५ जिल्लामा नियुक्ति प्रक्रियामा रहेको छ ।

हराएका बालबालिकाको खोजतलासको लागि काठमाडौंमा निःशुल्क (टोल फ्री) नं. १०४ को सुविधासहित बालबालिका खोजतलास तथा समन्वय केन्द्रको स्थापना गरिएको छ भने बालअधिकार हनन्का घटनालाई तत्काल संवोधन गरी आवश्यक कार्यबाही गर्नका लागि १३ स्थानमा निःशुल्क फोन सुविधासहितको बाल हेल्पलाइन १०९८ **दश-नौ-आठ** सञ्चालनमा ल्याइएको छ ।

## परिच्छेद-१ राष्ट्र, राष्ट्रियता, नाम तथा पहिचानको अधिकार

१.१) **नेपाल**

विश्व मानचित्रको उत्तरी गोलार्द्धमा रहेको र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पूर्व, दक्षिण र पश्चिममा भारतका विभिन्न प्रदेशहरूले घेरिएको नेपाल एक भूपरिवेष्ठित मुलुक हो ।

२६ डिग्री २२ मिनेट उत्तरी अक्षांसदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांस र ८० डिग्री ०५ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. छ । नेपालले विश्वको कूल भू-भागको ०.०३% र एशियाको कूल भू-भागको ०.३% भू-भाग ओगटेको छ ।

वातावरणीय, भौगोलिक, जैविक, जातीय, साँस्कृतिक र धार्मिक विविधताले भरिपूर्ण नेपाल एक सुन्दर र मनोरम मुलुक हो । समुद्र सतहको ७० मीटरदेखि ८,८४८ मीटरसम्मको उचाइमा रहेको नेपालको पूर्व पश्चिम औसत लम्बाई ८८५ कि.मी. र उत्तर दक्षिण औसत चौडाई १९३ कि.मी. रहेको छ ।

भौगोलिक दृष्टिले हिमाली, पहाडी र तराई/मधेस गरी ३ क्षेत्रमा विभक्त नेपालमा भिन्न प्रकारका प्राकृतिक विविधताहरू रहेका छन् । विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८ मी.) हिमाली प्रदेशमा पर्दछ, नेपालको राजधानी काठमाडौं उपत्यका र पर्यटकीय नगरी पोखरा पहाडी प्रदेशमा पर्दछन् भने शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल लुम्विनी तराई/मधेश प्रदेशमा पर्दछ । हिमाली भेगमा मनोरम उच्च हिमशृङ्खला, हिमताल, हिमनदीहरूका लागि प्रख्यात छन् । पहाडी भेग सुन्दर ताल तलैया, झरनाहरू, उपत्यका, महाभारत पार्वत्य शृङ्खलाका लागि प्रख्यात छ भने तराई/मधेस घना जङ्गल, चारकोषे झाडी र अन्न भण्डारका रूपमा प्रख्यात छ ।

वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिवर्ष रहेको छ । सन् २०११ को प्रक्षेपित जनसङ्ख्याअनुसार महिलाको जनसङ्ख्या १,४२,४१,६३२ र पुरुषको जनसङ्ख्या १,४३,४३,३४३ गरी कूल जम्मा जनसङ्ख्या २,८५,८४,९७५ रहेको छ । यसरी हेर्दा महिला र पुरुषको जनसङ्ख्या लगभग बराबर रहेको देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागको सन् २०१० को तथ्याङ्कअनुसार गतवर्ष नेपालको प्रतिव्यक्ति प्रतिवर्ष औसत आय ५६२ यू.एस्. डलर (ने.रु.४१,८५०/-) रहेको र आर्थिक वृद्धिदर ३.५३% प्रतिवर्ष रहेको छ भने २५.४% नागरिकहरू गरिवीको रेखामुनि रहेको र धनी र गरीवबीचको भिन्नता सूचकाङ्क ०.४६ रहेको देखिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको २०१० को मानवविकास प्रतिवेदनअनुसार विश्वका १६९ मुलुकमध्ये नेपाल ०.४२८ सूचकाङ्कका साथ १३८ औं स्थानमा रहेको छ । यो स्थान दक्षिण एशियाको छैटौं स्थान हो । प्रतिवेदनले दक्षिण एशियाली क्षेत्रमा अफगानिस्तानलााई नेपालभन्दा पछाडि देखाएको छ भने भुटानको स्थितिबारे प्रतिवेदनमा उल्लेख गरिएको छैन ।

नेपालको कोरा जन्मदर २७.७ प्रतिहजार र कोरा मृत्युदर ८.३ प्रतिहजार रहेको छ भने औसत आयुमा महिलाको औसत आयु ६४.५ वर्ष, पुरुषको औसत आयु ६३.६ वर्ष र समग्र औसत आयु ६४.१ वर्ष रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०१०) ।

स्वास्थ्य सेवा विभागले २००६ मा गरेको नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षणअनुसार कूल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्षभन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रतिहजार र ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ ।

**मानवविकास र सोसँग सम्बन्धित सूचकहरू**

तालिका नं. १.१

| क्र.सं. | सूचक | अङ्क वा स्थान | कैफियत |
|---|---|---|---|
| १ | मानवविकास सूचकाङ्क | ०.४२८ | सूचकाङ्क |
| २ | मानवविकासमा नेपाल | १३८ औं | स्थान |
| ३ | औसत आयु (समग्र) | ६४.१ | वर्ष |
| ४ | वयस्क साक्षरता दर | ५६.५ | प्रतिशत |
| ५ | मानवीय गरीबि सूचकाङ्क | ०.३५० | सूचकाङ्क |
| ६ | राष्ट्रिय गरीबिको रेखामुनि रहेको जनसङ्ख्या | ३०.९ | प्रतिशत |
| ७ | लैङ्गिक भिन्नता सूचकाङ्क | ०.७१६ | सूचकाङ्क |
| ८ | लैङ्गिक विकासमा नेपाल | ११० औं | स्थान |
| ९ | बालआश्रय दर | ६६.६ | अनुपात |

स्रोतः मानवविकास प्रतिवेदन, २०१०, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

सार्क राष्ट्रहरुको मानवविकास स्थिति

तालिका नं. १.२

| क्र.सं. | देश | स्थान |
|---|---|---|
| १ | श्रीलङ्का | ९१ |
| २ | मालदिभ्स | १०७ |
| ३ | भारत | ११९ |
| ४ | पाकिस्तान | १२५ |
| ५ | बङ्गलादेश | १२९ |
| ६ | नेपाल | १३८ |
| ७ | अफगानिस्तान | १५५ |
| ८ | भूटान | अप्राप्त |

स्रोतः मानव विकास प्रतिवेदन, २०१०, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

## १.२ **जनसङ्ख्या र नेपालका बालबालिका**

### १.२.१ **नेपालको जनसाङ्ख्यिक स्थिति**

वि.सं. २०५८ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय जनगणनाअनुसार नेपालको कूल जनसङ्ख्या २,३१,५१,४२३ रहेको थियो । जसमध्ये महिलाहरूको सङ्ख्या १,१५,८७,५०२ (५०.१%) र पुरुषको सङ्ख्या १,१५,६३,९२१ (४९.९%) रहेको थियो । त्यसैगरी १४ वर्षभन्दा कम उमेरका बालबलिकाको जनसङ्ख्या ९०,९८,२०० रहेको थियो जुन कूल जनसङ्ख्याको ३९.३०% हुन आउँछ । जसमध्ये बालिकाको सङ्ख्या ४४,६०,२०१ रहेको र बालकको सङ्ख्या ४६,३८,००० रहेको थियो । यसरी हेर्दा बालक र बालिकाकोबीचको भिन्नता ०.७६% को अनुपातमा रहेको थियो । चालु वर्ष (वि. सं. २०६८) मा केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको राष्ट्रिय जनगणना को विस्तृत विवरण आउन भने बाँकी रहेकोले यस तथ्याङ्कमा पछिल्लो विवरण समावेश गर्न सकिएको छैन । केन्द्रीय तथ्याङ्क विभागको वेबसाइटमा उल्लेख गरिएअनुसार यस वर्षको कूल जनसङ्ख्या २,८५,८४,९७५ रहेको छ ।

त्यसैगरी तत्कालीन जनसङ्ख्या तथा वातावरण मन्त्रालयले सन् २००३ मा निकालेको प्रक्षेपित तथ्याङ्कअनुसार सन् २०११ मा नेपालको कूल जनसङ्ख्या २,८५,८४,६७५ रहेको छ । जसमध्ये महिलाको जनसङ्ख्या १,४२,४१,६३२ (४९.८२%) रहेको र पुरुषको जनसङ्ख्या १,४३,४३,३४३ (५०.१८%) रहेको देखिएको छ । सन् २०११ को प्रक्षेपित तथ्याङ्कअनुसार १४ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या १,०१,६८,५०० रहेको देखिएको छ । जुन कूल जनसङ्ख्याको ३५.५७% हो । जसमध्ये बालिकाको जनसङ्ख्या ४९,३७,०९३ र बालकको जनसङ्ख्या ५१,३१,४०६ रहेको देखिएको छ ।

**नेपालको जनसाङ्ख्यिक स्थिति**

तालिका नं. १.३

| उमेर समूह | सन् २००१ को जनसङ्ख्या | | | | सन् २०११ को प्रक्षेपित जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत | महिला | पुरुष | जम्मा | प्रतिशत |
| जन्मदेखि १४ वर्ष | ४४,६०,२०० | ४६,३८,००० | ९०,९८,२०० | ३९.३ | ४९३७०९४ | ५२३१४०६ | १०१६८५०० | ३५.५७ |
| १५ वर्षदेखि माथि | ७१,२७,३०२ | ६९,२५,९२१ | १,४०,५३,२२३ | ६०.७ | ९३०४५३८ | ९१११९३७ | १८४१६४७५ | ६४.४३ |
| जम्मा | १,१५,८७,५०२ | १,१५,६३,९२१ | २,३१,५१,४२३ | १०० | १४२४१६३२ | १४३४३३४३ | २८५८४९७५ | १०० |
| प्रतिशत | ५०.१ | ४९.९ | १०० | | ४९.८२ | ५०.१८ | १०० | |

स्रोतः राष्ट्रिय जनगणना, २००१, केन्द्रीय तथ्याङ्क विभाग तथा Population Projection 2003, MoPE

चित्र १.३



### १.३) **नेपालीको जीवनस्तर मापन**

केन्द्रीय तथ्याङ्क विभाग, थापाथलीले हालै सम्पन्न गरेको नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो) २०११ का अनुसार प्राप्त केही महत्वपूर्ण तथ्यहरुलाई यहाँ संलग्न गरिएको छ ।

**नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो), २०११ का केही तथ्यहरु**

तालिका १.४ (क)

| विवरण | एकाई | २०१०/२०११ | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| उमेरअनुसार उचाई नबढेको | प्रतिशत | ४०.१ | ३०.० | ४१.५ |
| उमेरअनुसार शारीरिक वृद्धि र विकास नभएको | प्रतिशत | १४.१ | १३.३ | १३.७ |
| उमेरअनुसार कम तौलका बालबालिका | प्रतिशत | २९.६ | ३२.७ | ३१.१ |
| स्तनपान गर्ने बालबालिका | औसत महिना | १६.८ | १६.६ | १६.७ |
| पूरक खाना खान सुरु गरेको उमेर | उमेर (महिनामा) | ७.० | ७.० | ७.० |
| ६ महिनासम्म स्तनपान गर्ने बालबालिका | प्रतिशत | ७५.९ | ७५.३ | ७५.६ |
| साक्षरता दर (६ वर्षभन्दा माथि) | प्रतिशत | ६०.९ | ७२.२ | ५१.४ |
| साक्षरता दर (१५ वर्षभन्दा माथि) | प्रतिशत | ५६.५ | ७१.६ | ४४.५ |

स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो), २०११ के.त.वि.

तालिका १.४ (ख)

| **विवरण** | **दोस्रो** (०३/०४) | **तेस्रो** (१०/११) |
|---|---|---|
| आधा घण्टाको दूरीमा विद्यालयको पहुँच | ६१.४ प्रतिशत | ६४.७ प्रतिशत |
| आधा घण्टाको दूरीमा स्वास्थ्य केन्द्रको पहुँच | ६१.८ प्रतिशत | ७३.८ प्रतिशत |
| पूर्णरुपमा खोप लगाएका | ५६.४ प्रतिशत | ६४.१ प्रतिशत |
| आंशिकरुपमा खोप लगाएका | ३३.२ प्रतिशत | ३३.१ प्रतिशत |
| खोपको सुविधा नपाएका | ७.४ प्रतिशत | २.८ प्रतिशत |
| अपाङ्गता भएका व्यक्तिहरु | | ३.६ प्रतिशत |
| खुद भर्नादर | ७२ प्रतिशत | ७८ प्रतिशत |

स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो), २०११ के.त.वि.

## १.४) **जन्मदर्ता**

जन्म मानवजीवनको प्रारम्भिक घटना हो । प्रत्येक बालकलाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार छ । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९, नेपालको अन्तरिम संविधान, २०६३ र बालबालिकासम्बन्धी ऐन, २०४८ ले सुनिश्चित गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले १) जिउँदो जन्म, २) मृत्यु, ३) मृतरूपमा जन्मेको शिशु, ४) विबाह, ५) सम्बन्ध विच्छेद, ६) धर्मपुत्र/पुत्री ग्रहण, ७) वैधता ८) अवैध किसिमले जन्मेको बालकको कानुनी रूपमा (स्वेच्छाले वा वाध्यता) बाबुआमाको मान्यता प्रदान गर्नु, ९) छुट्टभिन्न भै बसेका पति पत्नी, १०) सँगै बसेका युवा युवतीको बीचमा विबाह नभएकोमा कानुनी रूपमा प्रमाणित गर्नेजस्ता घटनारुलाई व्यक्तिगत घटना भनी परिभाषित गरेको छ । नेपालको व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३ ले १) जन्म, २) मृत्यु, ३) विबाह, ४) बसाईं सराईं, ५) सम्बन्ध विच्छेदलाई व्यक्तिगत घटना भनी परिभाषित गरेको छ ।

कुनै पनि मुलुकमा प्रत्येक वर्ष व्यक्तिगत घटना दर्ता अभिलेखअनुसार जनसङ्ख्याको नियमित र अद्यावधिक गर्ने गरिन्छ तर नेपालमा पञ्जीकरण व्यवस्था व्यवस्थित नभएका कारण त्यसो हुन सकेको छैन । नेपालमा कुनै पनि व्यक्तिगत घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गएर दर्ता गराउनुपर्छ । यसका लागि नेपालमा प्रत्येक गा.वि.स. र न.पा.लाई स्थानीय पञ्जिकाधिकारीको कार्यालय र गा.वि.स. सचिवलाई र न.पा.का हकमा न.पा.का राजपत्र अनङ्कित द्वितीय श्रेणीका १ जना कर्मचारीलाई स्थानीय पञ्जिकाधिकारी भनी तोकिएको छ । यसैगरी प्रत्येक जि.वि.स.लाई जिल्ला पञ्जिकाधिकारीको कार्यालय भनी तोकिएको छ तर जि.वि.स.मा पञ्जीकरणको काम भने हुँदैन यहाँ स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट आएको अभिलेखलाई सङ्कलन र अद्यावधि गर्ने कार्य हुन्छ । नेपालमा व्यक्तिगत घटना दर्ता गर्ने कार्य २०३४ साल बैशाख १ गतेबाट १० जिल्लाबाट सुरु गरिएको थियो भने २०४७ साल वैशाख १ गतेदेखि ७५ वटै जिल्लामा लागू गरिएको हो । नेपालमा रहेका विदेशी नागरिकबाट अस्पतालमा जन्म भएका बालबालिकाको सम्बन्धित अस्पतालका चिकित्सकको सिफारिस तथा घरमा जन्म भएका बालबालिकाको सम्बन्धित देशका राजदूताबास वा नियोगको सिफारिसको आधारमा दर्ता गरी प्रमाणपत्र दिने र सम्बन्धित देशको नाम उल्लेख गर्ने गरिन्छ । र नेपालमा रहेका शरणार्थी परिवारका बालबालिकाको हकमा सम्बन्धित गा.वि.स. तथा नगरपालिकाहरूमा जन्मदर्ता गर्ने प्रावधान रहेको छ । गैर नेपाली नागरिकका बालबालिकाको जन्मदर्ता तथ्याङ्कीय प्रयोजनका लागि मात्र हुने स्पष्ट व्यवस्था छ ।

### १.४.१ नेपालका बालबालिकाको जन्मदर्ताको स्थिति

देशका सबै ७५ जिल्लाको जन्मदर्ता विवरणका आधारमा २०६६ सालमा कूल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ जसमा २,४६,३६६ (४६.८६%) बालिका र २,७६,३४६ (५३.१४%) बालक रहेका थिए । यस तथ्यले बालकको जन्मदर्ता दरभन्दा बालिकाको जन्मदर्ता दर कम हुनुले बालिकाको जन्मदर्ता गराउनका लागि अभिभावकको सकृयता र तदारुकतामा कमी भएको देखिउँछ ।

| |
|---|
| आर्थिक सर्वेक्षण, २०६७/०६८ का अनुसार आ.व.२०६७/६८ को प्रथम आठ महिनामा १,२३,७८३ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ । |

**नेपालमा भएको जन्मदर्ताको स्थिति** (**२०६६ सालमा जन्मदर्ता बढी भएका १० जिल्लाहरू**)

तालिका नं. १.५

| क्र.सं. | जिल्ला | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| १ | सिराहा | १३,०४३ | १५,४३४ | २८,४७७ |
| २ | मोरङ | १२,००३ | १३,६६९ | २५,६७२ |
| ३ | झापा | ११,७५६ | १३,२५० | २५,००६ |
| ४ | रौतहट | ११,०४४ | १२,०८० | २३,१२४ |
| ५ | सुनसरी | ९,८४८ | ११,९७४ | २१,८२२ |
| ६ | काठमाण्डौं | ९,०९७ | १०,२६४ | १९,३६१ |
| ७ | रुपन्देही | ७,८४९ | ९,१५६ | १७,००५ |
| ८ | बारा | ६,८८३ | ७,९२८ | १४,८११ |
| ९ | कपिलवस्तु | ७,९२५ | ६,८१७ | १४,७४२ |
| १० | नवलपरासी | ६,८८२ | ७,६८० | १४,५६२ |
| | **जम्मा** | २,४६,३६९ | २,७९,३४६ | ५,२५,७१५ |

स्रोतः स्थानीय विकास मन्त्रालय, २०६७

चित्र १.६




जिल्ला जिल्लामा बालबालिकाको जन्मदर्ता गर्नको लागि बालबालिकाका क्षेत्रमा क्रियाशील संस्था तथा बालक्लबहरूले गा.वि.स./न.पा. र जि.वि.स.सँग समन्वय गरेर अभियान सञ्चालन गरेको पाइएको छ । जसमध्ये प्रचारप्रसार, गोष्ठी, अभिभावक सचेतना कार्यक्रम, पुरस्कार, सम्मान र निःशुल्क जन्मदर्तालगायतका जन्मदर्तासम्बन्धी कार्यक्रम मुख्य रहेका पाइन्छन् । यसरी अभियानका रूपमा जन्मदर्ता कार्यक्रम सञ्चालन गरिएका कारण जन्मदर्ता गर्ने बालबालिकाको सङ्ख्यामा वृद्धि हुँदै गए पनि आशातीत उपलब्धि भएको पाइँदैन । नेपालमा जन्मदर्ता गर्ने प्रचलन र प्रवृत्तिमा आशातीतरूपमा सञ्चालन नहुनुमा स्थानीय निकाय जनप्रतिनिधिविहीन हुनु, अधिकांश गा.वि.स. सचिवहरू (पञ्जिकाधिकारी) गा.वि.स.मा नबस्नु, जन्मदर्ता गर्ने पञ्जिकाधिकारीको कार्यालय टाढा हुनु, अभिभावकहरूमा चेतनाको कमी हुनु, प्रचारप्रसारको कमी हुनु, दर्ता प्रक्रिया झञ्झटिलो हुनु, विद्यालय भर्ना तथा नागरिकता प्राप्तिको लागि जन्मदर्ता प्रमाणपत्रको अनिवार्यता नहुनु आदिजस्ता कारणहरू रहेका पाइन्छन् ।

# परिच्छेद-२ बालअधिकारका सिद्धान्तहरू

संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को क) धारा २ को भेदभावरहितता, ख) धारा ३ को बालबालिकाको उच्चतम हित, ग) धारा ६ को दीर्घजीवन र विकास, र घ) धारा १२ को बालबालिकाको विचार र भावनाको अभिव्यक्ति र त्यसको कदरलाई समग्र महासन्धिमा व्यवस्था भएको अधिकारका सन्दर्भमा सामान्य सिद्धान्तका रूपमा स्वीकार गरिएको छ । यी सिद्धान्तहरूलाई नेपालले पनि देशको संविधान एवम् प्रचलित राष्ट्रिय कानुनमा व्यवस्थित गरी संवोधन गर्दै आएको छ ।

२.१) **भेदभावरहितता**

बालबालिकाका अधिकार सहज ढङ्गले उपभोग गर्नका लागि उनीहरूमाथि उनीहरू स्वयंको र उनीहरूको बाबुआमा वा संरक्षकको उमेर, लिङ्ग, धर्म, वर्ण, जाति, वर्ग, समुदाय, क्षमता आदिका आधारमा भेदभाव गर्नुहुँदैन । बरु पछाडि पारिएका वर्ग, समुदाय, क्षमता, लिङ्ग र उमेरका बालबालिकालाई उत्थान गर्न, विशेष संरक्षण गर्न र प्रोत्साहन गर्न लागि सकारात्मक विभेदको उपाय अपनाउनुपर्दछ र राज्यले यस्तो प्रकारको नीति र कार्यक्रमको व्यवस्था गर्नुपर्दछ । भेदभावरहितताको सिद्धान्तले यसै भन्दछ ।

नेपालले कतिपय समाजमा अझैसम्म विद्यमान रहेको विभेदलाई न्यूनीकरण गर्नका लागि लक्षित नीति र सकारात्मक विभेदको रणनीति तयार पारी कार्यान्वयन गरेको छ । यद्यपि समयसमयमा भेदभावका घटनाहरू प्रकाशमा आएका छन् भने कतिपय त्यस्ता घटनाहरूका बारे अदालत तथा न्यायिक निकायहरूमा उजुरीसमेत परेका छन् ।

**बालबालिकाविरुद्ध भेदभाव भई प्रकाशमा आएका घटनाहरू**

तालिका नं. २.१

| क्र.स. | जिल्ला | जम्मा | पीडित | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| | नेपाल | २३ | २१ | ६ | २७ |
| १ | रौतहट | ८ | ८ | ० | ८ |
| २ | मोरङ | २ | ३ | १ | ४ |
| ३ | खोटाङ | २ | २ | २ | ४ |
| ४ | दाङ | ४ | ४ | ० | ४ |
| ५ | बाँके | ४ | १ | ३ | ४ |
| ६ | रोल्पा | ३ | ३ | ० | ३ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र २.१




माथिको तालिकामा देखाइएअनुसार जम्मा २३ वटा भेदभावका घटनाहरू प्रकाशमा आएकोमा २७ जना बालबालिका पीडित भएको देखिएको छ । जसमध्ये २१ जना (७७.७८%) बालिका र ६ जना (२२.२२%) बालकहरू रहेको देखिन्छ । यो तथ्यलाई दृष्टिगत गर्दा बालकहरूभन्दा बालिकाहरू बढी भेदभावको शिकार भएको देखिएको छ । जिल्लागत रूपमा प्राप्त विवरणका अनुसार बालबालिका लैङ्गिक, अपाङ्गता, जातीय तथा अन्य विविध आधारमा बढी भेदभावमा पर्ने गरेको पाइएको छ ।

**विभिन्न आधारमा भएका भेदभावका घटनाहरू**

तालिका नं. २.२

| क्र.स. | घटना विवरण | घटना सङ्ख्या | जम्मा पीडित बालबालिका | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| | **जम्मा** | २३ | २१ | ६ | २७ |
| १ | लिङ्गमा आधारित | १५ | १५ | ० | १५ |
| २ | अपाङ्गतामा आधारित | ३ | ३ | २ | ५ |
| ३ | जातजातिमा आधारित | ३ | १ | २ | ३ |
| ४ | अन्यमा आधारित | २ | २ | २ | ४ |

स्रोतः बालअधिकार अनगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र २.२




बालबालिकाविरुद्ध हुने भेदभावका घटनाहरू जति प्रकाशमा र चर्चामा आएका अनुपातमा न्यायिक निकायहरूमा उजुरी परेको पाइँदैन । जसअनुसार यस वर्ष न्यायिक निकायमा जम्मा १७ वटा भेदभावविरुद्धका घटनाहरुमात्र उजुरी परेको पाइएको छ । जसमध्ये अदालतमा १२ वटा भेदभावविरुद्धका मुद्दा चलिरहेकोमा १५ जना बालिका र ६ जना बालक गरी जम्मा २१ जना बालबालिकाविरुद्धका भेदभावका घटना रहेका छन् ।

**अदालतमा उजुरी परेका भेदभावसम्बन्धी घटनाहरु**

तालिका नं. २.३

| उजुरी परेको घटना सङ्ख्या | अदालतमा मुद्दा परेको घटना सङ्ख्या | पीडित | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १७ | १२ | १५ | ६ | २१ |

स्रोतः बालअधिकार अनगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

नेपालमा विद्यमान भेदभावका घटनाहरू न्यूनीकरण गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले कानुनी सचेतना, कानुन कार्यान्वयनका लागि दबाब दिने, कानुनी कारबाहीमा सहयोग पुऱ्याउने, लक्षित वर्गका लागि सशक्तिकरण कार्यक्रम, सामाजिक सद्भाव बढाउने कार्यक्रम सञ्चालन गर्ने तथा शिक्षा र छात्रवृत्ति वितरणलगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् ।

## २.२ **दीर्घ जीवन र विकास**

बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले बालबालिकाको दीर्घ जीवन र उनीहरूको सर्वाङ्गिण विकासको अधिकारलाई नै दीर्घ जीवन र विकासको सिद्धान्तका रूपमा हो भनी परिभाषित गरेको छ । दीर्घ जीवन र विकासलाई नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हकका रूपमा समावेश गरिएको छ भने प्रचलित कानुनमा पनि सोसम्बन्धमा व्यवस्था गरिएको छ ।

### २.२.१ **दीर्घ जीवन**

मुलुकभर सञ्चालित खोप कार्यक्रम, पोषण कार्यक्रम, मातृशिशु कार्यक्रमजस्ता कार्यक्रमहरू बालबालिकाको दीर्घ जीवनलाई लक्षित गरेर सञ्चालन गरिएका कार्यक्रमहरू हुन् । यस्ता लक्षित कार्यक्रमहरूको नतिजा सकारात्मक देखिएको छ, जस्तोः औसत आयूमा क्रमशः वृद्धि हुँदै जानु, शिशु/बाल/मातृ मृत्युदर कम हुनु, जनसङ्ख्या वृद्धिदर न्यून र सङ्ख्यात्मक रूपमा वृद्धि हुनु, परिवार नियोजनसम्बन्धी कार्यक्रम प्रभावकारी हुँदै जानु आदि । यससम्बन्धमा केही सकारात्मक नतिजा देखिए तापनि विश्व मापदण्डमा नेपालको स्थिति धेरै नै पछाडि परेको छ । यसर्थ, अझै पनि प्रभावकारी कार्यक्रमहरू पछाडि परेका बालबालिका र परिवारलाई लक्षित गरेर सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । यससम्बन्धी विस्तृत विवरण परिच्छेद ५ मा राखिएको छ ।

### २.२.१ **विकास**

शिक्षा, पोषण, मातृशिशु स्वास्थ्य, प्रारम्भिक बालविकास कार्यक्रमहरू आदि प्रारम्भिक अवस्थादेखि नै बालबालिकाको शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक (साथै साँस्कृतिक विकास) का लागि लक्षित गरेर सञ्चालनमा आइरहेका कार्यक्रमहरू हुन् । यस्ता कार्यक्रमहरूको नतिजा सकारात्मक नै देखिएको छ । जस्तोः नेपालमा साक्षरता दरमा वृद्धि हुँदै जानु, बालबालिकाको शरीरको औसत आकारमा वृद्धि हुँदै जानु, कुपोषणको दर घट्दै जानु, बालबालिका तिक्ष्ण बुद्धिका हुनु, बालबालिकाको सामाजिकतामा वृद्धि हुँदै जानु आदि सकारात्मक नतिजाका सूचकहरू हुन् । यससम्बन्धी विस्तृत विवरण परिच्छेद ५ र ६ मा राखिएको छ ।

बालबालिकको दीर्घ जीवन र विकासको सूचकको प्रवृत्ति सकारात्मक दिशातर्फ उन्मुख भए पनि मुलुकका दूर्गम भेगमा स्थिति चिन्ताजनक छ र लक्षित कार्यक्रमहरू प्रभावकारी ढङ्ले सञ्चालनमा आउन सकिरहेका छैनन् ।

## २.३ **बालबालिकाको उच्चतम हित/सर्वोत्तम हित**

बालबालिकाको हकअधिकार परिपूर्तिका सम्बन्धमा सबैभन्दा बढी हित हुने व्यवस्था गर्नु नै उच्चतम हित अथवा सर्वोत्तम हितको सिद्धान्तको मर्म हो । नेपालको अन्तरिम संविधान, २०६३ र बालबालिकासम्बन्धी अन्य प्रचलित कानुनहरूमा यो अधिकारलाई व्यवस्थित गरिएको छ ।

सन् २००२ मा संयुक्त राष्ट्रसङ्घको बालबालिकासम्बन्धी विशेष अधिवेशनले पारित गरेको बालबालिकाको लागि सुहाउँदो विश्व नामक घोषणापत्र, २००२ मा बालबालिकाको उच्चतम हितसम्बन्धी व्यवस्थालाई थप स्पष्ट पारिएको छ र यसलाई कार्यमुलक बनाउने प्रयत्न भएको छ । तत्पश्चात् नेपालमा बालमैत्री अवधारणामा कार्य गर्न सुरु गरिएको छ । बालबालिकाले आफ्नो अधिकार निर्वाध रूपमा प्रयोग गर्न पाउन् भन्ने हेतुले विद्यालय, समुदाय तथा जिल्ला/गाउँ/नगर हरूलाई बालमैत्री बनाउने र सोहीअनुरूप गर्ने कार्यको थालनी गरिएको छ । देशभर विभिन्न विद्यालयलाई बालमैत्री विद्यालय, विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् भनी घोषणा गर्ने अभियान सञ्चालन गरिएको छ । यस्ता अभियानहरू बालबालिकाको सर्वोत्तम हितका निम्ति प्रभावकारी र सफल मानिएका छन् ।

### २.३.१ **बालमैत्री गा.वि.स./नगर तथा स्थानीय स्वायत्त शासन**

केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला/गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था/निकाय र समुदायहरूसँग सहकार्य गर्दै प्लान नेपालसँगको साझेदारीमा २२ जिल्लाका २१ वटा गा.वि.स. तथा एउटा नगरपालिकालाई विभिन्न चरणमा गरी योजनावद्ध रूपमा तय भएका सूचकहरूका आधारमा बालमैत्री गाउँविकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ, जसमध्ये ४ वटा जिल्लामा गा.वि.स.हरुको छनौट गर्ने कार्य भने बाँकी रहेको छ ।

**बालमैत्री गा.वि.स./नगरपालिका कार्यक्रम सञ्चालन गरिएका गा.वि.स./नगरपालिकाहरू**

तालिका २.४

| क्र.सं. | जिल्ला | गा.वि.स./न.पा | कैफियत |
|---|---|---|---|
| १ | इलाम | गोदक | |
| २ | सुनसरी | इनरुवा न.पा. | |
| ३ | मोरङ | तेत्तरिया | |
| ४ | धनकुटा | घोर्लीखर्क | |
| ५ | बारा | महेशपुर | |
| ६ | सिन्धुली | हर्साई | |
| ७ | पर्सा | पर्सौनी विर्ता | |
| ८ | रौतहट | गेडाइगुठी | |
| ९ | मकवानपुर | फाखेल | |
| १० | चितवन | मङ्गलपुर | |
| ११ | रूपन्देही | हाटीफर्साटिका | |
| १२ | कास्की | सार्दीखोला | |
| १३ | अर्घाखाँची | वाङ्ला | |
| १४ | बाँके | परसपुर | |
| १५ | हुम्ला | लाली | |
| १६ | कञ्चनपुर | दोधारा | |
| १७ | बाग्लुङ | तिच्याङ | |
| १८ | म्याग्दी | भकिम्ली | |
| १९ | पर्वत | – | गा.वि.स. छनौट हुन बाँकी |
| २० | बर्दिया | – | ,, |
| २१ | दाङ | – | ,, |
| २२ | कैलाली | – | ,, |

स्रोतः केन्द्रीय बालकल्याण समिति, २०६८

**स्थानीय विकास मन्त्रालयद्वारा सञ्चालन गरिएको बालमैत्री स्थानीय शासन कार्यक्रमको अवस्था**

स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला बालकल्याण समिति तथा अन्य साझेदार संस्थाहरूसँगको सहकार्य तथा युनिसेफसँगको साझेदारीमा वि.सं. २०६५ सालदेखि सुनसरी, काभ्रेपलाञ्चोक, तनहुँ र दाङमा र २०६६ सालदेखि जुम्ला, डडेलधुरा र कास्की जिल्लाका जि.वि.स.हरूमा बालमैत्री स्थानीय शासन कार्यक्रम लागू गरेको छ । मोरङ जिल्लाको विराटनगर उप-महानगरपालिका बालमैत्री स्थानीय शासन लागू गरिएको छ भने बालमैत्री शासन लागु गरिएका अन्य जिल्लाहरूमा २ वटा गाविसलाई नमूनाको रूपमा बालमैत्री गाविस चयन गरी कार्यक्रम लागू भएका छन् । हालसम्म १६ वटा जिल्ला विकास समिति र ४ वटा नगरपालिका (पाँचथर, सुनसरी, सप्तरी, उदयपुर, काभ्रेपलाञ्चोक, तनहूँ, कास्की, दाङ, जुम्ला, डडेलधुरा, नवलपरासी, कपिलवस्तु, रुकुम, डोल्पा, मुगु, अछाम, बाजुरा, बझाङ, मोरङ र विराटनगर उपमहानगरपालिका, घोराही, तुलसीपुर र नेपालगञ्ज) ले बालमैत्री शासनको अवधारणालाई अगाडि बढाएका छन्

बालमैत्री स्थानीय शासन भन्नाले बालबचाउ, बालसंरक्षण, बालविकास, र अर्थपूर्ण बालसहभागितालगायत बालअधिकार परिपूर्तिका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो । यसले स्थानीय निकायलाई बालबालिकाको हकहितमा केन्द्रीत रहेर योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्य गर्न सघाउँदछ ।

बालमैत्री स्थानीय शासन बालअधिकारसम्बन्धी समग्र पक्ष (बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता) को प्रवर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीयतहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका अधिकारका प्रावधानहरू, नेपालको अन्तरिम संविधान, २०६३ मा भएको बालअधिकारसम्बन्धी व्यवस्था, नेपालको चालू त्रि-वर्षीय अन्तरिम योजना, बालबालिकासम्बन्धी ऐन, २०४८ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले बालबालिकाको पक्षमा नीतिगत एवम् कानुनी प्रावधान राखी बालअधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रूपमा रहेका -जि.वि.स., -न.पा. तथा -गा.वि.स. समुदायका वयस्क तथा बालबालिकाको नजिकमा रहेर सेवा प्रदान गर्ने निकाय हुन् । यसर्थ बालअधिकारको विषयलाई स्थानीय निकायको समग्र पद्धति र प्रणालीमा समावेश गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

नेपालमा केन्द्रीय तथा स्थानीय निकायको समन्वय र सहयोगमा बालमैत्री विकासका पक्षमा धेरै कामहरू भएका छन् । बालश्रमसम्बन्धी गुरुयोजना (२०६१/६२-२०७१/७२), बालश्रम (निषेध र

नियमित गर्ने) ऐन, २०५६ लागू भैसकेको र बालबालिकाको लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१-२०७१) का व्यवस्थाअनुसार कार्यक्रम सञ्चालन भैरहेका छन् । विगतदेखि नेपालका केही नपा र गाविसहरूले नमूनाको रूपमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन् । यस्ता कार्यक्रमहरूबीच एकरूपता ल्याउन, सामन्जस्यता कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानिएको छ ।

नेपालको कुल जनसङ्ख्यामा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या ४८% रहेको छ । बालविकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ । त्यसको कार्यान्वयनका लागि बालअधिकारको लागि विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरूका साथ बालबालिकासम्बन्धी सबाललाई सम्वोधन गर्नुपर्ने आवश्यकता छ । नेपालको वर्तमान राजनैतिक परिवर्तनसंगै समावेशीकरणको मुद्दाले उच्च प्राथमिकता पाएको छ । यसको लागि समेत बालबालिकाका सवालहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ । सामुदायिक सेवा प्रवाहमा स्थानीय निकायहरूको महत्वपूर्ण भूमिका रहने हुँदा यस्ता निकायहरूलगायत अन्य सरोकारवालाहरूलाई बालमैत्री अवधारणा अनुरूप सामुदायिक विकासका कार्यक्रमहरू सञ्चालन गर्न समेत यस पद्वतिले महत्वपूर्ण सहयोग पुऱ्याउने हुनाले बालमैत्री शासनले बालअधिकारको प्रत्याभुतिमासमेत विशेष महत्व राख्दछ ।

बालमैत्री स्थानीय शासनको अवधारणालाई स्थानीयस्तरसम्म संस्थागत गर्न कानुनी मार्गदर्शनको रूपमा विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउन बालमैत्री शासन राष्ट्रिय रणनीति खाका र बालमैत्री शासन कार्यान्वयन कार्यविधि, २०६७ नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६८/३/२१ मा स्वीकृत भएको ।

**बालमैत्री स्थानीय स्वायत्त शासन अवधारणासम्बन्धी केही तथ्यहरु**

- बालमैत्री स्थानीय शासन बालबालिकाको विकासका लागि विभिन्न क्षेत्रबाट भएका प्रयासलाई अझ प्रभावकारी बनाउन र शासकीय तहमा रहेका जिम्मेबार संस्था तथा पदाधिकारीहरुलाई बालबालिकाप्रति अझ बढी जिम्मेबार हुन सहयोग पुर्‍याउने एक अवधारणा हो । बालअधिकारसम्बन्धी महासन्धि १९८९ को अनुमोदन, नेपालको अन्तरिम संविधान २०६३ मा भएका बालअधिकारसम्बन्धी व्यवस्था र बालबालिकासम्बन्धी अन्य कानुनसमेतका आधारमा यो अवधारणाको सुरुआत गरिएको हो ।

- तीन वर्षिय अन्तरिम योजना (वि.सं. २०६४/०६५–०६६/०६७) ले बालमैत्री स्थानीय शासनको अवधारणालाई अंगीकार गरेको र स्थानीयस्तरमा यस अवधारणालाई क्रमश विस्तार गर्ने उल्लेख गरेको,
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले स्थानीयस्तरमा बालमैत्री शासनको सूचक तयार गरी कार्यान्वयन गर्न स्थानीय निकायको क्षमता विकास गर्ने उल्लेख गरेको ।
- तीन वर्षे योजनाको भावना बमोजिम यस अवधारणालाई स्थानीयस्तरमा सम्म विस्तार गर्न बालबालिका र महिलाहरुका लागि विकेन्द्रित कार्यक्रम (DACAW) ले सहयोग पुऱ्याएको,

स्रोतः स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय सहयोग शाखा श्रीमहल पुल्चोक, २०६७

## २.४ बालबालिकाको विचार र भावनाको कदर

बालअधिकारको सन्दर्भमा अधिकारका धारक बालबालिकाको विचार र भावनाको प्रतिविम्वित हुनुपर्छ । उनीहरूको विचार र भावनाको बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा कदर र सम्मान गरिनुपर्छ । यो घरपरिवार, समाज हुँदै राज्यको तहसम्ममा हुनुपर्दछ । हाल समाजमा बालबालिकाको विचार र भावनाको कदर गर्ने संस्कार बढ्दै गएको छ र केही सकारात्मक प्रयासहरू भएका छन् । जस्तोः जिल्ला बालकल्याण समिति, जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, गाउँ परिषद् तथा नगर परिषद्, विद्यालय व्यवस्थापन समिति आदिजस्ता संरचनाहरूमा बालबालिकाको अर्थपूर्ण सहभागिताको लागि प्रयासहरू भएका छन् । बालक्लब तथा बालक्लब सञ्जालहरू सञ्चालन पनि यसैका सफल उदाहरणहरू हुन् । पटकपटक गरिने जिल्ला बालभेला, बालसंसदजस्ता अभ्यासहरू पनि बलसहभागिता बढाउने प्रयासका उदाहरणहरू हुन् । बालमैत्री कार्यक्रम तथा बालमैत्री स्थानीय स्वायत्त शासन लागू भएका जि.वि.स., गा.वि.स., नगरपालिकाहरूमा बालबालिकाको विचार र भावनाको कदर गर्न तथा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि विभिन्न संरचनाहरू तयार पारिएका छन् ।

जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति र गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन गरिएका सम्पूर्ण जिल्ला तथा गाउँ/नगरहरूमा कम्तीमा एकजना बालक र एकजना बालिकाको प्रतिनिधित्व  सुनिश्चित गरिएको छ ।

**विभिन्न संरचनाहरूमा बालसहभागिताको स्थिति**

तालिका २.५

| संरचना | संरचनाको सङ्ख्या | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| जि.बा.क.स. | ७५ | १८ | १६ | ३४ |
| जि.बा.सं.स.उ.स. | ४६ | ११ | २२ | ३३ |
| गा./न.बा.सं.स.उ.स. | १०५१ | १८९ | २९१ | ४८० |
| वि.व्य.स. | ४०४ | १०३ | १०० | २०३ |
| जम्मा | १५७६ | ३२१ | ४२९ | ७५० |

स्रोतः बालअधिकार अनगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र २.५



## परिच्छेद-३ नागरिक अधिकार र स्वतन्त्रता

मानवजीवनको प्रारम्भिक अवस्थामा रहेका बालबालिकाको मानवअधिकार वयस्कको भन्दा विशिष्ट हुन्छ । साथै उनीहरूलाई आफ्नो उमेर र परिपक्वता अनुरूप हुने गरी वयस्कसरह नागरिक अधिकार र स्वतन्त्रताको उपभोग गर्ने अधिकार हुन्छ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले विभिन्न धाराहरूमा बालबालिकाको गोपनीयताको संरक्षण गर्नुपर्ने, अभिव्यक्तिको स्वतन्त्रता, उचित जानकारी प्राप्त गर्न पाउने अधिकार, विचार, विवेक र धार्मिक स्वतन्त्रताको अधिकार, सङ्गठन तथा शान्तिपूर्ण भेला हुन पाउने अधिकार, यातना, क्रुर वा अमानवीय सजायँबाट सुरक्षित हुने लगायतका अधिकारको व्यवस्था गरेको छ ।

यी अधिकारहरूलाई नेपालले पनि संविधान र प्रचलित कानुनहरूमा व्यवस्थित गरेको छ ।

### ३.१) **बालक्लब र आवद्ध बालबालिका**

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालसहभागिताको सिद्धान्त र बालबालिकाको सङ्गठन खोल्ने तथा त्यसमा भाग लिन पाउने तथा शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवस्था गरेको छ । यस अनुरूप नेपालका विभिन्न जिल्लाका गाउँ-गाउँमा बालबालिकाको सहभागिता, नेतृत्व तथा सकृयता एवम् अभिभावकहरूको संरक्षकत्वमा बालक्लबहरू गठन भई कार्यरत छन् । बालक्लबको गठन र सञ्चालनमा विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूले सहजीकरण गरिरहेका छन् । केन्द्रीय बालकल्याण समितिले हालै गरेको बालक्लब सर्वेक्षणअनुसार नेपालमा बालक्लब, बालसमूह, बालमञ्च, बालसञ्जाल आदि नामले पुकारिने बालबालिकाको नेतृत्व गरेका यस्ता संस्थाहरू १३,२९१ को सङ्ख्यामा रहेको छ र यसमा आवद्ध बालबालिका तीनलाखभन्दा बढीको सङ्ख्यामा भएको पाइएको छ ।

केन्द्रीय बालकल्याण समितिले नेपालभर गरेको बालक्लब सर्वेक्षण, २०६८ को प्रारम्भिक प्रतिवेदनअनुसार ५२ जिल्लामा १३,२९१ वटा बालक्लब भएको देखिएको छ, जसमध्ये ७,१४९ वटा बालक्लबहरू जिल्ला बालकल्याण समितिमा आवद्ध भैसकेका छन् भने ६,१४२ वटा बालक्लबहरू आवद्ध हुन बाँकी रहेको देखिएको छ । बालबालिकाद्वारा नेतृत्व गरिएका यस्ता बाल-संस्थाहरूलाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउनका लागि सम्मानित सर्वोच्च अदालतले आदेश दिए तापनि त्यो प्रभावकारी र व्यावहारिक हुन सकेको छैन । प्राप्त विवरणअनुसार नेपालमा हाल जम्मा ४ वटा बालक्लबहरू मात्र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको देखिएको छ । त्यस्तै कतिपय बालक्लबहरु स्थानीय गा.वि.स. तथा नगरपालिकामा गई दर्ता भएको समेत पाइएको छ, जसअनुसार गा.वि.स.मा

१०८ र नगरपालिकामा ४५ वटा बालक्ल्बहरु दर्ता भएका छन् । तलको तालिकाअनुसार पाल्पा जिल्लामा सबैभन्दा बढी बालक्लबहरू रहेको त्यसपछि क्रमशः दोस्रोमा काभ्रेपलाञ्चोक र तेस्रोमा पर्सा जिल्लामा रहेको देखिएको छ भने डोल्पा जिल्लामा सबैभन्दा कम बालक्लबहरु रहेको पाइएको छ । बालक्लबको सङ्ख्या बढ्दै जानुमा बालसहभागिताका लागि बालबालिका र वयष्कमा जागरण अउनु र केही जिल्लाहरूका सबै विद्यालयहरूमा अनिवार्यरूपमा बालक्लब गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गर्नु समेत रहेको देखिन्छ । हाल गाउँ-गाउँमा बालक्लबमा बालबालिका सङ्गठित हुँदै त्यसलाई आफ्नो विचार र भावना व्यक्त गर्ने थलो बनाउन र समाजमा बालअधिकारसम्बन्धी पैरवी गर्ने माध्यम बनाउन थालेका छन् ।

**जिल्लागतरुपमा नेपालका बालक्लब सङ्ख्या**

तालिका नं. ३.१

| क्र.सं. | जिल्ला | जम्मा बालक्लब |
|---|---|---|
| १ | पाल्पा | ७५७ |
| २ | काभ्रे | ६६३ |
| ३ | पर्सा | ६३२ |
| ४ | नवलपरासी | ५५० |
| ५ | बाँके | ५२६ |
| ६ | कपिलवस्तु | ५१८ |
| ७ | तनहुँ | ४९९ |
| ८ | कास्की | ४६२ |
| ९ | अछाम | ४१४ |
| १० | सुनसरी | ३७६ |
| ११ | उदयपुर | ३६८ |
| १२ | लमजुङ | ३६८ |
| १३ | मकवानपुर | ३४५ |
| १४ | दाङ | ३४५ |
| १५ | चितवन | ३४४ |
| १६ | सिराहा | ३३७ |
| १७ | मोरङ | ३३० |
| १८ | सुर्खेत | ३२२ |
| १९ | बाग्लुङ | ३०४ |
| २० | पाँचथर | ३०२ |
| २१ | कैलाली | २८६ |
| २२ | कञ्चनपुर | २७१ |
| २३ | कालीकोट | २६६ |
| २४ | महोत्तरी | २६५ |
| २५ | रुपन्देही | २३९ |
| २६ | सप्तरी | २२९ |
| २७ | रौतहट | २१५ |
| २८ | बारा | २१० |
| २९ | काठमाडौं | २०९ |
| ३० | स्याङ्ग्जा | २०८ |
| ३१ | बर्दिया | १९६ |
| ३२ | सिन्धुपाल्चोक | १९५ |
| ३३ | बाजुरा | १७९ |
| ३४ | डोटी | १६४ |

| | | |
|---|---|---|
| ३५ | मुगु | १३५ |
| ३६ | हुम्ला | १२७ |
| ३७ | जुम्ला | १२३ |
| ३८ | धादिङ | ११५ |
| ३९ | अर्घाखाँची | ११३ |
| ४० | सल्यान | १०० |
| ४१ | ललितपुर | ८८ |
| ४२ | रुकुम | ७१ |
| ४३ | इलाम | ६९ |
| ४४ | दोलखा | ६७ |
| ४५ | पर्वत | ६७ |
| ४६ | प्यूठान | ६५ |
| ४७ | सिन्धुली | ६१ |
| ४८ | रोल्पा | ५० |
| ४९ | म्याग्दी | ४८ |
| ५० | भक्तपुर | ४० |
| ५१ | धनकुटा | ३३ |
| ५२ | डोल्पा | २५ |
| | **जम्मा** | १३२९१ |

स्रोतः के.बा.क.स., २०६८

प्राप्त तथ्याङ्कअनुसार ५२ जिल्लामा रहेका बालक्लबमा १,५८६५३ जना बालक र १,८०,७६३ जना बालिका गरी जम्मा ३,३६,४४६ जना बालबालिकासहभागी भएको देखिएको छ । जस अनुरूप बालक्लबमा बालिका सहभागिता दर ५३.२६% र बालकहरूको सहभागिता दर ४६.७४% रहेको पाइन्छ । यसबाट बालकको तुलनामा बालिकाहरुको बालक्लबप्रति बढी आकर्षण रहेको देखिएको छ । यसबाट समुदायस्तरमा भएका अन्य संस्थाहरुमा जस्तै बालक्लबमा पनि महिलाहरुको सहभागिता बढी भएको देखाएको छ ।

**बालक्लबमा आवद्ध बालबालिकाको लिङ्गगत तथा उमेरगत विवरण**

तालिका नं. ३.२

| उमेरगत र लिङ्गत | | | | | | |
|---|---|---|---|---|---|---|
| लिङ्ग | ८–१० | ११–१३ | १३–१५ | १५–१८ | नखुलेको | जम्मा |
| बालक | ३४७६३ | २७५३५ | ३२०५३ | १८०१९ | ४६२८३ | १५८६५३ |
| बालिका | १४५२४ | २६८४४ | २९७८० | १६४८९ | ९३१५६ | १८०७९३ |
| जम्मा | ४९२८७ | ५४३७९ | ६१८३३ | ३४५०८ | १३९४३९ | ३३९४४६ |

स्रोतः के.बा.क.स., २०६८

चित्र ३.२




बालक्लबहरू धेरै भएका जिल्ला, क्षेत्र/इलाका तथा गा.वि.स./न.पा.हरूमा सञ्जाल बनाएर कार्यक्रम सञ्चालन गर्ने गरेको देखिएको छ । प्राप्त विवरणअनुसार ४५ जिल्लामा जिल्लास्तरीय बालक्लब सञ्जाल, ४२ वटा क्षेत्र/इलाकामा क्षेत्र/इलाकास्तरीय बालक्लब सञ्जाल, १२७७ गा.वि.स.मा गाउँस्तरीय र १७ वटा नगरपालिकामा नगरस्तरीय बालक्लब सञ्जाल गठन गरिएका छन् । नेपालका बालक्लबहरूमध्ये ७,२३७ वटा बालक्लबहरू समुदायमा आधारित, ५,५४४ वटा बालक्लबहरू विद्यालयमा आधारित भएका छन् भने ५१० वटा बालक्लबहरूको आधार नखुलेको देखिएको छ ।

**बालक्लबहरूको आधार**

तालिका नं. ३.३

| समुदायमा आधारित | विद्यालयमा आधारित | नखुलेको | जि.बा.क.स.मा आबद्ध | जि.बा.क.स.मा आबद्ध नभएका | गा.वि.स.मा दर्ता भएका | न.पा.मा दर्ता भएका | जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका |
|---|---|---|---|---|---|---|---|
| ७,२३७ | ५,५४४ | ५१० | ७,१४९ | ६,१४२ | १०८ | ४५ | ४ |

स्रोतः के.बा.क.स., २०६८

**बालक्लबहरूको सञ्जाल**

तालिका नं. ३.४

| गा.वि.स. तह | जिल्ला तह | न.पा. तह | क्षेत्रीय तह |
|---|---|---|---|
| १,२७७ | ४५ | १७ | ४२ |

स्रोतः के.बा.क.स., २०६८

**जातजातिका आधारमा बालक्लबमा आबद्ध बालबालिकाको विवरण**

तालिका नं. ३.५

| आदिबासी | दलित | ब्राम्हण क्षेत्री | मधेसी | मुस्लिम | अन्य | जम्मा | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ५४,२३६ | २५,४१३ | ३९,८१५ | १३,५८५ | २,७२२ | २२,८८२ | १,५८,६५३ | ९३८ | १,५५,३७६ |
| ४७,८८१ | २२,४०१ | ३७,३१९ | ९,४४५ | २,३१७ | ६१,४३० | १,८०,७९३ | १,४३७ | १,७८,९५५ |
| १,०२,११७ | ४७,८१४ | ७७,१३४ | २३,०३० | ५,०३९ | ८४,३१२ | ३,३९,४४६ | २,३७५ | ३,३४,३३१ |

स्रोतः के.बा.क.स., २०६८

प्राप्त तथ्याङ्कअनुसार बालक्लबमा आबद्ध कूल ३,३८,४४६ जना बालबालिकामध्ये १,०२,११७ जना आदिबासी/जनजाति समुदायका, ७७,१३४ जना ब्राम्हण क्षेत्री समुदायका, ४७,८१४ जना दलित समुदायका, २३,०३० जना मधेसी समुदायका, ५०३८ जना मुस्लिम समुदायका र ८४,३१२ जना अन्य समुदायका बालबालिकाको सहभागिता रहेको पाइएको छ । यसैगरी बालक्लबमा २,३७५ जना अपाङ्गता भएका बालबालिकाको सहभागिता रहेको पाइएको छ ।

चित्र नं. ३.५ (क)



चित्र नं. ३.५ (ख)




नेपालमा भएका बालक्लबहरूलाई व्यवस्थित गर्नका लागि केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका-२०६२ जारी गरेको छ भने जिल्ला जिल्लामा जिल्ला बालकल्याण समितिहरूले बालक्लब सञ्चालनसम्बन्धी निर्देशिका जारी गरी बालक्लबहरूलाई जि.बा.क.स.मा आवद्ध गर्ने काम गरिरहेका छन् ।

गाउँगाउँमा बालबालिकाको सहभागिता, सकृयता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान (२) विद्यालय भर्ना अभियान (३) बालश्रम न्यूनीकरण कार्यक्रम (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम (६) निःशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम (७) दण्डरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार (८) वातावरणीय सुधार कार्यक्रम (९) अभिभावक चेतना/शिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मूलनसम्बन्धी प्रचारात्मक कार्यक्रम आदि प्रमुख रहेका पाइन्छन् ।

### ३.२) **सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच**

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले व्यवस्थित गरेको बालबालिकाको जानकारी पाउने हकसम्बन्धी व्यवस्थाअनुसार बालबालिकालाई लक्षित गरेर नेपालका सञ्चारमाध्यमहरूले कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । विद्युतीय सञ्चार माध्यमहरू रेडियो, एफ्.एम्, टि.भी.मध्ये अधिकांशमा बालबालिकाको प्रत्यक्ष सहभागितामा अथवा वयस्कद्वारा सञ्चालन गरिएका बालबालिकासम्बन्धी कार्यक्रमहरूका माध्यमबाट बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने कार्य भैरहेको अवस्था छ । केही इन्टरनेटका सञ्चालकहरूले आफ्नो वेबसाइटमा बालबालिकासम्बन्धी सूचना तथा जानकारीहरू राख्ने समेत गरेको पाइएको छ यद्यपि इन्टरनेटमा आम बालबालिकाको सहज पहुँचको अवस्था छैन ।

विद्युतीय सञ्चारमाध्यममा जस्तै छापा सञ्चारमाध्ममा पनि बालबालिकाको पहुँच बढ्दो रूपमा रहेको छ । नेपालमा २ दर्जनभन्दा बढी बालपत्रिकाहरू नियमितरूपमा प्रकाशन भैरहेका छन् भने अधिकांश पत्रपत्रिकाहरूमा पनि बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने प्रकारको स्तम्भ राख्ने गरिएको पाइएको छ ।

गाउँगाउँमा खुलेका बालक्लब तथा विद्यालयहरूमा बालबालिकाले बालभित्ते पत्रिका प्रकाशन गरी बालबालिकालाई सूचना तथा जानकारी प्रादान गर्ने प्रयास भैरहेको छ । यसका अलावा केही विद्यालयहरूमा विद्यालयको प्रार्थनाको समयमा विद्यार्थीहरूलाई सामान्य ज्ञान, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारहरूबारे जानकारी गराउने अभ्यास गरिएको पाइन्छ । यसमा बालबालिकालाई सहभागी गराइन्छ, जुन आफैंमा राम्रो अभ्यास हो ।

बालबालिकालाई लक्षित गरेर विभिन्न प्रकाशक, लेखक तथा प्रस्तोताहरूद्वारा सामान्य ज्ञान, विशिष्ट व्यक्तित्वको जीवनी, वैज्ञानिक तथ्यहरू, बालसाहित्यसँग सम्बन्धित प्रकाशनहरू, विशेष बाल पाठ्यसामग्रीहरू, मनोरञ्जनात्मक चुट्किला र कार्टून चित्रहरू प्रकाशन गरेर बालबालिकाको सूचना, सञ्चार र मनोरञ्जनमा पहुँचको अवस्थालाई वृद्धि गरेका छन् ।

### ३.३) **यातना, क्रूर तथा अमानवीय सजायँ दिइएको घटनासम्बन्धी विवरण**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, यातनाविरुद्धको महासन्धि, १९८४ तथा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले कुनै पनि बालबालिकालाई शारीरिक या मानसिक रूपमा यातना, क्रूर या अमानवीय सजायँ दिनु हुँदैन भनेका छन् । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ र दफा १५ मा यातनाविरुद्धको अधिकारलाई व्यवस्थित गरिएको छ ।

यसका बाबजुद नेपालमा बालबालिकालाई शिक्षक तथा अभिभावकहरूद्वारा यातना तथा दण्ड सजायँ दिइएको घटना बढ्दो रूपमा प्रकाशमा आइरहेका छन् । यसका लागि स्वयम् बालबालिका, अभिभावक, शिक्षक, सरोकारवालाहरू सबैजना सचेत हुनुपर्ने देखिएको छ । गतवर्ष २ जना बालबालिका यातनापूर्ण व्यवहारका घटनाका कारण मारिएका छन् भने विभिन्न विद्यालयहरुमा शिक्षक/शिक्षिकाहरुले आफ्नै विद्यालयमा अध्ययन गर्ने बालबालिकामाथि कठोर यातना दिइएकाजस्ता घटनाहरू सार्वजनिक भएका छन् ।

हालैमात्र कञ्चनपुरमा एकजना बाबुले आफ्नी छोरीलगायत परिवारका अन्य ४ जना सदस्यहरुको हत्या गरेको घटना र पर्वतमा पनि एकजना बाबुले आफ्ना २ जना छोरीहरुलाई खोलामा फालेर हत्या गरेका जस्ता क्रूरपूर्ण व्यवहारजन्य घटनाहरु सार्वजनिक भएका छन् ।

४८ जिल्लाबाट प्राप्त विवरणअनुसार गएको वर्ष यातना तथा दण्ड सजायँको १५७ वटा घटनाहरू प्रकाशमा आएको देखिएको छ भने यस्ता घटनाहरूमध्ये न्यायिक तथा अर्द्धन्यायिक निकायहरूमा ८३ वटा घटनाहरू उजुरीमा गएको र ६३ वटा घटनाहरूमात्र न्यायिक निरूपणका लागि अदालतसम्म पुगेको देखिन्छ । यस्ता घटनाहरूमा जम्मा १३१ जना बालबालिका पीडित भएकोमा ७७ जना बालिकाहरू (५८.८%) र ५४ जना बालकहरू (४१.२%) पीडित हुनुले कठोर सजायँबाट बालकाभन्दा बालिकाहरू पीडित हुने गरेको देखिएको छ ।

**यातना, दण्ड तथा कठोर सजायँसम्बन्धी घटना तथा उजुरीहरूको सङ्ख्यात्मक विवरणहरू**

तालिका नं. ३.६

| क्र.स. | जिल्ला | प्रकाशमा आएका घटना सङ्ख्या | उजुरी परेको घटना सङ्ख्या | अदालतमा मुद्दा परेको घटना सङ्ख्या | पीडित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा |
| | जम्मा | १५७ | ८३ | ६३ | ७७ | ५४ | १३१ |
| १ | बाँके | ७ | ७ | १ | ७ | १८ | २५ |
| २ | बाजुरा | ९ | ९ | ३ | ५ | ११ | १६ |
| ३ | कञ्चनपुर | ७० | ४ | ४ | ११ | ३ | १४ |
| ४ | चितवन | १३ | ११ | ११ | ११ | १ | १२ |
| ५ | प्यूठान | ९ | ९ | ९ | ९ | ० | ९ |
| ६ | लमजुङ | २ | २ | ० | ० | ८ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | म्याग्दी | ८ | ५ | ५ | ६ | २ | ८ |
| ८ | उदयपुर | ७ | ७ | ७ | ७ | ० | ७ |
| ९ | सुनसरी | ७ | ७ | ६ | ६ | ० | ६ |
| १० | सिन्धुली | ६ | ६ | ६ | ६ | ० | ६ |
| ११ | अन्य | १९ | १६ | ११ | ९ | ११ | २० |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र ३.६




बालबालिका कठोर यातना, दण्ड सजायँबाट पीडित भई विभिन्न अदालत, जिल्ला प्रशासन कार्यलय, जिल्ला प्रहरी कार्यालय, जिल्ला बालकल्याण समितिलगायतका न्यायिक तथा अर्द्धन्यायिक वा बालकेन्द्रीत निकायमा परेका उजुरी परेका पाइन्छ । यसवाहेक पीडित बालबालिकाको तर्फबाट राष्ट्रिय मानवअधिकार आयोगका केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूमा समेत उजुरी परेको देखिएको छ । राष्ट्रिय मानवअधिकार आयोगले पीडकलाई कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने गर्दछ । राष्ट्रिय मानवअधिकार आयोगका अनुसार सन् २०१० मा बालअधिकार हनन्सम्बन्धी जम्मा २४ वटा उजुरीहरू परेका थिए ।

जसमा यातनासँग सम्बन्धित उजुरीहरु बढीमात्रामा परेको देखिन्छ भने यौन दुर्व्यवहार, यौनशोषण

तथा श्रमशोषणसँग सम्बन्धित उजुरीहरु पनि उल्लेख्यमात्रामा परेको पाइन्छ । यसै अवधिमा आयोगले २४ वटा अन्य उजुरीहरुमाथि छानबीन गरी न्यायिक निर्णय तथा सिफारिसहरु गरेको पाइएको छ । (स्रोतः नेपालमा बालअधिकारको अवस्था वार्षिक प्रतिवेदन, २०१०, रा.मा.अ.आ., हरिहरभवन)

माथि उल्लेख गरिएका विवरणका अलावा मानवअधिकारवादी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बालबालिका यातना, कठोर दण्ड सजायँबाट पीडित भएका घटनाहरू प्रकाशमा ल्याएको छ । मानवअधिकार वर्ष पुस्तक अनुसार २०१० मा मुलुकमा जम्मा ३२३ वटा घटनाहरूमा ५२६ जना बालबालिका पीडित भएको देखिएको छ ।

**बालअधिकार उल्लङ्घनका घटनाहरू**

तालिका नं. ३.७

| क्र.स. | जिल्ला | घटना सङ्ख्या | जम्मा | | | |
|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | नखुलेको | जम्मा |
| | जम्मा | ३२३ | ६४ | २९८ | १६४ | ५२६ |
| १ | ताप्लेजुङ | ३ | १ | २ | ७९ | ८२ |
| २ | भोजपुर | ८ | २ | ५ | ५० | ५७ |
| ३ | बर्दिया | १४ | २१ | १३ | ३ | ३७ |
| ४ | जाजरकोट | १५ | ३० | ४ | ० | ३४ |
| ५ | झापा | २१ | १ | २१ | १ | २३ |
| ६ | मोरङ | १९ | ० | २२ | ० | २२ |
| ७ | मकवानपुर | १४ | १ | १४ | ० | १५ |
| ८ | नवलपरासी | १५ | ० | १५ | ० | १५ |
| ९ | इलाम | ५ | १ | ४ | ६ | ११ |
| १० | काठमाडौं | ८ | १ | १० | ० | ११ |
| ११ | अन्य | २०१ | ६ | १८८ | २५ | २१९ |

स्रोतः मानवअधिकार वर्ष पुस्तक, २०११ इन्सेक

### ३.४) **बालहेल्पलाइन**

बालबालिकाविरुद्ध घट्ने हरेक प्रकारका घटनाहरूलाई निरुत्साहित गरी त्यस्ता घटनामा परेका बालबालिकाको समयमै उद्धार गर्न, घटना हुन नदिन सजगता अपनाई उनीहरूलाई सुरक्षा प्रदान गर्ने उद्देश्यले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलीकम, विकासका साझेदार संस्थाहरूको संयुक्त प्रयासमा निःशुल्क हटलाइन १०४ सहितको बालबालिका खोजतलास तथा समन्वय केन्द्र सञ्चालनमा छ । साथै बाल हेल्पलाइन १०९८ नेपालभर सञ्चालनमा छ ।

बाल हेल्पलाइन १०९८ को सचिवालय, केन्द्रीय बालकल्याण समितिमा प्राप्त प्रतिवेदनअनुसार बालबालिकाको आपत्कालिन उद्धार, राहत तथा परामर्श सेवाको निम्ति मुलुकका १३ जिल्लाहरूमा बालहेल्पलाइन १०९८ सञ्चालनमा आइसकेका छन् ।

यसलाई सम्बन्धित सरकारी निकायहरू र बालबालबालिकाको निम्ति क्रियाशील गैससको संयुक्त प्रयास तथा समन्वयमा सिविन नेपालले देशका पाँच स्थानहरूमा हेल्पलाइन सेवा सञ्चालन गरिरहेको छ भने अन्य संस्थाहरूले ८ स्थानमा सञ्चालन गरिरहेका छन् । बालबालिकाविरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकको हकहितको संरक्षणको निम्ति सञ्चालित हेल्पलाइनलाई प्रहरी प्रशासन, जिल्ला बालकल्याण समिति, केन्द्रीय बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानुनी सहयोग गर्ने सस्थाहरू, बालबालिका तथा मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, स्थानीय निकाय वा समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र सममव्य प्राप्त भइरहेको छ । हेल्पलाइन सेवाले बालबालिकाविरुद्धका अपराध नियन्त्रण गर्न तथा बालअधिकार हन्नबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ । यसर्थ आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

#### ३.४.१) **बाल हेल्पलाइनका सेवाहरू**

१) निःशुल्क हटलाइन टेलिफोन सेवा
२) टेलिफोन तथा मनोसामाजिक मनोविमर्श सेवा
३) एम्बुलेन्स सेवा
४) प्राथमिक स्वास्थोपचार सेवा

५) अस्पताल उपचार सेवा

६) हराएका बालबालिकाको खोजी कार्य

७) पारिवारिक पुनर्एकीकरण

८) पुनर्स्थापना तथा अन्य सेवाका लागि सिविन गृहहरू तथा अन्य संस्थाहरूमा स्थानान्तरण

९) कानुनी सहयोग तथा मध्यस्थता सेवा

१०) आपत्कालीन उद्दार, राहत तथा संरक्षण

**हाल सञ्चालनमा आएका स्थानहरू र तिनको सेवाको विवरण**

तालिका नं. ३.८

| क्र.सं. | जिल्ला | संस्था | सेवा प्राप्त गर्नेको सङ्ख्या | | | | सुरु गरिएको साल |
|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | नखुलेको | जम्मा | |
| १ | काठमाडौं | सिविन | ४५० | ४८७ | | ९३७ | २०६५ |
| २ | मोरङ | सिविन | ११० | १६७ | | २७७ | २०६६ |
| ३ | कास्की | सिविन | ६७ | १०१ | | १६८ | २०६६ |
| ४ | मकवानपुर | सिविन | ७८ | १२४ | | २०२ | २०६६ |
| ५ | बाँके | सिविन | १८ | ३४ | | ५२ | २०६६ |
| ६ | बर्दिया | आवाज | २५ | ५ | २ | ३२ | २०६६ |
| ७ | सुर्खेत | आवाज | ३७ | १७ | | ५४ | २०६७ |
| ८ | दैलेख | आवाज | | १४ | १ | १५ | २०६७ |
| ९ | उदयपुर | नेस्पेक | १ | २ | | ३ | २०६७ |
| १० | दाङ | राडार | तथ्याङ्क प्राप्त नभएको | | | | २०६६ |
| ११ | रुपन्देही | तराई विकास मञ्च | | | | | २०६६ |
| १२ | चितवन | दियालो परिवार | | | | | २०६६ |
| १३ | कपिलवस्तु | सहज नेपाल | | | | | २०६७ |
| | | जम्मा | ७८६ | ९५१ | ३ | १७४० | |

स्रोतः केन्द्रीय बालकल्याण समिति, २०६८ ललितपुर

# परिच्छेद-४ पारिवारिक वातावरण र वैकल्पिक स्याहार

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको पालनपोषणको लागि सबैभन्दा उत्तम स्थान घरपरिवार हो भनी प्रस्तावनामा नै उल्लेख गरेको छ । परिवारको त्यस दायित्वमा समुदाय र राज्यले सहयोग पुर्‍याउनुपर्दछ । यसको सुनिश्चितताको लागि महासन्धिका धारा ५, ९, १०, ११, १८, १९, २०, २१, २५, २७ र ३५ हरूमा विभिन्न प्रावधानहरू व्यवस्था गरिएको छन् । जसमा बाबुआमाको मार्गदर्शन र बाबुआमाको दायित्व, परिवारसँग बस्न पाउने र बाबु आमासँग विछोड हुँदा बालबालिकाको पालनपोषणको दायित्व, पारिवारिक पुनर्मिलन, उच्च जीवनस्तरको लागि सहयोग गर्नुपर्ने राज्यको दायित्व, परिवारविहीन बालबालिका र धर्मपुत्र/पुत्री लिनेदिनेसम्बधी व्यवस्था, अवैध स्थानान्तरण र नफर्काउनु, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण, पुनर्स्थापना र विशेष स्याहारसम्बन्धी व्यवस्था, राज्यको संरक्षणमा रहेका बालबालिकासम्बन्धी स्याहार र संरक्षणसम्बन्धी व्यवस्था रहेका छन् । नेपाल सरकारले प्रचलित कानुनहरूमार्फत् यी व्यवस्थालाई व्यवस्थित गरेको छ ।

## ४.१) **बालबालिकाको पारिवारिक संरक्षण**

### ४.१.१) **परिवारमा बसेका बालबालिका**

वि.सं. २०५८ को जनगणनाअनुसार नेपालमा एकल परिवारभन्दा संयुक्त परिवारको सङ्ख्या बढी रहेको देखिएको छ । जसले समाजमा पारिवारिक सम्बन्धको स्थिति बलियो भएको र बालबालिका बढी मात्रामा परिवारमै संरक्षित हुने कुरालाई सङ्केत गर्दछ । तलको तालिकामा १६ वर्षभन्दा मुनिका बालबालिकाको बसोबासको अवस्थासम्बन्धी तथ्य देखाइएको छ ।

**बालबालिकाको बसोबासको अवस्था** (**प्रतिशतमा**)

तालिका नं. ४.१

| क्र.सं. | बसोबासको अवस्था | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| | बाबुआमा दुबै वा अभिभावकसँग | ८७.२ | ८८.० | ८७.६४ |
| | आमासँग | ५.६ | ५.४ | ५.५४ |
| | बाबुसँग | १.१ | १.२ | १.२ |
| | बाबु र सौतेनी आमासँग | ०.८ | ०.६ | ०.६८ |
| | आमा र सौतेनी बाबुसँग | ०.७ | ०.६ | ०.६७ |
| | अन्य नातेदारसँग | १.० | ०.८ | ०.९४ |

| | | | | |
|---|---|---|---|---|
| | रोजगारदातासँग | ०.७ | ०.६ | ०.६५ |
| | अन्य | २.५ | २.३ | २.४७ |
| | जम्मा | १०० | १०० | १०० |

स्रोतः पपुलेशन मोनोग्राफ, केन्द्रीय तथ्याङ्क विभाग, २००३

माथिको तथ्याङ्कको आधारमा नेपालमा १६ वर्षमुनिका बालबालिकामध्ये ८७.६४% बालबालिका बाबुआमा वा अभिभावकको संयुक्त संरक्षकत्वमा नै रहेका देखिन्छन् भने आमासँग ५.५४% र बाबुसँग १.२०% बालबालिका रहेका पाइन्छन् ।

सन् २००१ को जनगणनामा १०३ वटा जातिगत तथ्याङ्कको अभिलेख तयार गरिएको छ । यसका अलावा नेपालमा संयुक्त परिवार र समुदायमा नै बालबालिकालाई सम्वर्द्धन स्याहार (Foster Care) गर्ने अभ्यास पुरानो परम्परा हो, यसो भए तापनि हाल संस्थागत संरक्षण र धर्मपुत्र, धर्मपुत्री बनाई बालबालिकालाई अरुको जिम्मामा दिने प्रवृत्ति बढ्दै गएको छ । हाल बालबालिका अभिभावकको संरक्षण, पारिवारिक संरक्षण, आफन्तजनको संरक्षण, धर्मपिता/धर्ममाताको तथा बालगृहहरूको पनि संरक्षणमा रहने गरेका छन् । साथै बालबालिकालाई पढ्न, स्वास्थ्य उपचार, स्याहार तथा संरक्षणका लागि शुभचिन्तकहरूले आर्थिक सहयोग गर्ने समेत चलन रहेको छ । सडकमा आश्रित बालबालिका भने स्याहार तथा संरक्षणविहीन अवस्थामा रहेका हुन्छन् ।

४.१.२) **परिवारविहीन बालबालिका**

४८ जिल्लाबाट प्राप्त जिल्लागत तथ्याङ्कअनुसार मुलुकमा जम्मा २१४३६ जना बालबालिकाहरु परिवारविहीन बालबालिकाका रुपमा रहेको पाइएको छ । जसमध्ये १४,०७१ जना पारिवारिक संरक्षणविहीन, २,३११ जना परिवारमा वयस्क नभई बालबालिकामात्र भएका र ५,०५४ जना आफन्तको संरक्षणमा रहेका बालबालिका भएको देखिएको छ ।

**परिवारविहीन बालबालिकासम्बन्धी विवरण**

तालिका नं. ४.२

| क्र.स. | जिल्ला | परिवारिक संरक्षणविहीन बालबालिकाको कूल सङ्ख्या | | | बालबालिका मात्र भएको अवस्थामा रहेका बालबालिका | | | आफन्तको संरक्षणमा रहेका बालबालिका | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| | जम्मा | ४९७६ | ४७७० | १४०७१ | ७४ | ६७ | २३११ | ६१९ | ८०५ | ५०५४ | ५६६९* | ५६४२* | २१४३६* |
| १ | ललितपुर | - | - | २३७० | - | - | २१५८ | - | - | ११८५ | ० | ० | ५७१३ |
| २ | कालीकोट | २५१६ | १६३० | ४१४६ | ० | ० | ० | ० | ० | ० | २५१६ | १६३० | ४१४६ |
| ३ | सुर्खेत | - | - | १८८८ | - | - | १२ | - | - | १५१० | ० | ० | ३४१० |
| ४ | अर्घाखाँची | १२६८ | १५२७ | २७९५ | ० | ० | ० | २२६ | २८६ | ५१२ | १४९४ | १८१३ | ३३०७ |
| ५ | रुकुम | ५५३ | ७७४ | १३२७ | ० | ० | ० | ० | ० | ० | ५५३ | ७७४ | १३२७ |
| ६ | स्याङ्जा | ० | ० | ० | ० | ० | ० | - | - | ९३५ | ० | ० | ९३५ |
| ७ | लमजुङ | ० | २१ | २१ | ३५ | ४५ | ८० | २४५ | ३२१ | ५६६ | २८० | ३८७ | ६६७ |
| ८ | बाजुरा | १६५ | २७९ | ४४४ | ० | ० | ० | ० | ० | ० | १६५ | २७९ | ४४४ |
| ९ | मुगु | १५४ | २१९ | ३७३ | ० | ० | ० | ५ | ७ | १२ | १५९ | २२६ | ३८५ |
| १० | पर्वत | ८४ | ९९ | १८३ | ० | ० | ० | ७९ | ८२ | १६१ | १६३ | १८१ | ३४४ |
| ११ | अन्य | २३६ | २२१ | ५२४ | ३९ | २२ | ६१ | ६४ | १०९ | १७३ | ३३९ | ३५२ | ७५८ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क (जिल्लास्तर), २०६८

*जिल्लागतरुपमा प्राप्त तथ्याङ्कमा कतिपय जिल्लाबाट लिङ्गगतरुपमा सङ्ख्या नखुलाइएका कारण जम्मा योगमा फरक पर्न गएको छ ।

### ४.२) **हराएका र फेला परेका बालबालिका**

परिवारबाट विछोड भई जोखिममा परेका बालबालिकाको तत्काल खोजतलास तथा उद्धार गरी परिवारमा पुनर्मिलन गर्नका लागि नेपाल सरकारका विभिन्न निकायहरू महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, समाजकल्याण परिषद्, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमलगायत अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहकार्यमा काठमाडौंको भृकुटीमण्डपमा वि.सं. २०६३ साल मङ्सिर २२ गतेका दिन बालबालिका

खोजतलास तथा समन्वय केन्द्रको स्थापना गरिएको हो । बालबालिका हराएमा काठमाडौं उपत्यकालगायतका बालबालिका हराउन सक्ने सम्भावित जोखिम स्थानहरूबाट निःशुल्क टेलिफोन नं. १०४ को व्यवस्था गरिएको छ ।

बालबालिका खोजतलास केन्द्र भृकुटीमण्डपको वार्षिक प्रतिवेदन, २०६८ अनुसार गत आ.व. २०६७/०६८ मा १,२२८ जना बालक र १,२०३ जना बालिका गरी जम्मा २,४३१ जना बालबालिका हराएकोमा ७७७ जना बालक र ५६७ जना बालिका गरी जम्मा १,३४४ जनामात्रै बालबालिका फेला परेको अभिलेख छ । जसमध्ये १ जना बालक र १ जना बालिका गरी जम्मा २ जना बालबालिका मृत अवस्थामा फेला परेका थिए । त्यसैगरी ४५१ जना बालक र ६३६ जना बालिका गरी जम्मा १,०८७ जना बालबालिका फेला पर्न बाँकी रहेको पाइएको छ । हराएका बालबालिकाको तुलनामा कम बालबालिका फेला पर्नुमा एउटा कारण फेला परेका बालबालिकाका अभिभावकहरूले फेला परेको जानकारी खोजतलास केन्द्रलाई जानकारी नगराएकोले पनि यसो भएको हुन सक्दछ ।

**हराएका र फेला परेका बालबालिकाको सङ्ख्यात्मक विवरण**

तालिका नं. ४.३

| विकास क्षेत्र | | हराएको सङ्ख्या | | जम्मा | फेला परेको सङ्ख्या | | जम्मा | फेला पर्न बाँकी सङ्ख्या | | जम्मा | मृत फेला परेको सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | | बालक | बालिका | | बालक | बालिका | | बालक | बालिका | |
| पूर्वाञ्चल | | ८९ | १९१ | २८० | ६ | ७ | १३ | ८३ | १८४ | २६७ | | | ० |
| मध्यमाञ्चल | उपत्यका | ७७५ | ४८६ | १,२६१ | ६८९ | ४२३ | १,११२ | ८६ | ६३ | १४९ | | | ० |
| | अन्य जिल्ला | १३६ | १७७ | ३१३ | २४ | ४३ | ६७ | ११२ | १३४ | २४६ | | | ० |
| पश्चिमाञ्चल | | ८८ | १७३ | २६१ | २८ | ६६ | ९४ | ६० | १०७ | १६७ | | | ० |
| मध्यमश्चिमाञ्चल | | १०७ | १३४ | २४१ | २५ | २२ | ४७ | ८२ | ११२ | १९४ | | | ० |
| सुदूर पश्चिमाञ्चल | | ३३ | ४२ | ७५ | ५ | ६ | ११ | २८ | ३६ | ६४ | | | ० |
| कूल जम्मा | | १,२२८ | १,२०३ | २,४३१ | ७७७ | ५६७ | १,३४४ | ४५१ | ६३६ | १,०८७ | १ | १ | ० |

स्रोतः बालबालिका खोजतलास तथा समन्वय केन्द्र, भृकुटीमण्डप, २०६७/६८

चित्र नं. ४.३




**हराएका बालबालिकाको उमेरगत विवरण**

तालिका नं. ४.४

| क्र.सं | उमेर (वर्ष) | बालक २०६७/६८ | बालिका २०६७/६८ | कूल जम्मा |
|---|---|---|---|---|
| १ | ०-७ | २०१ | १०९ | ३१० |
| २ | ८-१० | २०५ | ८७ | २९२ |
| ३ | ११-१३ | ४०१ | २४८ | ६४९ |
| ४ | १४-१६ | ३३७ | ४५७ | ७९४ |
| ५ | १७-१८ | ८४ | ३०२ | ३८६ |
| जम्मा | | १,२२८ | १,२०३ | २,४३१ |

स्रोतः बालबालिका खोजतलास केन्द्र, भृकुटीमण्डप, २०६७/६८

चित्र नं. ४.४(क)




चित्र ४.४ (ख) लिङ्गका आधारमा




हराएका बालबालिकामध्ये १४-१६ वर्ष उमेर समूहका बालबालिका बढी हराउने गरेको देखिएकाले यस्ता बालबालिका बढी जोखिममा रहेका पाइन्छन् । यस उमेर समूहका बालबालिका बढी अपहरणमा पर्ने, अरुको लहैलहैमा लाग्ने र आफैं बहकिएर हिंड्दा हराउने गरेको पाइएको छ । त्यसैगरी लिङ्गका आधारमा विश्लेषण गर्दा बालिकाको तुलनामा बालकहरू बढी हराउने गरेको पाइएको छ । यसले के देखाउँछ भने बालकहरूको तुलनामा बालिकाहरूको संरक्षणमा अभिभावक र परिवारहरू

बढी संवेदनशील भएको भन्न सकिन्छ । त्यस्तै बालिकाहरूको तुलनामा बालकहरू बढी घुमफिर गर्ने भएकोले पनि बढी हराउने गरेको पाइएको छ ।

**संरक्षणका लागि जिम्मामा पठाइएका बालबालिकाको विवरण**

तालिका नं. ४.५

| क्र.सं. | सङ्घ संस्थाको नाम | सेवा पुऱ्याइएको जम्मा बालबालिका सङ्ख्या | अभिभावकलाई जिम्मा लगाएको सङ्ख्या | हाल सोही ठाउँमा रहेको | आश्रयस्थल छोडी भागेका |
|---|---|---|---|---|---|
| १. | बालमजदुर सरोकार केन्द्र (सिविन) | २८ | १९ | ६ | ३ |
| २. | CPCS | ८३ | ५० | १८ | १५ |
| ३. | CWISH | २ | २ | - | - |
| ४. | माइती नेपाल | १ | १ | - | - |
| ५. | प्रयास नेपाल | २ | - | २ | - |
| ६. | नेपाल बाल सङ्गठन | ६ | ४ | २ | - |
| जम्मा | | १२२ | ७६ | २८ | १८ |

स्रोतः बालबालिका खोजतलास केन्द्र, भृकुटीमण्डप, २०६७/६८

हराएर फेला परेका १,३४४ जना बालबालिकामध्ये १२२ जना बालबालिकाको संरक्षणका लागि उनीहरूलाई विभिन्न संस्थाहरूलाई जिम्मा लगाइएकोमा पछि ७६ जना बालबालिकालाई परिवार वा अभिभावकको संरक्षणमा दिइएको छ भने २८ जना तिनै संस्थाहरूमा संरक्षित रहेका छन् । संस्थाको संरक्षणमा दिइएकामध्ये १८ जना बालबालिका संस्थागत संरक्षणमा पुगेपछि फेरि भागेको देखिएको छ । हराएर फेला परेका बालबालिकामध्ये ३२८ जना बालबालिकालाई उनीहरूको परिवारमा पुनर्स्थापना गरिएको छ ।

गत आ.व.मा १ जना बालक र १ जना बालिका गरी जम्मा २ जना बालबालिका मृत अवस्थामा फेला परेका थिए । यसरी बालबालिका मारिनुमा आपराधिक मनसायले बालबालिका अपहरण गरी फिरौती माग्ने र नपाएमा मारिदिने, पारिवारिक वा अभिभावकसँगको रिसीइवीजस्ता कारणहरू रहेको पाइएको छ ।

४.३) **नेपालका बालगृहहरू र बालबालिका**

केन्द्रीय बालकल्याण समितिको अभिलेखअनुसार नेपालमा ६०२ वटा बालगृहहरू सञ्चालनमा रहेका छन् । परिवारविहीन बालबालिकाको संरक्षणका लागि भनेर खोलिएका बालगृहहरू नेपालको ३८ जिल्लामा छरिएर रहेका छन् । के.बा.क.स.को अभिलेखअनुसार सबैभन्दा बढी बालगृहहरू काठमाडौंमा र दोस्रोमा ललितपुरमा र तेस्रोमा कास्कीमा रहेका छन् ।

**नेपालका बालगृहहरूको जिल्लागत विवरण**

तालिका ४.६

| क्र.सं. | जिल्ला | जम्मा |
|---|---|---|
| १ | काठमाडौं | २९१ |
| २ | ललितपुर | १२५ |
| ३ | कास्की | ५२ |
| ४ | चितवन | २४ |
| ५ | भक्तपुर | २० |
| ६ | बाँके | ११ |
| ७ | रूपन्देही | ८ |
| ८ | कैलाली | ६ |
| ९ | सङ्खुवासभा | ५ |
| १० | सुर्खेत | ५ |
| ११ | अन्य | ५५ |
| | जम्मा | ६०२ |

स्रोतः के.बा.क.स., २०६८

के.बा.क.स.को अभिलेखअनुसार ३८ जिल्लामा सञ्चालित ६०२ वटा बालगृहहरूमा बालिका ६,६४७ (४४.०४%) र बालक ८,४४८ (५५.९६%) गरी कूल १५,०९५ जना बालबालिका संरक्षित छन् । तथ्याङ्कअनुसार बालगृहमा बालिकाभन्दा बालकको सङ्ख्या बढी देखिन्छ । उमेरगत रूपमा विश्लेषण गर्दा ६-१२ वर्ष उमेर समूहका बालबालिका बढी संरक्षण गृहमा रहेको र दोस्रोमा १२-१६ वर्ष उमेर समूहका बालबालिका रहेको देखिएको छ भने सबैभन्दा कम ३ वर्षभन्दा कम उमेरका बालबालिका संरक्षण गृहमा रहेका पाइन्छन् ।

**बालगृहहरूमा संरक्षित बालबालिकाको उमेरगत र लिङ्गगत विवरण**

तालिका नं. ४.७

| उमेर समूह | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| ३ भन्दा कम | ५३१ | ५४२ | १,०७३ |
| ३-६ | ८६६ | ८५१ | १,७१७ |
| ६-९ | १,८०० | १,४१४ | ३,२१४ |
| ९-१२ | २,१४७ | १,५६६ | ३,७१३ |
| १२-१६ | २,१०० | १,५९० | ३,६९० |
| १६ भन्दाबढी | १,००४ | ६८४ | १,६८८ |
| जम्मा | ८,४४८ | ६,६४७ | १५,०९५ |

स्रोतः केन्द्रीय बालकल्याण समिति, २०६८

चित्रः ४.७




नेपालमा सञ्चालित बालगृहहरूलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार (महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति) ले बालगृह सञ्चालनसम्बन्धी न्यूनतम मापदण्ड २०६० लागू गरेको छ । उक्त मापदण्डमा आधारित भएर केन्द्रीय बालकल्याण समितिले बालगृहलाई क, ख, ग र घ गरी चार समूहमा विभाजन गरेको छ । केन्द्रीय बालकल्याण समितिका अनुसार दुई वर्षअगाडि वर्गीकरणमा ४४४ वटा बालगृहमध्ये क वर्गमा ६ वटा, ख वर्गमा ५६ वटा, ग वर्गमा १९४ वटा र घ वर्गमा १८८ वटा बालगृहहरू रहेका छन् । समितिले घ वर्गका

बालगृहलाई तत्काल बन्द गर्नका लागि निर्देशन गरिएको छ भने ग वर्गका बालगृहहरूलाई विद्यमान सेवा र सुविधामा विस्तार गरी बालबालिकालाई संरक्षणको व्यवस्था गर्न निर्देशन गरिएको छ । पछि थपिएका र आबद्ध बालगृहको वर्गीकरण गर्ने कार्य भैरहेको छ ।

४.४) **धर्मपुत्र, धर्मपुत्री**

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले कुनै पनि बालबालिका अभिभावकविहीन हुँदैनन्, उनीहरूको अभिभावकत्वको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । धर्मपुत्र, धर्मपुत्री लिनेदिने धेरै पुरानो सामाजिक परम्परा हो । नेपाली समाजमा पनि यो व्यवस्था परम्परादेखि कायम भई आएको छ । आफ्नै सन्तान नहुने व्यक्ति वा दम्पतिले नजीकका नातागोताका सन्तानलाई धर्मपुत्र, धर्मपुत्रीका रूपमा ग्रहण गर्ने र बाबुआमाको ममता बालबालिकालाई दिने गरेको पाइन्छ । नेपाल सरकारले यस्तो परम्परालाई कानुनमार्फत् व्यवस्थित गर्दै आएको पाइएको छ ।

बाबुआमा भएका बालबालिकालाई धर्मपुत्र, धर्मपुत्रीका रूपमा ग्रहण गर्नु वा दिनुभन्दा परित्यक्त वा बाबुआमाविहीन बालबालिकालाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नु उपयुक्त हुन्छ । तर यो चलन स्वदेशभित्र त्यति साह्रो देखिँदैन । मुलुकभित्र धर्मपुत्र, धर्मपुत्री लिनेदिने सम्बन्धमा मुलुकी ऐनले लिखत रजिष्ट्रेसन गर्नुपर्ने व्यवस्था गरेको छ । मुलुकी ऐनले निश्चित प्रक्रियाको व्यवस्था गरे तापनि प्रक्रिया नपुऱ्याइकन धर्मपुत्र, धर्मपुत्रीका रूपमा धेरैजना बालबालिका रहेकोले देशभित्र धर्मपुत्र, धर्मपुत्रीको रूपमा रहेका बालबालिकाको एकिन तथ्याङ्क पाउन कठीन छ ।

यसका साथै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २२ मा जिल्ला बालकल्याण अधिकारीद्वारा संरक्षक तोकी असहाय बालबालिकालाई संरक्षण गर्न सक्ने व्यवस्था गरेको छ, सोही व्यवस्थामुताबिक हाल धेरैजना बालबालिका संरक्षित भएको पाइएको छ ।

नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्रीका रूपमा ग्रहण गर्न दिने प्रचलन छ । विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री दिने सम्बन्धमा नेपाल सरकारले बालअधिकारसम्बन्धी महासन्धि, १९८९, अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीका सम्बन्धमा बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, १९९३ (द हेग कन्भेन्सन, १९९३) तथा प्रचलित राष्ट्रिय कानुनलाई समेत समेटेर **नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिनेसम्बन्धी शर्त तथा प्रकृया**, २०६५ कार्यान्वयनमा ल्याएको छ । नेपालले सन् २००९ को अप्रिल २८ तारिखका दिन अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीका सम्बन्धमा बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, १९९३ (द हेग कन्भेन्सन, १९९३) मा हस्ताक्षर गरेको छ ।

वि.सं. २०५० साल वैशाखदेखि वि.सं. २०६५ साल साउनसम्म धर्मपुत्र, धर्मपुत्री भएर विदेश जाने बालबालिकाको सङ्ख्या २,२३४ जना रहेको छ । नेपालबाट गएको २ वर्ष अगाडि विदेशमा धर्मपुत्र/ धर्मपुत्री पठाउने व्यवस्था केही समयका लागि रोकिएको थियो तर पछि २००९ को जनवरीबाट सुचारु गरेपश्चात् थप २२४ जना बालिका र १२० जना बालक गरी जम्मा ३४४ जना बालबालिका विदेशमा धर्मपुत्र, धर्मपुत्रीका रूपमा गएको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले जनाएको छ ।

तालिका ४.८

**धर्मपुत्र, धर्मपुत्रीका रूपमा विदेश गएका बालबालिकाको सङ्ख्यात्मक विवरण**

सन् २००९ मा धर्मपूत्र/धर्मपूत्री भै गएका बालबालिकाको विवरण

| देशहरु | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| बेल्जियम | ५ | २ | ७ |
| क्यानाडा | २ | ० | २ |
| डेनमार्क | ८ | ९ | १७ |
| फ्रान्स | १२ | १२ | २४ |
| इटाली | ३९ | ३२ | ७१ |
| नर्वे | ७ | ३ | १० |
| स्पेन | ३२ | १४ | ४६ |
| स्वीडेन | ६ | २ | ८ |
| स्वीट्जरल्याण्ड | ४ | १ | ५ |
| बेलायत | ४ | १ | ५ |
| अमेरिका | ७३ | २६ | ९९ |
| जम्मा | १९२ | १०२ | २९४ |

सन् २०१० मा धर्मपूत्र/धर्मपूत्री भै गएका बालबालिकाको विवरण

| देशहरु | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| इटाली | २० | १३ | ३३ |
| स्पेन | १२ | ५ | १७ |
| जम्मा | ३२ | १८ | ५० |

स्रोतः महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०६८

चित्रः ४.८




**४.५) नेपालमा रहेका शरणार्थी बालबालिकाको स्थिति**

कुनै पनि देशका नागरिकहरू राजनैतिक कारणले जोखिममा परी अर्को देशमा गई शरण लिई शरणार्थीका रूपमा गएर बस्ने चलन छ । यसरी शरणार्थी भएर गएका विदेशी नागरिकलाई सम्बन्धित देशले सुरक्षा तथा संरक्षण दिनुपर्ने आम व्यवस्था रहेको छ । शरणार्थीको रूपमा बस्नुपर्ने स्थिति आफैंमा जोखिमी अवस्था हो त्यसमा पनि बालबालिका शरणार्थी अवस्थामा बालबालिका अझ बढी जोखिममा रहेका हुन्छन् ।

नेपालमा शरणार्थीहरूको समस्या निकै चर्को रूपमा देखिएको छ । नेपालमा १३ वटा देशका शरणार्थी रहेको भनिन्छ तर तिब्बती शरणार्थी र भुटानी शरणार्थीहरूको सङ्ख्या ठूलो छ ।

नेपालमा भुटानबाट आई शरण लिई बसेका वयस्क शरणार्थीहरू ४३,०३८ र बालबालिका २२,१९३ जना गरी जम्मा ६५,२३१ जना रहेको पाइएको छ । यसैगरी यस्ता शरणार्थीलाई तेस्रो देशमा पुनर्स्थापना गराउने कार्यक्रमअनुसार हालसम्म विभिन्न मुलुकमा गरी जम्मा ३०,१४४ जना शरणार्थीहरु तेस्रो मुलुकमा पुनर्स्थापना भई गएको तथ्याङ्क छ ।

## भुटानी शरणार्थीको उमेरगत र लिङ्गगत विवरण

तालिका नं. ४.६

| उमेर समूह | ०–४ | | | ५–११ | | | १२–१७ | | | १८–५६ | | | ६० माथि | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग/ शिविर | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बेलडाँगी | १६६३ | १५८२ | ३२४५ | २१९८ | २१२० | ४३१८ | २६३९ | २३७४ | ५०१३ | ११०२१ | १०६९३ | २१७१४ | १४४९ | ११९० | २६३९ | १८९७० | १७९५९ | ३६९२९ |
| गोल्धाप | २१ | २४ | ४५ | ३९ | ३२ | ७१ | २४ | २१ | ४५ | १६६ | १७७ | ३४३ | २२ | १० | ३२ | २७२ | २६४ | ५३६ |
| खुदुनाबारी | ३९० | ३७२ | ७६२ | ४९५ | ५०१ | ९९६ | ५४३ | ५५५ | १०९८ | २७४४ | २८६९ | ५६१३ | ४०२ | ३०९ | ७११ | ४५७४ | ४६०६ | ९१८० |
| शनिश्चरे | ५३० | ५४० | १०७० | ८४१ | ७४४ | १५८५ | ८३७ | ८५४ | १६९१ | ३५७८ | ३४७७ | ७०५५ | ४५९ | ३८३ | ८४२ | ६२४५ | ५९९८ | १२२४३ |
| तिमाई | ३२७ | २९७ | ६२४ | ३९० | ४०३ | ७९३ | ४४१ | ३८५ | ८२६ | १८२४ | १८०० | ३६२४ | २१९ | १९५ | ४१४ | ३२०१ | ३०८० | ६२८१ |
| बाहिर | ० | १ | १ | २ | ४ | ६ | ३ | १ | ४ | ३३ | १३ | ४६ | ३ | २ | ५ | ४१ | २१ | ६२ |
| जम्मा | २९३१ | २८१६ | ५७४७ | ३९६५ | ३८०४ | ७७६९ | ४४८७ | ४१९० | ८६७७ | १९३६६ | १९०२९ | ३८३९५ | २५५४ | २०८९ | ४६४३ | ३३३०३ | ३१९२८ | ६५२३१ |

स्रोतः शरणार्थी समन्वय एकाइ, झापा, २०११

**वयस्कताका आधारमा शरणार्थीहरुको विवरण**

तालिका ४.१०

| वयस्कता | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बालबालिका | ११,३८३ | १०,८१० | २२,१९३ |
| वयस्क | २१,९२० | २१,११८ | ४३,०३८ |
| जम्मा | ३३,३०३ | ३१,९२८ | ६५,२३१ |

स्रोतः शरणार्थी समन्वय एकाइ, झापा, २०११

चित्र ४.१०



**पुनर्स्थापनाका लागि तेस्रो मुलुक गएका शरणार्थीहरुको विवरण**

तालिका नं. ४.११

| देश | सङ्ख्या |
|---|---|
| अमेरिका | २६,४४६ |
| अष्ट्रेलिया | १,३९२ |
| क्यानाडा | १,१२२ |
| न्यूजील्याण्ड | ४०७ |
| डेनमार्क | ३२६ |
| नर्वे | ३२४ |
| नेदरल्याण्ड्स | १२७ |
| जम्मा | ३०,१४४ |

स्रोतः शरणार्थी समन्वय एकाई, झापा, २०११

शरणार्थी समन्वय एकाई, झापाका अनुसार भुटानी शरणार्थीहरुलाई लक्षित गरेर तीन वर्षअगाडि सुरु गरिएको पुनर्स्थापना कार्यक्रम अन्तर्गत सन् २०११ अप्रिल अन्त्यसम्म नेपालका विभिन्न शिविरमा रहेका ३०,१४४ जना भुटानी शरणार्थीहरु विभिन्न देशमा पुनर्स्थापनाका लागि गएका छन् । जसमध्ये क्रमशः सबैभन्दा धेरै अर्थात् २६,४४६ जना अमेरिकामा, १,३६२ जना अष्ट्रेलियामा र १,१२२ जना क्यानाडामा गएका छन् ।

चित्र नं. ४.११



शरणार्थी समन्वय एकाई झापाका अनुसार भुटानी शरणार्थीका विद्यालय जाने बालबालिकाको सङ्ख्या १७,६०६ जना रहेको छ । जसमा ६,०७२ जना बालिका र ८,८३४ जना बालक छन् ।

**शरणार्थी शिविरअनुसार विद्यालय जाने बालबलिकाको विवरण**

तालिका नं. ४.१२

| लिङ्ग/ शिविर | विद्यार्थी | | | शिक्षक/शिक्षिका | | | विद्यालय | कक्षा कोठा |
|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | पुरुष | महिला | जम्मा | | |
| बेलडाँगी | ५,२०९ | ५,३२२ | १०,५३१ | १५९ | ९८ | २५७ | अप्राप्त | ३१८ |
| गोल्धाप | २०४ | १९३ | ३९७ | २४ | १३ | ३७ | १ | ११ |
| खुदुनाबारी | १,०४७ | १,१४४ | २,१९१ | ५५ | ३९ | ९४ | २ | ८७ |
| शनिश्चरे | १,६१६ | १,६५७ | ३,२७३ | ७६ | ४७ | १२३ | १२ | १३७ |
| तिमाई | ७५८ | ७५६ | १,५१४ | ४३ | २० | ६३ | ३ | ६८ |
| जम्मा | ८,८३४ | ९,०७२ | १७,९०६ | ३५७ | २१७ | ५७४ | १८ | ६२१ |

स्रोतः शरणार्थी समन्वय एकाई, झापा, २०११

शरणार्थी समन्वय एकाई, झापाका अनुसार शरणार्थी शिविरमा रहेका बालबालिकाको लागि शिक्षा सेवातर्फ कक्षा १-८ सम्मको शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चआयोग (UNHCR) को सहयोगमा प्राथमिक शिक्षा कार्यक्रम लागू छ भने कारितास नेपालको सहयोगमा कक्षा ९-१० का लागि निःशुल्क माध्यमिक शिक्षा कार्यक्रम लागू गरिएको छ । कारितास नेपालले अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क शिक्षा कार्यक्रम र प्रारम्भिक उमेरका बालबालिकाका लागि बाल खेलकक्षा लागू गरेको छ । आम्दा नेपाल, कारितास नेपाल र लुथरन वर्ल्ड फेडेरेसनजस्ता संस्थाहरूको सहयोगमा एस्.एल्.सी. अनुत्तीर्ण र पढाई छोडका विद्यार्थीलाई व्यावशायिक तालिम दिने र एच्.आइ.भी. र एड्ससम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छन् । त्यसैगरी स्वास्थ्य सेवातर्फ ५ वर्षमुनिका बालबालिकालाई आम्दा नेपालले आइएमसीआइ क्लिनिक, नवजात शिशुहरूका लागि बेबी ब्ल्याङ्केट वितरण, पोषणसम्बन्धी, उमेरअनुसारको उचाई अनुगमन कार्यक्रम सञ्चालन गरिरहेको छ ।

**नेपालमा रहेका तिब्बती शरणार्थीको विवरण**

तिब्बती शरणार्थी कल्याण कार्यालय, काठमाडौंका अनुसार १२,६६५ जना तिब्बती शरणार्थी रहेको बताएको छ भने सोमध्ये २,३६२ जना बालबालिका र १०,३०३ जना वयष्कहरू रहेको देखिएको छ ।

जसमध्ये बालिकाको सङ्ख्या १,१४६ जना र बालकको सङ्ख्या १,२१६ जना रहेको देखिएको छ ।

**नेपालमा रहेका तिब्बती शरणार्थीहरुको विवरण**

तालिका नं. ४.१३

| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | वयस्क | ५,४१५ | ४,८८८ | १०,३०३ |
| २ | बालबालिका | १,१४६ | १,२१६ | २,३६२ |
| | जम्मा | ६,५६१ | ६,१०४ | १२,६६५ |

स्रोतः तिब्बती शरणार्थी कल्याण कार्यालय, लाजिम्पाट, २००६

चित्र ४.१३



**तिब्बती शरणार्थी बालबालिकाका लागि लक्षित गरेर सञ्चालित विद्यालयहरूको विवरण**

तालिका नं. ४.१४

| क्र.सं. | विद्यालय सञ्चालन भएका जिल्लाहरू | विद्यालय सङ्ख्या |
|---|---|---|
| १ | काठमाडौं उपत्यका | ४ |
| २ | पोखरा | ३ |
| ३ | मुस्ताङ | १ |
| ४ | मनाङ | १ |
| ५ | ओलाङचुङगोला ताप्लेजुङ | १ |
| ६ | सोलुखुम्बु चाल्सा | १ |
| ७ | रसुवा स्याप्रुबेसी | १ |
| | जम्मा | १२ |

स्रोतः स्नो लायन फाउण्डेसन, ललितपुर, २००६

तिब्बती शरणार्थी कल्याण कार्यालयले तिब्बती शरणार्थी बालबालिकाका लागि लक्षित गरेर शिक्षा, बालस्वास्थ्य तथा हेरचाह र सरसफाइसम्बन्धी कार्यक्रमहरू सञ्चालनमा आएको जनाएको छ ।

# परिच्छेद-५ आधारभूत स्वास्थ्य र कल्याण

## ५.१) बालस्वास्थ्य र पोषण

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले सबै बालबालिकाका हकमा स्वास्थ्य र स्वास्थ्यसम्बन्धी हकहरूलाई सुनिश्चितताको लागि जोड दिँदै व्यवस्थित गरेको छ भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा सोसम्बन्धी व्यवस्था गरिएको छ । नेपालको चालु त्रिवर्षीय अन्तरिम योजनाले पनि सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, बालस्वास्थ्य कार्यक्रम, सङ्क्रामक रोग नियन्त्रण, विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिई स्वास्थ्य सेवासम्बन्धी नीति र विशेष स्वास्थ्य सेवा कार्यक्रमहरू लागू गरिरहेको छ ।

सबै बालबालिकाले स्वास्थ्य सर्वसुलभ, सरल र सहज ढङ्गले पाउनुपर्छ भन्ने नेपाल सरकारको नीतिअनुसार बालस्वास्थ्यलाई विभिन्न क्षेत्रमा विभाजन गरी सोबमोजिम सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रतिरोधात्मक/प्रतिकारात्मक, पुनर्स्थापानात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरूजस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

बालबालिकालाई कुपोषणबाट जोगाउन गएको आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए । तीमध्ये स्तनपान, उमेरअनुसारको उचाइ अनुगमन, आयोडिनको कमीबाट हुनसक्ने अवस्थालाई रोक्ने, भिटामिन 'ए' क्याप्सुल, आइरन चक्की वितरण र जुकाविरुद्धको रोकथाम कार्यक्रम प्रमुख थिए ।

**बालबालिकालाई कुपोषणबाट जोगाउन सञ्चालित कार्यक्रमहरूको लक्ष्य तथा उपलब्धि** (**अङ्क तथा प्रतिशतमा**)

तालिका नं. ५.१

| क्र.सं. | क्रियाकलाप | एकाइ | उपलब्धि | उपलब्धि% |
|---|---|---|---|---|
| १ | बृद्धि अनुगमन | ३ वर्षमुनिका बालबालिका | १२,८३,३७७ | ६१.५ |
| २ | बृद्धि अनुगमन | ५ वर्ष मुनिका बालबालिका | १५,४७,६६२ | ४५.५१ |
| ३ | भिटामिन 'ए' क्याप्सुल वितरण | बालबालिका (६ महिनादेखि ५९ महिनासम्मका) | २६,४६,६६७ | ९०.०० |
| ४ | आइरन चक्की वितरण | गर्भवती महिला | ६,९७,१०२ | ९२.०० |

स्रोतः वार्षिक प्रतिवेदन २०६६/६७, स्वास्थ्य सेवा विभाग

माथिको तालिकालाई विश्लेषण गर्दा साना उमेरका बालबालिकाको बृद्धि अनुगमन सरकारी तबरबाट प्रभावकारीरुपमा हुन थालेको पाइएको छ, जसबाट बालबालिकाको पोषणको स्थिति नियमितरुपमा अनुगमन गर्न सकिने र सोही अनुसार पौष्टिक तत्वको पर्याप्तता र अपर्याप्ततासम्बन्धी अवस्था विश्लेषण गरी व्यवस्था गर्न सकिन्छ । भिटामिन 'ए' को क्याप्सुल वितरण कार्यक्रममा ६०.००% र आइरन चक्की वितरण कार्यक्रममा ६२.००% उपलब्धि भएको देखिएको छ । यी तथ्यहरूले बालबालिकाको स्वास्थ्यका लागि सञ्चालित कार्यक्रम प्रभावकारी भएको पुष्टि गर्दछ ।

**विस्तारित खोप कार्यक्रमअन्तर्गतको लक्ष्य तथा उपलब्धि**

तालिका नं. ५.२

| क्र.सं. | क्रियाकलाप | एकाइ | लक्ष्य | उपलब्धि | उपलब्धि% |
|---|---|---|---|---|---|
| १ | BCG खोप | शिशु | ६,४८,८५५ | ६,१३,०३२ | ९४.४८ |
| २ | DPT-Hep B १ खोप | शिशु | ६,४८,८५५ | ५,५०,७१९ | ८४.८८ |
| ३ | DPT-Hep B २ खोप | शिशु | ६,४८,८५५ | ५,२१,९५८ | ८०.४४ |
| ४ | DPT-Hep B ३ खोप | शिशु | ६,४८,८५५ | ५,२९,३१० | ८१.५८ |
| ५ | Polio १ खोप | शिशु | ६,४८,८५५ | ५,६३,१५३ | ८६.७९ |
| ६ | Polio २ खोप | शिशु | ६,४८,८५५ | ५,३५,५४१ | ८२.५४ |
| ७ | Polio ३ खोप | शिशु | ६,४८,८५५ | ५,४०,२७६ | ८३.२७ |
| ८ | दादुरा खोप | शिशु | ६,४८,८५५ | ५,६०,५५८ | ८६.३९ |
| ९ | TT2 & TT2 + खोप | गर्भवती महिला | ७,५७,६८६ | ५,९३,६४६ | ७८.३५ |
| १० | बाह्रौं पोलियो राष्ट्रिय खोप दिवस ७५ जिल्लामा पहिलो चरण | ५ वर्ष मुनिका बालबालिका | ४४,६६,९६० | ३९,२४,५८२ | ८७.९ |
| ११ | बाह्रौं पोलियो राष्ट्रिय खोप दिवस ७५ जिल्लामा दोस्रो चरण | ५ वर्ष मुनिका बालबालिका | ४४,६६,९६० | ३९,९४,५८४ | ८९.४ |
| १२ | Polio (Mop-up) २७ जिल्लामा पहिलो चरण | ५ वर्षमुनिका बालबालिका | २८,७३,३८८ | २६,४५,१९२ | ९२.१ |
| १३ | जापानीज इन्सेफलाइटिज खोप अभियान काठमाडौं जिल्लामा | १ वर्ष माथिका बालबालिका | १२,११,५९६ | ९,७८,२५४ | ७५.० |
| १४ | विद्यालय खोप १२ जिल्लामा | कक्षा १ का विद्यार्थीहरू | २,५७,९५९ | २,५४,१३२ | ९९.० |

स्रोतः वार्षिक प्रतिवेदन २०६६/६७, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य मन्त्रालय

नेपाल सरकारले बालबालिकाको दीर्घ जीवन र विकासलाई लक्षित गरेर विभिन्न खोप कार्यक्रमहरू सञ्चालन गरिरहेको छ, हालसम्म सञ्चालित यस्ता कार्यक्रमहरूको प्रभावकारिता उल्लेख्य देखिएको छ । यस्तै सरकारले सुरक्षित मातृत्व कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । तलको तालिकामा प्रस्तुत गरिएअनुसार यसको उपलब्धि मापन गर्दा सन्तोजनकरूपमा प्रवृत्ति बढ्दै गएको देखिएको छ ।

**सुरक्षित मातृत्व कार्यक्रमको उपलब्धि**

तालिका नं. ५.३

| सूचक | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुत्केरी हुनु अगावै स्वास्थ्य संस्थामा जानेहरुको सङ्ख्या | ६,६२,००५ | ८७.४ |
| तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य संस्थामा सुत्केरी गराइएको सङ्ख्या | २,१५,५९९ | २८.५ |
| सुत्केरीपश्चात् स्वास्थ्य संस्थामा जानेहरुको सङ्ख्या | ३,७६,६९६ | ४९.७ |
| तलिम प्राप्त स्वास्थ्यकर्मी तथा अन्य सहयोगीहरूद्वारा घरैमा तथा स्वास्थ्य संस्थामा सुत्केरी गराइएको कूल सङ्ख्या | ३,१२,७६४ | ४१.३ |

स्रोतः वार्षिक प्रतिवेदन, २०६६/०६७, स्वास्थ्य सेवा विभाग

**आमा सुरक्षा कार्यक्रम**

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालका प्रत्येक नागरिकलाई आधारभूत स्वास्थसम्बन्धी हक हुनेछ भनी गरेको व्यवस्थाबमोजिम नेपालमा स्वास्थ्यसम्बन्धी व्यवस्थालाई व्यापकरूपमा विस्तार गरिएको छ । जसअनुसार,

**क) प्रसुती भत्ता**ः यो भत्ता सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्थास्थ्य चौकीमा सुत्केरी हुन आएका महिलालाई क्रमशः हिमाली भेगमा १,५००/-, पहाडी भेगमा रु. १,०००/- र तराई भेगमा रु. ५००/- उपलब्ध गराइन्छ ।

**ख) निःशुल्क प्रसुती सेवा**ः यस सेवाअन्तर्गत अस्पतालको क्षमता र सुविधाअनुसार न्यूनतम रु.१,०००/- देखि रु. ७,०००/- सम्मको शुल्क छुटको व्यवस्था गरिएको छ, जसमा आवश्यक पर्ने औषधि, सेवा, उपकरण तथा स्वास्थ्यकर्मीलाई उपलब्ध गराइने भत्तासमेत गणना गरिन्छ ।

**ग) घरमा गएर प्रसुती सेवा उपलब्ध गराउने स्वास्थ्यकर्मीलाई भत्ता**ः यो भत्ता घरैमा गएर प्रसुती सेवा उपलब्ध गराउने स्वास्थकर्मीलाई प्रतिकेश रु.२००/- का दरले उपलब्ध गराइन्छ ।

**नेपालमा सञ्चालित स्वास्थ्य संस्था/जनशक्तिबारे जानकारी**

तालिका नं. ५.४

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | आयुर्वेद अस्पताल (१३० वेड सङ्ख्या) | २ |
| २ | अञ्चल आयुर्वेद औषधालय | १४ |
| ३ | जिल्ला आयुर्वेद औषधि केन्द्र | ६१ |
| ४ | स्थानीय आयुर्वेद औषधालय | २१४ |
| ५ | अस्पताल | ११७ |
| ६ | बालअस्पताल (सरकारी र निजी गरेर) | ५ |
| ७ | बालअस्पतालमा रहेको बेड सङ्ख्या | ५५८* |
| ८ | प्राथमिक स्वास्थ्य केन्द्र | २०८ |
| ९ | स्वास्थ्य चौकी | ६७५ |
| १० | उपस्वास्थ्य चौकी | ३,१२७ |
| ११ | विस्तारित खोप क्लिनिक | १६,४७४ |
| १२ | गाउँघर क्लिनिक | १३,१८० |
| १३ | गैससद्वारा सञ्चालित स्वास्थ्य संस्था | ४८७ |
| १४ | निजी स्वास्थ्य संस्था | २३८ |
| १५ | चिकित्सक सङ्ख्या (नेपाल मेडिकल काउन्सिलमा अस्थायी, स्थायी र विशेषज्ञका रूपमा दर्ता भएका) | १२,१९४ |
| १६ | बालबालिकासम्बन्धी उपचार गर्ने चिकित्सक | १८२ |
| १७ | हेल्थ असिस्टेन्ट र असिस्टेन्ट हेल्थ वर्कर | ७,४९१ |
| १८ | नर्स र असिस्टेन्ट नर्स मिडवाइफ | ११,६३७ |
| १९ | कविराज | ३९४ |
| २० | वैद्य | ३६० |
| २१ | महिला स्वास्थ्य स्वयम्सेविका | ४८,४८९ |

स्रोतः आर्थिक सर्वेक्षण २०६७/०६८, स्वास्थ्य सेवा विभाग, आयुर्वेद विभाग, नेपाल मेडिकल काउन्सिल र केन्द्रीय तथ्याङ्क विभाग, २०१०

* क) कान्ति बालअस्पताल महाराजगञ्ज, काठमाडौं, ३०६ बेड, ख) सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवल, रूपन्देही १०० बेड, ग) अन्तर्राष्ट्रिय मैत्री बालअस्पताल, महाराजगञ्ज, काठमाडौं ५० बेड, घ) इशान बालनर्सिङ होम तथा प्रसूति गृह, बसुन्धरा, काठमाडौं २५ बेड, र ङ) अपाङ्ग बालअस्पताल तथा पुनर्स्थापना केन्द्र, वनेपा ७४ बेड । यी बाहेक पनि मुलुकका अधिकांश अस्पतालहरुमा बालवार्डको व्यवस्था गरिएको हुन्छ र त्यस्ता वार्डहरुमा अस्पतालको क्षमता हेरेर बेडहरु राखिएको पाइएको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा मुलुकको गाउँ-गाउँसम्म स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरू र स्वास्थ्य सेवाहरू पुगेको देखिन्छ तर दक्ष र विशेषज्ञहरू अझै पनि सहरकेन्द्रित भएको पाइएको छ । दक्ष र विशेष क्षमता भएका स्वास्थ्यकर्मीहरू गाउँ-गाउँसम्म पुग्ने हो भने नेपालमा सञ्चालित स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमहरूमा थप प्रभावकारी आई स्वस्थ जनशक्ति तयार हुने देखिन्छ ।

**आर्थिक सर्वेक्षण**, २०६७/६८ **का अनुसार गत आ.व.मा १५ वर्ष मुनिका ५८० जना मुटुको समस्या भएका बालबालिकाको निःशुल्क सल्यक्रिया सहितको उपचार गरिएको थियो ।**

## ५.२) **सरसफाइ**

नागरिकको स्वास्थ्यलाई सरसफाइले प्रत्यक्ष प्रभाव पार्दछ । स्वास्थ्यका लागि प्रतिकारात्मक उपायका रूपमा लिइने सरसफाइको उपायलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि नेपाल सरकारले गाउँगाउँमा खुला दिसामुक्त क्षेत्र कार्यक्रम सञ्चालन गरिरहेको छ । गत आ.व. २०६७/६८ मा कास्की जिल्लाका सबै ४३ गाविस, १ नगरपालिका र १ उपमहानगरपालिका गरी जिल्ला नै र अन्य विभिन्न ३१ जिल्लाका १८५ वटा गा.वि.स./न.पा.हरू खुला दिसामुक्त क्षेत्रका रूपमा घोषणा भएका भएका छन् ।

**खुला दिसा।मुक्त क्षेत्र घोषणा भएका क्षेत्रहरू**

तालिका नं. ५.५

| सि.नं | जिल्ला | गा.वि.स./न.पा. सङ्ख्या |
|---|---|---|
| १ | कास्की | पुरै जिल्ला |
| २ | चितवन | ३७ |
| ३ | स्याङ्‌जा | १६ |
| ४ | अछाम | १४ |

| | | |
|---|---|---|
| ५ | तनहुँ | १३ |
| ६ | म्याग्दी | १२ |
| ७ | पर्वत | ११ |
| ८ | सुर्खेत | ७ |
| ९ | बाग्लुङ | ७ |
| १० | लमजुङ | ७ |
| ११ | प्यूठान | ६ |
| १२ | कालिकोट | ६ |
| १३ | गोरखा | ५ |
| १४ | जुम्ला | ५ |
| १५ | सुनसरी | ४ |
| १६ | डोल्पा | ४ |
| १७ | कपिलवस्तु | ४ |
| १८ | दाङ | ३ |
| १९ | नवलपरासी | ३ |
| २० | रुपन्देही | २ |
| २१ | डडेल्धुरा | २ |
| २२ | डोटी | २ |
| २३ | बाजुरा | २ |
| २४ | मोरङ | २ |
| २५ | जाजरकोट | २ |
| २६ | काभ्रेपलाञ्चोक | २ |
| २७ | ताप्लेजुङ | २ |
| २८ | दैलेख | १ |
| २९ | दार्चुला | १ |
| ३० | पाँचथर | १ |
| ३१ | ललितपुर | १ |
| ३२ | उदयपुर | १ |
| | जम्मा | १८५ |

स्रोतः खानेपानी तथा ढलनिकास विभाग, काठमाडौं २०६८

### ५.३) स्वास्थ्यजन्य प्रकोप तथा प्राकृतिक प्रकोप

गत आर्थिक वर्षमा स्वास्थ्यजन्य प्रकोप तथा प्राकृतिक प्रकोपका कारण धेरै जना वयष्क र बालबालिका प्रभावित भएको पाइएको छ । यस अवधिमा मुलुकका विभिन्न स्थानमा फैलिएका महामारीमध्ये झाडापखालाका कारण जम्मा ५४ जना, डेङ्ग्युका कारण ५ जना, हैजाका कारणबाट ८ जना, भाइरल इन्फ्ल्यन्जाका कारणबाट ६ जना, भाइरल जरोका कारण ६ जना र खाद्य विषका कारण ४ जना व्यक्तिहरुको मृत्यु भएको पाइएको छ भने प्राकृतिक प्रकोपमा परी ९१ जनाको ज्यान गएको पाइएको छ ।

**क) झाडापखालाः**

गत आ.व.मा झाडापखालाका कारण मृत्यु तथा प्रभावित हुनेहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**झाडापखालाजन्य घटनाहरू**

तालिका नं. ५.६

| क्र.सं. | सूचक | घटना सङ्ख्या |
|---|---|---|
| | ५ वर्ष मुनिका बालबालिकाका लागि झाडापखाला रोगको नियन्त्रण तथा ARI सेवा | ३४००४०८ |
| | झाडापखालाका कारण मृत्यु हुनेको सङ्ख्या | ९१ |
| | ५ वर्ष मुनिका बालबालिकामा देखा परेको झाडापखालाको समस्या (प्रतिहजार) | ५९८ |
| | ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर (प्रतिहजार) | ०.०४ |

स्रोतः वार्षिक प्रतिवेदन, २०६६/६७, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य मन्त्रालय

माथिको तालिकाअनुसार झाडापखालाका नियन्त्रणका लागि ३४,००,४०८ जना बालबालिकालाई ARI सेवा उपलब्ध गराइएको थियो । सो वर्ष झाडा पखालाका कारण नेपालभरमा जम्मा ९१ जना बालबालिकाको मृत्यु भएको र प्रतिहजार बालबालिकामा ५९८ जना बालबालिका प्रभावित भएको देखिएको छ भने ५ वर्ष मुनिका बालबालिकाको झाडापखालाका कारण मृत्यु हुने दर प्रतिहजारमा ०.०४ रहेको छ ।

२०६६ को असारदेखि मध्य तथा सुदूर पश्चिमका पहाडी भेग विशेषगरी जारजरकोट र रुकुम जिल्लामा झाडापखालाका कारण बालबालिकासहित धेरैजनाको ज्यान गएको थियो । वि.सं. २०६७ सालमा यसको प्रभाव केही कम देखिएको भए तापनि अपेक्षितरुपमा मृत्युहुने नागरिकको सङ्ख्यामा कमी आउन भने सकेको छैन, झाडापखालाको महामारीमा परी गत वर्ष २५ जना बालबालिकासहित ५४ जनाको मुत्यु भएको छ । विगतका वर्षहरु र यसवर्षको महामारीमा गरी करिव ७०,००० जना व्यक्तिहरू प्रभावित भएको अनुमान गरिएको छ ।

**झाडापखालाबाट मृत्यु हुनेहरुको सङ्ख्यात्मक विवरण**

तालिका नं. ५.७

| क्र.सं. | जिल्ला | घटना | मृत्यु भएका | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | बालिका | बालक | जम्मा | कूल मृत्यु |
| १ | जाजरकोट | ३८६ | ३ | २ | १ | ३ | ९ | ९ |
| २ | बाजुरा | २ | १ | ० | १ | ० | २ | २ |
| ३ | दैलेख | २८ | ० | २ | १ | ० | ३ | ३ |
| ४ | डडेलधुरा | २४ | ० | १ | ० | ० | १ | १ |
| ५ | बैतडी | २९५ | २ | १ | १ | ० | ४ | ४ |
| ६ | रुकुम | २ | ० | ० | १ | १ | २ | २ |
| ७ | तनहुँ | २७ | १ | ० | ० | ० | १ | १ |
| ८ | धादिङ | ६१ | ० | ० | ० | ० | ० | ० |
| ९ | अछाम | १ | ० | ० | १ | ० | १ | १ |
| १० | बझाङ | २९ | ० | २ | २ | ० | ४ | ४ |
| ११ | दाङ | २९२ | ० | ३ | ४ | १ | ८ | ८ |
| १२ | खोटाङ | ५६ | ० | ० | ० | १ | १ | १ |
| १३ | प्यूठान | १ | | | | | ० | १ |
| १४ | रोल्पा | ९९ | ० | ० | ० | ० | ० | ० |
| १५ | मुस्ताङ | ४७ | ० | ० | ० | ० | ० | ० |
| १६ | मोरङ | १६१ | ० | ० | ० | ० | ० | ० |
| १७ | बाँके | १,५५७ | १ | ३ | ५ | ० | ९ | ९ |
| १८ | गोरखा | ६ | ३ | ० | ० | १ | ४ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | अर्घाखाँची | १६ | ० | ० | ० | ० | ० | ० |
| २० | सुर्खेत | ५० | ० | ० | ० | ० | ० | ० |
| २१ | डोटी | २४ | १ | ० | ० | ० | १ | १ |
| २२ | रुपन्देही | २१ | २ | ० | ० | ० | २ | २ |
| २३ | लमजुङ | १४० | ० | ० | १ | ० | १ | १ |
| | जम्मा | ३,३२५ | १४ | १४ | १८ | ७ | ५३ | ५४* |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

(*प्यूठान जिल्लामा लिङ्ग र उमेर नखुलेका १ जनाको मृत्यु भएकोले जम्मा योगमा फरक पर्न गएको हो)

चित्र ५.७



**ख) डेङ्ग्युका घटनाहरु**

तालिका ५.८

| जिल्ला | नमूना परीक्षण | डेङ्ग्यूका विरामीहरु | मृत्यु सङ्ख्या |
|---|---|---|---|
| चितवन/नवलपरासी | २,८७९ | ६०२ | ३ |
| रुपन्देही | १,४६५ | २९० | २ |
| कैलाली | १२५ | २२ | ० |
| पर्सा | ३५ | ८ | ० |
| रौतहट | २५ | ५ | ० |
| जम्मा | ४,५२९ | ९२७ | ५ |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

**ग) हैजाका घटनाहरु**

तालिका ५.९

| जिल्ला | हैजाका विरामीहरु | मृत्यु सङ्ख्या |
|---|---|---|
| नेपालगञ्ज | १५ | ८ |
| रुपन्देही | १८ | १ |
| काठमाडौं | ६८ | ० |
| जम्मा | १०१ | ९ |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

**घ) भाइरल इन्फ्ल्युयन्जाका घटनाहरु**

तालिका नं. ५.१०

| जिल्ला | विरामीहरु | मृत्यु सङ्ख्या |
|---|---|---|
| इलाम | ७०७ | ० |
| गोरखा | ६४६ | ४ |
| मोरङ | २५४ | ० |

| | | |
|---|---|---|
| बारा | ३३ | ० |
| ताप्लेजुङ | ५८ | ० |
| दोलखा | २९२ | ० |
| सिन्धुली | ७२८ | ० |
| ओखलढुङ्गा | ९८ | ० |
| मुस्ताङ | २१८ | ० |
| सुर्खेत | ८३ | ० |
| डडेलधुरा | २८० | ० |
| काभ्रे | ३२३ | ० |
| हुम्ला | ३८९ | २ |
| जम्मा | ४,१०९ | ६ |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

**ङ) भाइरल जरोका घटनाहरु**

तालिका नं. ५.११

| जिल्ला | विरामीहरु | मृत्यु सङ्ख्या |
|---|---|---|
| इलाम | ७०७ | ० |
| गोरखा | ६४६ | ४ |
| मोरङ | २५४ | ० |
| बारा | ३३ | ० |
| ताप्लेजुङ | ५८ | ० |
| दोलखा | २९२ | ० |
| सिन्धुली | ७२८ | ० |
| ओखलढुङ्गा | ९८ | ० |
| मुस्ताङ | २१८ | ० |
| सुर्खेत | ८३ | ० |
| डडेलधुरा | २८० | ० |
| काभ्रे | ३२३ | ० |
| हुम्ला | ३८९ | २ |
| जम्मा | ४,१०९ | ६ |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

**च) खाद्य विषका घटनाहरु**

तालिका नं. ५.१२

| जिल्ला | विरामीहरु | मृत्यु सङ्ख्या |
|---|---|---|
| गुल्मी | ८ | ० |
| रोल्पा | ३ | ३ |
| काभ्रे | ३२ | ० |
| कपिलवस्तु | ३ | ० |
| झापा | २५ | ० |
| कञ्चनपुर | ५ | १ |
| जम्मा | ७६ | ४ |

स्रोतः स्वास्थ्य सेवा विभाग/इपिडिमियोजोजी तथा रोग नियन्त्रण महाशाखा, २०६८

**ज) प्राकृतिक प्रकोप**

स्वास्थ्यसम्बन्धी महामारीका कारण प्रत्येक वर्ष जतिजना व्यक्तिहरू प्रभावित हुन्छन् त्योभन्दा बढी प्राकृतिक प्रकोपबाट पीडित हुने गरेको देखिएको छ । गृह मन्त्रालयका अनुसार मुलुकका विभिन्न जिल्लामा विभिन्न प्रकारका प्राकृतिक विपत्तिका कारण जम्मा ९१ जना व्यक्तिको मृत्यु भएको देखिएको छ । यद्यपि उक्त तथ्याङ्कमा कतिजना बालबालिकाको मृत्यु भयो भन्ने बारेमा खुलाइएको छैन ।

**प्राकृतिक प्रकोपका कारण भएको मानवीय क्षतिसम्बन्धी सङ्ख्यात्मक विवरण**

तालिका नं. ५.१३

| प्रकोप | मृत्यु सङ्ख्या |
|---|---|
| शीतलहर | ३३ |
| आगजनी | २१ |
| चट्याङ | १९ |
| पहिरो | १४ |
| बाढी | २ |
| आँधीहुरी | २ |
| जम्मा | ९१ |

स्रोतः गृह मन्त्रालय, प्रकोप व्यवस्थापन शाखा, २०६८

चित्र नं. ५.१३




## ५.४) अपाङ्गता भएका बालबालिका

विश्व स्वाथ्य सङ्गठन (WHO) को एक सर्वेक्षणअनुसार विश्वमा कूल जनसङ्ख्याको १० % नागरिकहरू अपाङ्गता भएका छन् । सन् २००१ को राष्ट्रिय जनगणनाले नेपालमा कूल जनसङ्ख्याको ०.४६% व्यक्तिहरू अपाङ्गता भएको देखाएको छ । उक्त तथ्याङ्कमा अपाङ्गतालाई ५ किसिममा विभाजित गरी सोहीअनुसार सूचना सङ्कलन गरिएको थियो । उक्त तथ्याङ्कअनुसार शारीरिक अपाङ्गता ३९.३%, दृष्टिविहीन १५.९%, बहिरा २४.६%, बौद्धिक अपाङ्गता १२.७% र बहुअपाङ्गता ७.५% रहेको पाइएको छ । उक्त तथ्याङ्कअनुसार नेपालमा १६ वर्षमुनिका ३४,६३० जना बालबालिका अपाङ्तामा भएको देखिएको छ । यसरी व्यक्तिहरूमा अपाङ्गता हुने कारणमा दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विष्फोटक पदार्थको प्रयोग आदि देखिएको छ, जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुबै कार्यहरू गरिनुपर्छ ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको हकहित र अधिकारको संरक्षण एवम् सम्वर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी २०६६ पौष १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००६ (UN Convention on the Rights of People with Disabilities-UNCRPD, 2006) लाई अनुमोदन गरेको छ ।

सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी अपाङ्गता परिचयपत्र वितरण गरिरहेको छ । गत आ.व.देखि अपाङ्गता परिचय पत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहीनता, मानसिक अपाङ्गता–बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी ७ किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङ्को परिचयपत्र), तह ख (नीलो रङ्को परिचयपत्र), तह ग (पहेंलो रङ्को परिचयपत्र) र तह घ (सेतो रङ्को परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्ने कार्य सुरु गरिएको छ ।

**अपाङ्गता भएका र परिचयपत्र लिएका बालबालिका**

तालिका नं. ५.१४

| | बालिका | बालक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अपाङ्गता भएका | २१,४४६ | २५,४२९ | ४७,३१४* | |
| प्रतिशत | ४५.८ | ५४.२ | | |
| परिचयपत्र लिएका | | | | |
| अपाङ्गताको किसिम | बालिका | बालक | जम्मा | प्रतिशत |
| शारीरिक अपाङ्गता | ३,६९९ | ४,५१५ | ८,५४६* | ४५ |
| दृष्टिविहीनता र न्यून दृष्टियुक्त | ६३० | ८०९ | १,५४७* | ८.२ |
| सुस्तश्रवण र बहिरा | ६८४ | ८८७ | १,६८५* | ८.९ |
| स्वर र बोलाईसम्बन्धी अपाङ्गता | २९४ | ४२७ | ७७३* | ४.१ |
| मानसिक अपाङ्गता-बौद्धिक अपाङ्गता | ७२५ | ८७४ | १,६६५* | ८.८ |
| बहुअपाङ्गता | १,३७२ | १,९६३ | ३,३५१* | १८ |
| नखुलेको | ८६६ | १,२०४ | १,३८२* | ७.३ |
| कुल | ८,२७० | १०,६७९ | १८,९४९* | १०० |
| प्रतिशत | ४३.६ | ५६.४ | १०० | |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

*जिल्लागत रूपमा प्राप्त तथ्याङ्कमा लिङ्ग नखुलेका कारण जम्मा योगमा फरक पर्न गएको छ ।

चित्र ५.१४ (क)




चित्र ५.१४ (ख)



४८ जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारममा संलग्न विवरणअनुसारको माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा ४७,३१४ जना अपाङ्गता भएका बालबालिका रहेको देखिएको छ । अपाङ्गता भएका बालबालिकामध्ये जम्मा १८,९४९ जना अर्थात् ४०.०१% बालबालिकाले मात्र अपाङ्गताको परिचय पत्र लिएको देखिन्छ । यसलाई दृष्टिगत गर्दा अपाङ्गता परिचयपत्रमा बालबालिकाको पहुँचमा वृद्धि गरिनुपर्ने देखिन्छ । लिङ्गको आधारमा विश्लेषण गर्दा ४३.६% बालिकाहरूले र ५६.४% बालकहरूले परिचयपत्र लिएको देखिन्छ । यसले परिचयपत्रमा बालकको तुलनामा बालिकाको पहुँच कम देखिएको छ । परिचयपत्र लिएका अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको किसिमलाई हेर्दा ४५.०% शारीरिक अपाङ्गता, ८.२% दृष्टिविहीन र न्यून दृष्टिविहीन, ८.६% सुस्त श्रवण र बहिरा, ४.१% स्वर र बोलाइसम्बन्धी अपाङ्गता, ८.८% मानसिक अपाङ्गता र बौद्धिक अपाङ्गता, १८.०% बहुअपाङ्गता र ७.३% नखुलेका अपाङ्गता भएका बालबालिका रहेका छन् । यसरी हेर्दा सबैभन्दा धेरै शारीरिक अपाङ्गता भएका बालबालिका र सबैभन्दा कम स्वर र बोलाइसम्बन्धी अपाङ्गता रहेका बालबालिका रहेको देखिएको छ ।

अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको सामाजिक सुरक्षाको सुनिश्चितता प्रदान गर्न नेपाल सरकारले क वर्गमा रहेका अपाङ्गता भएका र अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता वृत्ति, विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने, अपाङ्गता भत्ता प्रदान गर्ने, सडक तथा हवाई यातायातमा परिचयपत्रका आधारमा भाडा सहुलियत सुविधा, राज्यको रोजगारी क्षेत्रमा ५% आरक्षण, स्वास्थ्य सेवामा विशेष सुविधा आदिजस्ता सेवा तथा सुविधाहरू उपलब्ध गराउँदै आएको छ । त्यस्तै, अपाङ्गता भएका बालबालिकाको शिक्षाको लागि जिल्लाजिल्लामा विशेष शिक्षाअन्तर्गत समाहित शिक्षा, विशेष शिक्षा तथा स्रोत कक्षाहरू सञ्चालन गरिएका छन् ।

# परिच्छेद-६ शिक्षा, फुर्सद, मनोरञ्जन र साँस्कृतिक क्रियाकलाप

## ६.१) **शिक्षा र नेपालको शैक्षिक स्थिति**

शिक्षा मानिसलाई सक्षम बनाउने अधिकार हो । सबै बालबालिकालाई अनिवार्य र निःशुल्क रूपमा आधारभूत शिक्षाको अधिकार छ । नेपालमा औपचारिक र अनौपचारिक पद्धतिबाट शिक्षा प्रदान गरिँदै आएको पाइन्छ । त्यसो त सीप, ज्ञान र क्षमताको वृद्धिका लागि औपचारिक शिक्षा नै सबैथोक होइन भन्ने मत पनि पाइन्छ । शिक्षाले व्यक्तिमा अन्तरनिहित सिर्जनात्मक प्रतिभा र क्षमतालाई अभिवृद्धि गर्दै सामाजिक उत्थान, मानवीय मूल्य एवम् मान्यतालाई आत्मसात गरी वैज्ञानिक दृष्टिले कार्य सम्पादन गर्नसक्ने नागरिक उत्पादन गर्न महत्वपूर्ण रूपमा योगदान गरेको हुन्छ । यसरी हेर्दा शिक्षाले व्यक्तिलाई सक्षम बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २८ र २९ मा बालबालिकाको शिक्षाको अधिकारसम्बन्धी प्रावधान रहेको छ भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ ले शिक्षा तथा संस्कृतिसम्बन्धी अधिकारलाई मौलिक हकअन्तर्गत राखी “प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ र प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक हुनेछ” भन्ने व्यवस्था गरेको छ । नेपालले शिक्षासम्बन्धी सहस्राब्दी विकास लक्ष्य अनुरुप  सन् २०१५ सम्ममा सबैको लागि शिक्षासम्बन्धी प्रतिवद्धता व्यक्त गरेको छ । सोहीअनुरूप नेपाल सरकारले विशेष शैक्षिक योजना, नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दै लागू गरिआएको छ ।

### ६.१.१ **सहिद स्मृति विद्यालयहरूसम्बन्धी विवरण**

शिक्षा मन्त्रालयले सहिद प्रतिष्ठान नेपालमार्फत् ५ वटै विकास क्षेत्रमा सहिद परिवारका बालबालिकाका लागि आवाशीय विद्यालय सञ्चालन गर्ने अनुमति प्रदान गरी कार्य सुरु गरेको छ ।

**सहिद स्मृति विद्यालयहरूको सङ्ख्यात्मक विवरण**

तालिका नं. ६.१

| विद्यालयको नाम | छात्रछात्रा सङ्ख्या |
|---|---|
| सहिद स्मृति विद्यालय, हाँसपोसा, सुनसरी | २३९ |
| सहिद स्मृति विद्यालय, जिरी, दोलखा | १८२ |

| | |
|---|---|
| सहिद स्मृति विद्यालय, पोखरा, कास्की | २०८ |
| सहिद स्मृति विद्यालय, दूधरास, दाङ | २४४ |
| सहिद स्मृति विद्यालय, दिपायल, डोटी | १८५ |
| जम्मा | १,०५८ |

स्रोतः आर्थिक सर्वेक्षण, २०६७/६८

### ६.१.२ केही शैक्षिक तथ्याङ्कहरू

शिक्षा विभाग, सानोठिमी भक्तपुरद्वारा प्रकाशित फ्ल्यास १ प्रतिवेदन, २०६७ का अनुसार

- नेपालमा ३१,०८९ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् । जसमध्ये २६,७७३ सामुदायिक र ४,३१६ संस्थागत रहेका छन् ।

- प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ७०% रहेको छ, जस्मा बालिकाहरूको कुल भर्नादर ६९.२% र बालकहरूको कुल भर्नादर ७०.९ रहेको छ ।

- कक्षा १ मा प्रारम्भिक बालविकास केन्द्रको अनुभव भएका बालबालिका आउने दर ५२.१% रहेको छ, जसमा बालिकाहरूको प्रतिशत ५२.४ र बालकहरूको ५१.९ रहेको छ ।

- देशका कूल ३३,१६० विद्यालयमध्ये प्राथमिक तह (१-५) मात्र सञ्चालन हुने विद्यालयको सङ्ख्या ३२,६८५, निम्नमाध्यमिक तह (१-८) सम्म सञ्चालन हुने विद्यालयको सङ्ख्या ११,९३९, माध्यमिक तह (१-१० सम्म वा ९-१० मात्र) सञ्चालन हुने विद्यालयको सङ्ख्या ७,२६६, उच्च माध्यमिक तह (१-१२ सम्म वा ९-१२ सम्म वा ११-१२ मात्र) सञ्चालन हुने विद्यालयको सङ्ख्या २,५६४ रहेका छन् । लागू हुने क्रममा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले विद्यालयलाई आधारभूत (१-८) र माध्यमिक (९-१२) गरी दुई तहमा विभाजन गरेको छ । आधारभूत तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ३२,६८५ र माध्यमिक तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ७,५५९ रहेको छ ।

- मदरसा, गुम्बा/विहार र गुरुकुल/आश्रम गरी जम्मा ७६६ वटा धार्मिक विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

- कुल विद्यार्थी सङ्ख्या ७७,८२,२१६ जनामध्ये प्राथमिक तहमा ४६,५१,६५६ जना, निम्नमाध्यमिक तहमा १६,९६,९२७ जना, माध्यमिक तहमा ८,११,९१० जना र उच्चमाध्यमिक तहमा ३,१८,४२६ जना रहेका छन् । जसमध्ये ५०.११% बालिकाहरू र ४९.८९% बालकहरू रहेका छन् ।

- कुल विद्यार्थीहरूमध्ये १८.०६% दलित समुदायका, ३८.६६% जनजाति समुदायका र ४२.६५% अन्य समुदायका बालबालिका रहेका छन् ।
- कुल विद्यार्थीहरूमध्ये प्राथमिक तहमा ०.७८%, निम्नमाध्यमिक तहमा ०.२२%, माध्यमिक तहमा ०.०६% र उच्चमाध्यमिक तहमा ०.०२% विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका अध्ययन गर्दछन् ।
- प्राथमिक तहमा १३६.९%, निम्नमाध्यमिक तहमा ६४.५%, माध्यमिक तहमा ६६.३% र उच्चमाध्यमिक तहमा २६.०% कुल भर्नादर रहेको छ ।
- प्राथमिक तहमा ९४.५%, निम्नमाध्यमिक तहमा ६६.३%, माध्यमिक तहमा ४६.५% र उच्चमाध्यमिक तहमा ७.८% खुद भर्नादर रहेको छ ।
- विद्यालय छाड्ने दर प्राथमिक तहमा ६.०%, निम्नमाध्यमिक तहमा ६.४% र माध्यमिक तहमा ८.७% रहेको छ ।
- नेपालमा पाँच वर्षमाथिको साक्षरता दर ६३.२% रहेको छ ।

**शैक्षिक तहका आधारमा विद्यालय सङ्ख्या**

तालिका नं. ६.२

| शैक्षिक तह | विद्यालय सङ्ख्या |
|---|---|
| प्राथमिक | ३२,६८४ |
| निम्न माध्यमिक | ११,९३९ |
| आधारभूत १–८ | ३२,८६५ |
| माध्यमिक | ७,२६६ |
| उच्च माध्यमिक | २,५६४ |
| माध्यमिक १–१२ | ७,५५९ |
| जम्मा | ३३,१६० |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

## प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्यात्मक विवरण

तालिका नं. ६.३

| क्षेत्र | बालविकास केन्द्र सङ्ख्या | | |
|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा |
| हिमाल | २,६२६ | १८९ | २,८१५ |
| पहाड | ११,९९६ | १,४२० | १३,४१६ |
| काठमाडौं उपत्यका | ७१५ | १,०७५ | १,७९० |
| तराई | ११,४३६ | १,६३२ | १३,०६८ |
| जम्मा | २६,७७३ | ४,३१६ | ३१,०८९ |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

## प्रारम्भिक बालविकास केन्द्रका बालबालिका, भर्नादर र कक्षा १ मा जाने अनुभव दर

तालिका नं. ६.४

| क्षेत्र | बालबालिका | | | भर्नादर | | | कक्षा १ को अनुभव दर (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| हिमाल | ५२,००९ | ४९,२४१ | १,०१,२५० | ६२.४ | ६२.८ | ६२.६ | ४४.५ | ४४.२ | ४४.४ |
| पहाड | २,०५,१६८ | १,९८,८६६ | ४,०४,०३४ | ६४.१ | ६२.८ | ६३.४ | ५१.७ | ५२.१ | ५१.९ |
| काठमाडौं उपत्यका | २४,१४७ | २४,९०८ | ४९,०५५ | ११७.७ | १२६.१ | १२२.० | ४३.७ | ४१.३ | ४२.५ |
| तराई | २,६४,२२३ | २,६६,०३९ | ५,३०,२६२ | ६८.५ | ७२.२ | ७०.४ | ५५.३ | ५४.० | ५४.७ |
| जम्मा | ५,४५,५४७ | ५,३९,०५४ | १०,८४,६०१ | ६९.२ | ७०.९ | ७०.० | ५२.४ | ५१.९ | ५२.१ |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

**जातिगत आधारमा प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सङ्ख्यात्मक विवरण**

तालिका नं. ६.५

| लिङ्ग | बालबालिका | | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य |
| बालिका | ९०,८३० | १,९३,४५४ | २,०४,६३२ | ४,८८,९१६ | १८.६ | ३९.६ | ४१.९ |
| बालक | ९१,८०३ | २,०५,२४३ | २,३२,५८१ | ५,२९,६२७ | १७.३ | ३८.८ | ४३.९ |
| जम्मा | १,८२,६३३ | ३,९८,६९७ | ४,३७,२१३ | १०,१८,५४३ | १७.९ | ३९.१ | ४२.९ |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

**विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्या**

तालिका नं. ६.६

| तह | लिङ्ग | बालबालिका | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा | |
| प्राथमिक | बालिका | ५,३८,८०३ | ९,५५,७४८ | ९,९९,९२१ | २४,९४,४७२ | ५०.३७ |
| | बालक | ५,२५,६८४ | ९,३५,७७५ | ९,९६,०२५ | २४,५७,४८४ | ४९.६३ |
| | जम्मा | १०,६४,४८७ | १८,९१,५२३ | १९,९५,९४६ | ४९,५१,९५६ | १००.०० |
| निम्न माध्यमिक | बालिका | १,१७,६१५ | ३,६४,४७० | ३,६५,५२२ | ८,४७,६०७ | ४९.८६ |
| | बालक | १,२३,९८६ | ३,४६,६९५ | ३,८१,६३९ | ८,५२,३२० | ५०.१४ |
| | जम्मा | २,४१,६०१ | ७,११,१६५ | ७,४७,१६१ | १६,९९,९२७ | १००.०० |
| माध्यमिक | बालिका | ३७,५४८ | १,६६,९०८ | १,९१,४८९ | ३,९५,९४५ | ४८.७७ |
| | बालक | ४३,८९४ | १,६४,४३५ | २,०७,६३६ | ४,१५,९६५ | ५१.२३ |
| | जम्मा | ८१,४४२ | ३,३१,३४३ | ३,९९,१२५ | ८,११,९१० | १००.०० |
| उच्च माध्यमिक | बालिका | ८,९१६ | ५२,१३३ | १,००,४३७ | १,६१,४८६ | ५०.७१ |
| | बालक | ११,२४९ | ४६,१०७ | ९९,५८४ | १,५६,९४० | ४९.२९ |
| | जम्मा | २०,१६५ | ९८,२४० | २,००,०२१ | ३,१८,४२६ | १००.०० |
| जम्मा | बालिका | ७,०२,८८२ | १५,३९,२५९ | १६,५७,३६९ | ३८,९९,५१० | ५०.११ |
| | बालक | ७,०४,८१३ | १४,९३,०१२ | १६,८४,८८४ | ३८,८२,७०९ | ४९.८९ |
| | जम्मा | १४,०७,६९५ | ३०,३२,२७१ | ३३,४२,२५३ | ७७,८२,२१९ | १००.०० |
| | प्रतिशत | १८.०९ | ३८.९६ | ४२.९५ | १००.०० | |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

**विद्यालयमा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको सङ्ख्यात्मक विवरण**

**तालिका नं. ६.७**

| तह | लिङ्ग | शारीरिक | मानसिक | सुनाइसम्बन्धी | दृष्टिसम्बन्धी | श्रवण दृष्टिविहीनता | स्वर बोलाईसम्बन्धी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक | बालिका | ९,९६८ | ८,४५४ | ४,४१६ | २,३०५ | ९७५ | २,५२३ | २८,६४१ |
| | बालक | ११,१२२ | ८,९९३ | ४,८६३ | २,४२४ | १,०५६ | ३,२४९ | ३१,७०७ |
| | जम्मा | २१,०९० | १७,४४७ | ९,२७९ | ४,७२९ | २,०३१ | ५,७७२ | ६०,३४८ |
| निम्न माध्यमिक | बालिका | ३,३०८ | १,४५३ | १,२७४ | ९९० | ३७० | ४८६ | ७,८८१ |
| | बालक | ३,९८० | १,६७८ | १,४४८ | ९६५ | ३४७ | ७०१ | ९,११९ |
| | जम्मा | ७,२८८ | ३,१३१ | २,७२२ | १,९५५ | ७१७ | १,१८७ | १७,००० |
| माध्यमिक | बालिका | १,५६३ | ४५० | ३९० | ४८७ | १५५ | १२८ | ३,१७३ |
| | बालक | १,७५४ | ५२५ | ५०२ | ४७८ | १६७ | २३९ | ३,६६५ |
| | जम्मा | ३,३१७ | ९७५ | ८९२ | ९६५ | ३२२ | ३६७ | ६,८३८ |
| उच्च माध्यमिक | बालिका | ४३९ | ९९ | ६२ | ७५ | ३२ | ४६ | ७५३ |
| | बालक | ४५१ | ९५ | ६८ | ६९ | २३ | ३६ | ७४२ |
| | जम्मा | ८९० | १९४ | १३० | १४४ | ५५ | ८२ | १,४९५ |
| जम्मा | बालिका | १५,२७८ | १०,४५६ | ६,१४२ | ३,८५७ | १,५३२ | ३,१८३ | ४०,४४८ |
| | बालक | १७,३०७ | ११,२९१ | ६,८८१ | ३,९३६ | १,५९३ | ४,२२५ | ४५,२३३ |
| | जम्मा | ३२,५८५ | २१,७४७ | १३,०२३ | ७,७९३ | ३,१२५ | ७,४०८ | ८५,६८१ |

स्रोतः फ्ल्यास १ प्रतिवेदन, शिक्षा विभाग, २०६७

**धार्मिक विद्यालयहरूको सङ्ख्या**

तालिका नं. ६.८

| शैक्षिक तह | मदरसा | गुम्बा/बिहार | आश्रम/गुरुकुल | जम्मा |
|---|---|---|---|---|
| प्राथमिक | ६७४ | ५१ | ३० | ७५५ |
| निम्न माध्यमिक | १७ | ४ | १७ | ३८ |
| आधारभूत १–८ | ६७४ | ५३ | ३९ | ७६६ |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक | ५ | १ | ८ | १४ |
| उच्च माध्यमिक | १ | ० | ० | १ |
| माध्यमिक १–१२ | ५ | १ | ८ | १४ |
| जम्मा | ६७४ | ५३ | ३९ | ७६६ |

स्रोतः फ्ल्यास रिपोर्ट १ शिक्षा विभाग, २०६७

**कुल तथा खुद भर्नादर**

तालिका नं. ६.८

| तह | लिङ्ग | कूल भर्नादर | खुद भर्नादर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | बालिका | | ६९.२ |
| | बालक | | ७०.९ |
| | जम्मा | | ७०.०५ |
| प्राथमिक | बालिका | १४४.८ | ९३.६ |
| | बालक | १३४.५ | ९५.३ |
| | जम्मा | १३९.६५ | ९४.४५ |
| निम्न माध्यमिक | बालिका | ९७ | ६८.५ |
| | बालक | ९२.१ | ७० |
| | जम्मा | ९४.५५ | ६९.२५ |
| माध्यमिक | बालिका | ६६.५ | ४५.९ |
| | बालक | ६६.१ | ४७ |
| | जम्मा | ६६.३ | ४६.४५ |
| उच्च माध्यमिक | बालिका | २६.९ | ७.९ |
| | बालक | २५.२ | ७.६ |
| | जम्मा | २६.०५ | ७.७५ |

स्रोतः फ्ल्यास रिपोर्ट १ शिक्षा विभाग, २०६७

**विद्यालय छाड्ने दर**

तालिका नं. ६.१०

| तह | लिङ्ग | विद्यालय छाड्ने दर |
|---|---|---|
| प्राथमिक | बालिका | ५.९ |
| | बालक | ६.१ |
| | जम्मा | ६.० |
| निम्न माध्यमिक | बालिका | ६.२ |
| | बालक | ६.६ |
| | जम्मा | ६.४ |
| माध्यमिक | बालिका | ८.१ |
| | बालक | ९.२ |
| | जम्मा | ८.७ |

स्रोतः फ्ल्यास रिपोर्ट १ शिक्षा विभाग, २०६७

**शिक्षक विवरण**

तालिका नं. ६.११

| तह | लिङ्ग | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | जम्मा |
|---|---|---|---|---|---|---|
| पूर्ण तालिम प्राप्त | शिक्षिका | ५६,४११ | ७,६०४ | ४,९२४ | १,३२० | ७०,२५९ |
| | शिक्षक | ७८,५८० | २१,६६१ | २३,८५६ | ६,४८२ | १,३०,५७९ |
| | जम्मा | १,३४,९९१ | २९,२६५ | २८,७८० | ७,८०२ | २,००,८३८ |
| अर्द्ध तालिम प्राप्त | शिक्षिका | ५,७९६ | १,७८६ | ५४९ | ८२ | ८,२१३ |
| | शिक्षक | १०,४२५ | ४,२२९ | १,७२९ | १,७६९ | १८,१५२ |
| | जम्मा | १६,२२१ | ६,०१५ | २,२७८ | १,८५१ | २६,३६५ |
| तालिम अप्राप्त | शिक्षिका | ८,४३८ | २,५१८ | ३९४ | ५७३ | ११,९२३ |
| | शिक्षक | ७,५६६ | ८,२३४ | २,३८३ | ५,१९९ | २३,३८२ |
| | जम्मा | १६,००४ | १०,७५२ | २,७७७ | ५,७७२ | ३५,३०५ |
| जम्मा | शिक्षिका | ७०,६४५ | ११,९०८ | ५,८६७ | १,९७५ | ९०,३९५ |
| | शिक्षक | ९६,५७१ | ३४,१२४ | २७,९६८ | १३,४५० | १,७२,११३ |
| | जम्मा | १,६७,२१६ | ४६,०३२ | ३३,८३५ | १५,४२५ | २,६२,५०८ |

स्रोतः फ्ल्यास रिपोर्ट १ शिक्षा विभाग, २०६७

**शैक्षिक अनुपात**

तालिका नं. ६.१२

| अनुपात | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | एकाई |
|---|---|---|---|---|---|
| शिक्षक/विद्यार्थी | ४३ | ५७ | २४ | २१ | प्रति शिक्षक |
| विद्यालय/विद्यार्थी | १५४.८ | १४१.५ | ११४.१ | १११.६ | प्रति विद्यालय |

स्रोतः फ्ल्यास रिपोर्ट १ शिक्षा विभाग, २०६७

### ६.१.३ **मातृभाषा शिक्षा**

नेपालको अन्तरिम संविधान, २०६३, शिक्षा ऐन २०२८ तथा नियमावली साल, २०५६, स्थानीय स्वायत्त शासन ऐन २०५५, प्राथमिक शिक्षा पाठ्क्रम, राष्ट्रिय पाठ्यक्रम प्रारूप, पाठ्यक्रम समन्वय निर्देशिका तथा बहुभाषी शिक्षा कार्यान्वयन निर्देशिकालगायतका कानुनी प्रावधानहरूले सुनिश्चित तथा व्यवस्थित गरेअनुसार नेपालका बालबालिकालाई आ-आफ्नो मातृभाषामा शिक्षा दिक्षाको प्रबन्ध गर्नका लगि पाठ्क्रम विकास केन्द्र सानोठिमीले विभिन्न २० वटा मातृभाषामा पाठ्यक्रम तयार पारेको छ । त्यस्तै १४ वटा मातृभाषा (मैथिली, भोजपुरी, अवधी, लिम्बू, थारु, गुरुङ, मगर, नेवार/नेपाल भाषा, डोटेली, थकाली, चाम्लिङ, शेर्पा, बान्तवा राई, उर्दू र संस्कृत) मा बालसन्दर्भ सामग्रीका रूपमा कथा, जीवनी र संस्कति विधाका पुस्तकहरू तयार गरिएको छ । विभिन्न १२ भाषामा कक्षा १ का गणित, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका पाठ्यपुस्तक अनुवाद गरी प्रकाशनको लागि तयार पारेको छ । त्यसैगरी बहुभाषिक शैक्षिक कार्यक्रमअन्तर्गत विभिन्न ८ भाषाहरूका मातृभाषा विकास गरिएको छ ।

गुम्बा शिक्षाको लागि १-५ कक्षाको पाठ्यक्रम विकास गरिनुका साथै पाठ्यक्रम अनुकुलन गरी भोट भाषाको पाठ्यपुस्तक विकास गरिएको छ र कक्षा ९ र १० का ऐच्छिक विषयका मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन गरिएको छ । मदरसा शिक्षाको कक्षा १-५ सम्मको परीक्षणको रूपमा पाठ्यक्रम विकास गरिएको छ । गुरुकुल शिक्षाको लागि १-५ कक्षाको पाठ्यक्रम विकास गरिनुका अलावा कक्षा १ र २ का लागि विद्यमान पाठ्यपुस्तकलाई अनुकुलन गरी संस्कृत रचना, गुरुकुल नेपाली र गुरुकुल सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको पाठ्यपुस्तक विकास गरिएको छ ।

**मातृभाषामा तयार पारिएका पाठ्यपुस्तकको विवरण**

तालिका ६.१३

| क्र.सं. | मातृभाषाको नाम | कक्षा | पा.पु.सङ्ख्या |
|---|---|---|---|
| १ | मैथिली | १–५ | ५ |
| २ | भोजपुरी | १–५ | ५ |
| ३ | अवधी | १–५ | ५ |
| ४ | तामाङ | १–५ | ५ |
| ५ | लिम्बू | १–५ | ५ |
| ६ | बान्तवा राई | १–५ | ५ |
| ७ | चाम्लिङ राई | १–५ | ५ |
| ८ | शेर्पा | १–५ | ५ |
| ९ | गुरुङ | १–५ | ५ |
| १० | मगर | १–५ | ५ |
| ११ | नेवार(नेपाल भाषा) | १–५ | ५ |
| १२ | थारु | १–५ | ५ |
| १३ | सुनुवार | १–५ | ५ |
| १४ | राजवंशी | १–५ | ५ |
| १५ | याक्खा | १–४ | ४ |
| १६ | मुगाली | १–३ | ३ |
| १७ | तामाङ(सम्बोटा लिपी) | १–२ | २ |
| १८ | थारु(मध्यक्षेत्र) | १ | १ |
| १९ | मगर अथार | १ | १ |
| २० | धिमाल | १ | १ |

(स्रोतः पाठ्क्रम विकास केन्द्र सानोठिमी, २०६८)

### ६.१.४ छात्रवृत्तिसम्बन्धी विवरण

विद्यालयमा भर्ना प्रोत्साहन गर्ने, भर्ना भएकाको पढाइमा निरन्तरता तथा टिकाउपनमा सुधार ल्याउने, विद्यालय शिक्षामा समतामूलक पहुंचको विस्तार गर्ने उद्देश्यले विद्यालय शिक्षाका विभिन्न तहमा

विभिन्न किसिमका छात्रवृत्तिहरू उपलब्ध गराउँदै आइएको छ ।

यस्तो छात्रवृत्ति तोकिएको मापदण्डअनुरूप विद्यालयले छनोट गरी विद्यालयमार्फत् सम्बन्धित विद्यार्थीहरूलाई वार्षिकरूपमा उपलब्ध हुने व्यवस्था रहेकोमा रकम विनियोजित भई सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत् लक्षित समूहसम्म तोकिएको मापदण्डअनुसार निकासा भइसकेको छ । आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा उपलब्ध गराइएको छात्रवृत्तिको विवरण निम्नानुसार रहेको छ ।

**छात्रवृत्तिसम्बन्धी विवरण** (रू. मा)

तालिका ६.१४

| क्र.सं. | छात्रबृत्तिको प्रकार | **२०६६/०६७** | **२०६७/०६८** |
|---|---|---|---|
| १ | कक्षा १-८ मा अध्ययनरत दलित विद्यार्थीका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. ४ सयका दरले) | ११,३३,८३५ | १०,१५,५०८ |
| २ | कक्षा १-८ मा अध्ययनरत छात्राहरूको लागि छात्रवृत्ति (कर्णाली प्याकेजसमेत) (प्रतिव्यक्ति वार्षिक रू. ४ सयका दरले) | २२,९३,७४४ | १२,१३,८७० |
| ३ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति (प्रा. वि.रू.१० हजार, निम्नमाध्यमिक र माध्यमिक रु १२ हजार, उच्चमाध्यमिक रू. १८ हजार) प्रतिव्यक्ति वार्षिक | ५८ | ५८ |
| ४ | द्वन्द्वपीडित छात्रवृत्ति (प्राथमिक रू.१० हजार, निम्नमाध्यमिक रू. १२ हजार, माध्यमिक रू. १४ हजार र उच्चमाध्यमिक रू. १६ हजार) प्रतिव्यक्ति वार्षिक | ८,००० | ८,००० |
| ५ | कम्लहरीका लागि क्षमता विकास र छात्रवृत्ति (सामान्य रु. १ हजार, आवासीय रू. १५ हजार प्रतिव्यक्ति वार्षिक) | १२,००० | १२,००० |
| ६ | हिमाली छात्रवासमा बस्ने विद्यार्थीका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. ४ सयका दरले | ४३७ | ३३७ |
| ७ | फीडर छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. १५ हजारका दरले | ४०० | ४०० |
| ८ | नमुना विद्यालयका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. ५ हजार ४ सयका दरले | १४८ | १७५ |
| ९ | हिमाली आवाशीय विद्यालय छात्रवासका विद्यार्थीका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. ३ हजार ६ सयका दरले | १४० | २१० |
| १० | माध्यमिक शिक्षा छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. १ हजार ७ सयका दरले) | ६०,००० | ६०,००० |
| ११ | दलित छात्रवृत्ति कक्षा ९-१०(प्रतिव्यक्ति वार्षिक रू. ५ सयका दरले) | ५५,६५० | ५५,६५० |
| १२ | अपाङ्ग छात्रवृत्ति कक्षा ९-१० (क वर्ग रू. १५ हजार, ख वर्ग रू. ५ हजार, ग वर्ग रू. ३ हजार र घ वर्ग रु ५ सय प्रतिव्यक्ति वार्षिक) | ४,९५० | ४,८४५ |
| १३ | लोपोन्मुख अति सीमान्तकृत (मुक्त कमैया, हलिया र चरुवाका सन्ततिसमेत) का छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. सयका दरले | १४,०१२ | १,५०,००० |

| | | | |
|---|---|---|---|
| १४ | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति कक्षा (१-८) (क वर्ग रू. १५ हजार, ख वर्ग रू. ५ हजार, ग वर्ग रू. ३ हजार र घ वर्ग रू. ५ सय प्रतिव्यक्ति वार्षिक) | ६५,८३० | ३५,००३ |
| १५ | प्राथमिक तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति जनजाति तथा सीमान्तकृत समूह मुक्त कमैया, हलिया र चरुवाका सन्ततिहरूलाई समेत) (प्रतिव्यक्ति वार्षिक रू. ५ सयका दरले | १,०८,०४६ | ८५,९२७ |
| १६ | अति विपन्न लक्षित माध्यमिक विद्यार्थीका लागि छात्रवृत्ति (प्रतिव्यक्ति वार्षिक रू. ३ हजारका दरले | १२,५०० | - |

स्रोत : आर्थिक सर्वेक्षण, २०६७/०६८

### ६.१.५ नेपालको साक्षरता दर

केन्द्रीय तथ्याङ्क विभागले २००८ मा गरेको श्रमशक्ति सर्वेक्षणअनुसार नेपालका ५ वर्षमाथिको महिलाको साक्षरता दर ५३.१ प्रतिशत र पुरुषको साक्षरता दर ७४.७ छ, त्यसै गरी कुल साक्षरता दर ६३.२ प्रतिशत रहेको छ । यसबाट पुरुषको तुलनामा महिलाको साक्षरता दर असाध्यै न्यून छ ।

**साक्षरता दर**

तालिका नं. ६.१५

| विकास क्षेत्र | ५ वर्ष र सोभन्दा माथि | | | ६ वर्ष र सोभन्दा माथि | | | १५ वर्ष र सोभन्दा माथि | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| पूर्वाञ्चल | ७५.७ | ५४.७ | ६४.५ | ७६.७ | ५५.१ | ६५.२ | ७१.९ | ४५.२ | ५७.२ |
| मध्यमाञ्चल | ७२.७ | ४९.८ | ६०.८ | ७३.८ | ५०.२ | ६१.५ | ७०.५ | ४१.८ | ५५.१ |
| पश्चिमाञ्चल | ७६.५ | ५७.५ | ६६.१ | ७७ | ५७.५ | ६६.३ | ७०.४ | ४८.१ | ५७.५ |
| मध्यपश्चिमाञ्चल | ७४.५ | ५२.९ | ६२.९ | ७५.५ | ५२.८ | ६६.३ | ६८.१ | ३९ | ५२ |
| सुदूरपश्चिमाञ्चल | ७६.१ | ५१.८ | ६२.७ | ७७.४ | ५२.२ | ६३.४ | ७२.५ | ४०.४ | ५४.१ |
| जम्मा | ७४.७ | ५३.१ | ६३.२ | ७५.६ | ५३.३ | ६३.७ | ७०.७ | ४३.३ | ५५.६ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २००८

### ६.२) नेपालमा पुस्तकालय

पुस्तकालय बालबालिकाले फुर्सदको समयमा पढ्न जाने, समाचारबारे जानकारी लिन जाने र अन्य बाहिरी ज्ञान लिन जानेस्थान हो । पुस्तकालयमा विभिन्न प्रकारका पाठ्यपुस्तक, पत्रपत्रिका, साहित्यिक

सामग्रीहरू, इतिहास, भूगोल तथा अन्य विशेष सामग्रीहरू राखिएका हुन्छन् । कतिपय पुस्तकालयमा दृष्टिविहीनका लागि श्रव्य सामग्रीहरूको पनि व्यवस्था गरिएको पाइएको छ भने कतिपय पुस्तकालयमा बालमनोरञ्जन कक्षसमेतको व्यवस्था गरिएको छ । नेपालमा २,००० को सङ्ख्यामा सामुदायिक पुस्तकालय भएको अनुमान गरिएको छ, तर यसको वास्तविक सङ्ख्या एकमुष्ठ रूपमा पत्ता लगाउन सकिने अभिलेख कतै छैन । मुलुकका हरेक उ.मा.वि. र क्याम्पसहरूमा पनि पुस्तकालयको व्यवस्था गरिएको छ भने ३०% विद्यालयहरूमा पुस्तकालयको सुविधा भएको मानिएको छ । विभिन्न जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८ काअनुसार नेपालका १८ वटा बालक्लबस्तरीय, ४७ वटा सामुदायिक, १,४६४ वटा विद्यालयस्तरीय र २२ वटा अन्य प्रकारका गरी जम्मा १,५५१ वटा पुस्तकालय रहेको विवरण प्राप्त भएको छ ।

**पुस्तकालयसम्बन्धी विवरण**

तालिका ६.१६

| क्र.स. | जिल्ला | पुस्तकालय सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | बालक्लब | सामुदायिक | विद्यालयस्तरीय | अन्य | जम्मा |
| | जम्मा | १८ | ४७ | १,४६४ | २२ | १,५५१ |
| १ | काठमाडौं | ० | ० | ३०१ | ० | ३०१ |
| २ | कपिलवस्तु | ० | १ | १८२ | ० | १८३ |
| ३ | पर्वत | ० | ४ | १६१ | ० | १६५ |
| ४ | लमजुङ | ३ | १ | १५० | ० | १५४ |
| ५ | प्युठान | ० | ० | १५० | ० | १५० |
| ६ | पाल्पा | ० | ३ | १११ | ० | ११४ |
| ७ | सुर्खेत | ६ | ४ | १०३ | ० | ११३ |
| ८ | म्याग्दी | ० | २ | ९७ | ० | ९९ |
| ९ | अर्घाखाँची | ० | ६ | ७० | ११ | ८७ |
| १० | कैलाली | ० | ० | ३० | १० | ४० |
| ११ | अन्य | ९ | २६ | १०९ | १ | १४५ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

६.३) **मनोरञ्जनस्थलहरू**

बालबालिकाको फुर्सद र मनोरञ्जनको अधिकार बालअधिकारको एक पक्षमध्ये रहेको हुन्छ । बालबालिकाको स्वभाविक विकासको लागि फुर्सदका बेलामा रमाउने स्थानहरू हुनु जरुरी हुन्छ । नेपालमा बालबालिकाको लागि बालउद्यान, पार्कजस्ता प्रसस्तै मात्रामा मनोरञ्जनस्थल भए तापनि व्यवस्थित भने गरिएको छैन । जिल्लागतरूपमा प्राप्त विवरणअनुसार विभिन्न जिल्लाहरूमा यस्ता मनोरञ्जनस्थलहरू ४७ वटा रहेको देखिएको छ, जसमध्ये दाङ जिल्लामा १३ वटा, लमजुङ जिल्लामा १० वटा र काठमाडौं जिल्लामा ६ वटा रहेको देखिएको छ ।

**मनोरञ्जनस्थलको सङ्ख्यात्मक विवरण**

तालिका नं. ६.१७

| क्र.स. | जिल्ला | मनोरञ्जनस्थल |
|---|---|---|
| | नेपाल | ४७ |
| १ | दाङ | १३ |
| २ | लमजुङ | १० |
| ३ | काठमाडौं | ६ |
| ४ | मकवानपुर | ४ |
| ५ | ललितपुर | ४ |
| ६ | सुर्खेत | ३ |
| ७ | बर्दिया | ३ |
| ८ | बाँके | ३ |
| ९ | रुकुम | १ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

## परिच्छेद-७ : विशेष संरक्षणका उपायहरू

**७.१) नेपालमा एच्.आइ.भी. र एड्सबाट पीडित तथा प्रभावित बालबालिका**

विश्व स्वास्थ्य सङ्गठन र यूएन् एड्सको २००७ को प्रतिवेदनअनुसार विश्वभर एच.आइ.भी. सङ्क्रमणबाट पीडित व्यक्तिहरूको जनसङ्ख्या ३३.२ मिलियन रहेको अनुमान गरिएको छ । उक्त अनुमानका आधारमा सबैभन्दा बढी अफ्रिकी देशहरूमा २२.५ मिलियन रहेको पाइन्छ भने दक्षिण पूर्वी एशियाली देशहरूमा ४ मिलियन सङ्क्रमणको पीडामा रहेका छन् र यो सङ्ख्या ल्याटिन अमेरिकी र पूर्वी यूरोपेली देशहरूमा क्रमशः १.६ मिलियन र १.६ मिलियन रहेको छ ।

यसैगरी विश्वभर ३०.८ मिलियन वयस्क पुरुषहरू, १५.४ वयस्क महिलाहरू र २.५ मिलियन बालबालिका (१५ वर्षमुनिका) **एच्.आइ.भी**. सङ्क्रमणको पीडामा छन् । साथै, विश्वभर वर्षेनी १.७ मिलियन वयस्क र ३,३०,००० जना १५ वर्षमुनिका बालबालिकाको मृत्युको कारण एड्स बन्ने गरेको अनुमान छ ।

**यू.एन्. एड्सद्वारा प्रकाशित Global Facts & Figures, 2009** का अनुसार

- एच्.आइ.भी. सङ्क्रमणको महामारी सुरु भएदेखि हालसम्म ६० मिलियन मानिसहरू सङ्क्रमणको चपेटामा परिसकेका छन् भने २५ मिलियन मानिसहरूको मृत्यु भैसकेको छ ।
- सन् २००८ मा ३३.४ मिलियन मानिसहरू एच्.आइ.भी.को सङ्क्रमणमा रहेका छन्, २.७ मिलियन मानिसहरू नवसङ्क्रमित रहेका छन् र २ मिलियन मानिसहरूको एड्सका कारण मृत्यु भएको छ ।
- सन् २००८ मा करिव ४ लाख ३० हजार बालबालिका एच्.आइ.भी. सङ्क्रमित भएर जन्मिएका छन् ।
- ४०% का दरले विश्वव्यापीरूपमा सङ्क्रमण फैलाउनका लागि १५ वर्षमाथिका युवाहरू जिम्मेवार छन् ।
- एच्.आइ.भी.को सङ्क्रमण बढी भएका सबसहारान अफ्रिकी मुलुकहरूमा विश्वभरका एच्.आइ.भी.को सङ्क्रमितहरू मध्येको ७६% व्यक्तिहरू रहन्छन् भने विश्वभरका एच्.आइ.भी.को सङ्क्रमित बालबालिकामध्येका ६१% बालबालिका त्यहाँ जन्मन्छन् ।
- एच्.आइ.भी.को सङ्क्रमणका कारण सब सहारान अफ्रिकी मुलुकहरूका १४ मिलियन बालबालिका आमाबाबुबिहीन भएका छन् ।

एच्.आइ.भी. र एड्ससम्बन्धी क्षेत्रीय तथ्याङ्क

तालिका नं. ७.१

| क्षेत्र | एच्.आइ.भीं सङ्क्रमित | नयाँ सङ्क्रमित | वयस्कमा हुने सङ्क्रमण दर (प्रतिशत) | एड्सका कारण मृत्यु हुनेको सङ्ख्या |
|---|---|---|---|---|
| सवसहारन अफ्रिका | २.२५ करोड | १८ लाख | ५ | १३ लाख |
| मध्यपूर्व तथा उत्तर अमेरिका | ४.६० लाख | ७५ हजार | ०.२ | २४ हजार |
| दक्षिण तथा दक्षिणपूर्वी एशिया | ४१ लाख | २.७० लाख | ०.३ | २.६० लाख |
| पूर्वी एशिया | ७.७० लाख | ८२ हजार | ०.१ | ३६ हजार |
| ओसिनिया | ५७ हजार | ४.५ हजार | ०.३ | १.४ हजार |
| मध्य तथा दक्षिण अमेरिका | १४ लाख | ९२ हजार | ०.५ | ५८ हजार |
| क्यारेबियन | २.४० लाख | १७ हजार | १ | १२ हजार |
| पूर्वी यूरोप तथा मध्य एशिया | १४ लाख | १.३ लाख | ०.८ | ७६ हजार |
| पश्चिम तथा मध्य यूरोप | ८.२० लाख | ३१ हजार | ०.२ | ८.५हजार |
| उत्तरी अमेरिका | १५ लाख | ७० हजार | ०.५ | २६ हजार |
| जम्मा | ३.३३ करोड | २६ लाख | ०.८ | १८ लाख |

स्रोतः ग्लोबल रिपोर्ट, २०१०, यु.एन्. एड्स

नेपालमा हाल ६६,७६० जना व्यक्तिहरू **एच्.आइ.भी. र एड्स**को समस्यामा परेको अनुमान गरिएको छ । तीमध्ये १५ वर्षमुनिका १,८५७ जना बालबालिका र बाँकी ६७,६३३ जना वयस्कहरू रहेका छन् ।

**नेपालका एच्.आइ.भी. सङ्क्रमितहरूको अनुमानित सङ्ख्या**

तालिका नं. ७.२

| उमेर समूह | सङ्क्रमितहरूको अनुमानित सङ्ख्या |
|---|---|
| जन्म-१४ वर्ष | १,८५७ |
| १५-४९ वर्ष | ६४,५८५ |
| ५० वर्षभन्दा माथि | ३,३४८ |
| जम्मा | ६९,७९० |

स्रोतः National Estimation Of HIV Infection, Nepal, 2007, NCASC

चित्र ७.२




नेपालमा **एच्.आइ.भी.** सङ्क्रमणको दर बढ्दै जाने क्रम केही रोकिएको अनुमान गरिएको छ । तर यो दर सन्तोषजनक रूपमा घटेको नभई यो स्थिर अथवा नियन्त्रित अवस्थामा मात्रै रहेको छ । नेपालको खुल्ला सिमाना र रोजगारीको अवसरको कमी आदि कारणले भारत र अन्य खाडी मुलुकहरूमा रोजगारीका लागि जानेहरूको सङ्ख्या वर्षेनी बढ्दो क्रममा रहेको छ । यसका साथै सहरीकरण, महिला तथा बालबालिकाको बेचविखन र नवयुवाहरूमा बढ्दै गएको लागू औषध प्रयोग, असुरक्षित यौनसम्पर्कले पनि **एच्.आइ.भी.** बाट सङ्क्रमित हुनेहरूको सङ्ख्यामा दिनानुदिन बढ्दै गइरहेको पाइन्छ ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, टेकुका अनुसार (२०६७, फागुनसम्ममा) १७,५५६ जना एच्.आइ.भी. सङ्क्रमितहरू रहेका छन् (गतवर्षको जेठमहिनासम्मको अवधिमा १५,६४५ जना व्यक्तिहरूमा एच्.आइ.भी. सङ्क्रमण रहेको थियो) । जसमध्ये ११,३६५ जना पुरुषहरू र ६,१९१ जना महिलाहरू रहेका छन् भने १५ वर्षमुनिका ६९१ जना बालक र ४५५ जना बालिका गरी जम्मा १,१४६ जना बालबालिका सङ्क्रमित रहेका छन् । नेपालमा करीव ३ लाख बालबालिका एड्स प्रभावित (Children Affected by AIDS-CABA) भएको मानिन्छ । एड्स प्रभावित बालबालिका भन्नाले प्रत्यक्ष **एच्.आइ.भी**. सङ्क्रमणमा रहेका अथवा एड्सको अवस्थामा रहेका बाबु/आमा/अभिभावकका बालबालिका अथवा स्वयं **एच्.आइ.भी**.को सङ्क्रमणमा र एड्सको अवस्थामा रहेका बालबालिका भन्ने बुझिन्छ ।

संरक्षणका दृष्टिले एच्.आइ.भी. सङ्क्रमित र एड्सपीडित तथा प्रभावित बालबालिका बढी जोखिममा रहेको मानिन्छ, यिनीहरू बढीमात्रामा भेदभाव र लाञ्छनाका कारण पीडित भएका हुन्छन् । यिनीहरूको संरक्षणका लागि नेपालमा विभिन्न कार्यक्रमहरू लागू गरिएका छन् । संरक्षणका लागि बालगृहहरू पनि सञ्चालनमा छन् भने उपचारका लागि ए.आर.भी. दिने कार्य पनि भैरहेको छ । त्यस्तै शिक्षाको लागि पनि उत्प्रेरणात्मक कार्यक्रमहरू लागू गरिएका छन् ।

**उमेर र लिङ्गका आधारमा एच्.आइ.भी. सङ्क्रमितहरूको सङ्ख्यात्मक विवरण**

तालिका नं. ७.३

| उमेर समूह | पुरुष | महिला | जम्मा | नयाँ सङ्क्रमित (२०६७ फागुन महिनाको) |
|---|---|---|---|---|
| जन्मदेखि ४ वर्ष | २७१ | १६४ | ४३५ | ५ |
| ५-९ वर्ष | ३०२ | २१३ | ५१५ | ६ |
| १०-१४ वर्ष | ११८ | ७८ | १९६ | २ |
| १५-१९ वर्ष | २७२ | २८६ | ५५८ | ४ |
| २०-२४ वर्ष | १,३२५ | ९६४ | २,२८९ | १३ |
| २५-२९ वर्ष | २,४१६ | १,४४२ | ३,८५८ | ३१ |
| ३०-३९ वर्ष | ४,६६२ | २,१६४ | ६,८२६ | ५७ |
| ४०-४९ वर्ष | १,५७२ | ६८५ | २,२५७ | २९ |
| ५० वर्षभन्दा माथि | ४२७ | १९५ | ६२२ | १२ |
| जम्मा | ११,३६५ | ६,१९१ | १७,५५६ | १५९ |

स्रोतः राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, २०६७

चित्र: ७.३ (क)




चित्र: ७.३ (ख)



**वयस्कता तथा लिङ्गका आधारमा सङ्क्रमितहरुको सङ्ख्यात्मक विवरण**

तालिका ७.४

| | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| बालबालिका | ६९१ | ४५५ | १,१४६ |
| प्रतिशत | ६०.३० | ३९.७० | ६.५३ |
| वयस्क | १०,६७४ | ५,७३६ | १६,४१० |
| प्रतिशत | ६५.०५ | ३४.९५ | ९३.४७ |
| जम्मा | ११,३६५ | ६,१९१ | १७,५५६ |
| प्रतिशत | ६४.७४ | ३५.२६ | १००.०० |

स्रोतः राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, २०६७

माथिको तालिकालाई हेर्दा १५ वर्षमुनिका बालबालिका १,१४६ जना रहेकोमा ४५५ जना (३९.७०%) बालिका र ६९१ जना (६०.३०%) बालक रहेको देखिएको छ । कूल सङ्क्रमितमध्ये बालबालिकाको कूल प्रतिशत ६.५३% रहेको पनि देखिएको छ ।

- नेपालमा एच्.आइ.भी र एड्स उपचारको लागि २६ स्थानमा ART सेवा केन्द्र र १० स्थानमा ART सेवा उपकेन्द्र तथा २०५ स्थानमा CT (Counseling and Testing, परामर्श तथा परीक्षण) सेवाको स्थापना गरिएको छ भने सङ्क्रमित गर्भवती आमाहरूलाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउनका लागि मुलुकका २१ स्थानमा PMTCT केन्द्रहरू रहेका छन् । PMTCT एउटा यस्तो पद्धति हो जसका कारणबाट आमा सङ्क्रमण रहेको रहेछ भने पनि जन्मने सन्तानहरूमा सङ्क्रमण नहुने विधि अपनाइन्छ यसबाट नवजात शिशुमा **एच्.आइ.भी**. सङ्क्रमणको दर कम हुन्छ ।

**नेपालमा PMTCT सेवा सञ्चालन भएका केन्द्रहरू**

तालिका ७.५

| क्र.सं. | PMTCT केन्द्र | जिल्ला |
|---|---|---|
| १ | प्रसूति अस्पताल | काठमाडौं |
| २ | भेरी अञ्चल अस्पताल, नेपालगञ्ज | बाँके |

| | | |
|---|---|---|
| ३ | बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | सुनसरी |
| ४ | त्रि.वि.शिक्षण अस्पताल, महाराजगञ्ज | काठमाडौं |
| ५ | नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्ज | पर्सा |
| ६ | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा | कास्की |
| ७ | महाकाली अञ्चल अस्पताल, महेन्द्रनगर | कञ्चनपुर |
| ८ | अछाम जिल्ला अस्पताल, मङ्गलसेन | अछाम |
| ९ | कोशी अञ्चल अस्पताल, विराटनगर | मोरङ |
| १० | भरतपुर अस्पताल | चितवन |
| ११ | मेची अञ्चल अस्पताल, भद्रपुर | झापा |
| १२ | जनकपुर अञ्चल अस्पताल, जनकपुर | धनुषा |
| १३ | युनाइटेड मिसन अस्पताल, तानसेन | पाल्पा |
| १४ | धौलागिरी अञ्चल अस्पताल, बाग्लुङ | बाग्लुङ |
| १५ | मध्यपश्चिम क्षेत्रीय अस्पताल, बीरेन्द्रनगर | सुर्खेत |
| १६ | सेती अञ्चल अस्पताल, धनगढी | कैलाली |
| १७ | डोटी जिल्ला अस्पताल, सिलगढी | डोटी |
| १८ | सुनसरी जिल्ला अस्पताल, सुनसरी | सुनसरी |
| १९ | राप्ती उपक्षेत्रीय अस्पताल, घोराही | दाङ |
| २० | सगरमाथा अञ्चल अस्पताल, राजबिराज | सप्तरी |
| २१ | लुम्बिनी अञ्चल अस्पताल, बुटवल | रुपन्देही |

स्रोतः NCASC, काठमाडौं २०६८

**नेपालमा ART सेवा सञ्चालन भएका केन्द्रहरू**

तालिका ७.६

| क्र.सं. | ART केन्द्र | जिल्ला |
|---|---|---|
| १ | टेकू अस्पताल, टेकू | काठमाडौं |
| २ | भेरी अञ्चल अस्पताल, नेपालगञ्ज | बाँके |
| ३ | स्पर्श नेपाल, सानेपा | ललितपुर |
| ४ | त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज | काठमाडौं |

| | | |
|---|---|---|
| ५ | बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | सुनसरी |
| ६ | पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा | कास्की |
| ७ | नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्ज | पर्सा |
| ८ | महाकाली अञ्चल अस्पताल, महेन्द्रनगर | कञ्चनपुर |
| ९ | सेती अञ्चल अस्पताल, धनगढी | कैलाली |
| १० | डोटी जिल्ला अस्पताल, सिलगढी | डोटी |
| ११ | लुम्बिनी अञ्चल अस्पताल, बुटवल | रुपन्देही |
| १२ | अछाम जिल्ला अस्पताल, मङ्गलसेन | अछाम |
| १३ | धौलागिरी अञ्चल अस्पताल, बाग्लुङ | बाग्लुङ |
| १४ | कोशी अञ्चल अस्पताल, विराटनगर | मोरङ |
| १५ | भरतपुर अस्पताल | चितवन |
| १६ | मेची अञ्चल अस्पताल, भद्रपुर | झापा |
| १७ | कान्ति बाल अस्पताल, महाराजगञ्ज | काठमाडौं |
| १८ | जनकपुर अञ्चल अस्पताल, जनकपुर | धनुषा |
| १९ | युनाइटेड मिसन अस्पताल, तानसेन | पाल्पा |
| २० | मध्यपश्चिम क्षेत्रीय अस्पताल, बीरेन्द्रनगर | सुर्खेत |
| २१ | राप्ती उपक्षेत्रीय अस्पताल, घोराही | दाङ |
| २२ | माइती नेपाल, गौशाला | काठमाडौं |
| २३ | सगरमाथा अञ्चल अस्पताल, राजविराज | सप्तरी |
| २४ | दमौली अस्पताल | तनहुँ |
| २५ | दैलेख जिल्ला अस्पताल | दैलेख |
| २६ | बीर अस्पताल | काठमाडौं |

| क्र.सं. | ART उपकेन्द्रहरु | |
|---|---|---|
| १ | टिकापुर अस्पताल, कैलाली | कैलाली |
| २ | बैतडी जिल्ला अस्पताल, गोठालापानी | बैतडी |
| ३ | स्याङ्जा जिल्ला अस्पताल, बाडखोला | स्याङ्जा |
| ४ | गुल्मी जिल्ला अस्पताल, तम्घास | गुल्मी |
| ५ | बर्दिया जिल्ला अस्पताल, गुलरिया | बर्दिया |
| ६ | धुलिखेल अस्पताल | काभ्रे |
| ७ | गोर्खा जिल्ला अस्पताल | गोर्खा |
| ८ | लमजुङ जिल्ला सामुदायिक अस्पताल, बेसीशहर | लमजुङ |
| ९ | कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवा | कपिलवस्तु |
| १० | बयलपाटा अस्पताल, बयलपाटा | अछाम |

स्रोतः NCASC, काठमाडौं २०६८

**नेपालमा परामर्श तथा परीक्षण (CT) सेवा सञ्चालन भएका केन्द्रहरू**

तालिका ७.७

| क्र.सं. | जिल्ला | सङ्ख्या |
|---|---|---|
| १ | **अछाम** | ४ |
| २ | **अर्घाखाँची** | ३ |
| ३ | **बाग्लुङ** | ३ |
| ४ | **बैतडी** | २ |
| ५ | **बझाङ** | २ |
| ६ | **बाजुरा** | २ |
| ७ | **बाँके** | ७ |
| ८ | **बारा** | ३ |
| ९ | **बर्दिया** | ४ |
| १० | **भक्तपुर** | २ |
| ११ | **भोजपुर** | १ |
| १२ | **चितवन** | ६ |
| १३ | **डडेल्धुरा** | २ |
| १४ | **दैलेख** | २ |
| १५ | **दाङ** | ५ |
| १६ | **दार्चुला** | २ |
| १७ | **धादिङ** | १ |
| १८ | **धनकुटा** | १ |
| १९ | **धनुषा** | ४ |
| २० | **दोलखा** | १ |
| २१ | **डोल्पा** | १ |
| २२ | **डोटी** | ३ |
| २३ | **गोर्खा** | २ |
| २४ | **गुल्मी** | २ |
| २५ | **हुम्ला** | २ |
| २६ | **इलाम** | २ |
| २७ | **जाजरकोट** | २ |
| २८ | **झापा** | ७ |
| २९ | **जुम्ला** | १ |
| ३० | **कैलाली** | ६ |
| ३१ | **कालीकोट** | २ |
| ३२ | **कञ्चनपुर** | ६ |
| ३३ | **कपिलवस्तु** | ६ |
| ३४ | **कास्की** | ७ |
| ३५ | **काठमाडौं** | १५ |
| ३६ | **काभ्रेपलाञ्चोक** | ४ |
| ३७ | **खोटाङ** | १ |
| ३८ | **ललितपुर** | ५ |
| ३९ | **लमजुङ** | २ |
| ४० | **महोत्तरी** | ३ |
| ४१ | **मकवानपुर** | ४ |
| ४२ | **मनाङ** | १ |
| ४३ | **मोरङ** | ६ |
| ४४ | **मुगु** | १ |
| ४५ | **मुस्ताङ** | १ |
| ४६ | **म्याग्दी** | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | **नवलपरासी** | ४ | ६२ | **संखुवासभा** | १ |
| ४८ | **नुवाकोट** | १ | ६३ | **सप्तरी** | १ |
| ४९ | **ओखलढुङ्गा** | १ | ६४ | **सर्लाही** | ६ |
| ५० | **पाल्पा** | २ | ६५ | **सिन्धुली** | १ |
| ५१ | **पाँचथर** | १ | ६६ | **सिन्धुपलाञ्चोक** | १ |
| ५२ | **पर्सा** | ३ | ६७ | **सिराहा** | १ |
| ५३ | **पर्वत** | १ | ६८ | **सोलखुम्बु** | १ |
| ५४ | **प्यूठान** | २ | ६९ | **सुनसरी** | ३ |
| ५५ | **रामेछाप** | १ | ७० | **सुर्खेत** | २ |
| ५६ | **रसुवा** | १ | ७१ | **स्याङ्जा** | ३ |
| ५७ | **रौतहट** | १ | ७२ | **तनहूँ** | १ |
| ५८ | **रोल्पा** | २ | ७३ | **ताप्लेजुङ्ग** | १ |
| ५९ | **रुकुम** | २ | ७४ | **तेह्रथुम** | १ |
| ६० | **रुपन्देही** | ७ | ७५ | **उदयपुर** | १ |
| ६१ | **सल्यान** | २ | | **जम्मा** | २०५ |

स्रोतः NCASC, काठमाडौं २०६८

नेपाल सरकारले एच्.आइ.भी. र एड्स न्यूनीकरण गर्नका लागि **एच्.आइ.भी. र** एड्ससम्बन्धी नीति, २०६४ तयार पारी लागू गरेको छ, जसमा–

- काम गर्ने स्थानमा आइपर्ने मामिलाको रूपमा स्वीकार्ने, भेदभाव नगर्ने
- काम गर्ने स्वस्थ वातावरण सिर्जना गर्ने
- लैङ्गिक समानतालाई अङ्गीकार गर्ने काम गर्न स्वस्थ वातावरणको सिर्जना गर्ने
- सामाजिक संवादलाई निरन्तरता दिने
- रोजगार वा कामबाट अलग्ग्याउने उद्देश्यले **एच्.आइ.भी. र एड्स** परीक्षण नगर्ने
- सङ्क्रमितहरूको गोपनीयता कायम राख्ने
- सङ्क्रमितहरूको हकको आदर गर्ने
- सामान्य काम गर्न सकुञ्जेल रोजगारको निरन्तरताको प्रत्याभूति गर्ने
- सङ्क्रमणको यथासक्य रोकथाम र उपचार गर्ने
- सङ्क्रमितहरूलाई सहयोग गर्ने

### ७.२) **श्रममा संलग्न रहेका बालबालिका**

विश्वका अधिकांश अल्पविकसित मुलुकहरूमा जसरी नै नेपालमा पनि बालबालिका श्रममा संलग्न भएका पाइन्छन् । यो आफैंमा एक गम्भीर समस्या हो । बालश्रमलाई न्यूनीकरण गर्न नेपाल सरकारले बालबालिकाको स्वास्थ्य तथा शिक्षाको अधिकारलाई प्राथमिकता दिँदै दशकौं अगाडिदेखि कार्यक्रम सञ्चालन गर्दै आएको छ । तापनि आशातीत रूपमा सफलता हासिल गर्न भने सकिएको छैन ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३२ मा उल्लेख गरिएको बालश्रमविरुद्धको व्यवथा अनुरूपकै व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२(५) मा पनि उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को सदस्य राष्ट्रका रूपमा नेपालले निकृष्ट प्रकारको बालश्रमसम्बन्धी ILO को महासन्धि नं. १८२ र १३८ अनि सिफारिस नं. १९० लाई अनुमोदन गरेको छ । नेपाल सरकारले श्रम ऐन, २०४८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ लगायतका कानुनी व्यवस्थाहरूमा बालश्रम निवारणका लागि व्यवस्थाहरू गरेको छ ।

नेपालको सन्दर्भमा ILO/IPEC ले द्रूत मूल्याङ्कन पद्धति विधिबाट अध्ययन गरी निकृष्ट प्रकारका बालश्रमहरूको ७ वटा स्वरूपहरू निर्धारण गरेको छ । त्यसरी निर्धारण गरी नेपाल सरकारले स्वीकार गरेका ७ प्रकारका निकृष्ट प्रकारहरूका श्रमको क्षेत्रहरूमा १. बालभरिया, २. सडकमा आश्रित बालबालिका, ३. बालबँधुवा बालश्रम, ४. घरेलु बालश्रमिक, ५. इँट्टा कारखानामा काम गर्ने बालबालिका, ६. कोइला तथा अन्य खानीमा काम गर्ने बालबालिका र ७. श्रम तथा यौनशोषणका लागि बेचविखनमा परेका बालबालिका पर्दछन् ।

सन् २००१ मा गरिएको राष्ट्रिय जनगणनाअनुसार घरेलु बालश्रमिकका रूपमा संलग्न १४ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १७,८०३ रहेको पाइएको छ । जसमध्ये बालक ४६.३% र बालिका ५३.७% रहेको थियो भने आइ.एल्.ओ.को अनुमानअनुसार श्रममा संलग्न २६ लाख बालबालिकामध्ये १,२७,००० जना बालबालिका निकृष्ट प्रकारका श्रममा संलग्न रहेका छन् ।

४८ वटा जिल्लाबाट बालअधिकार अनुगमन सूचकाङ्क फारममार्फत् जिल्लागतरूपमा प्राप्त विवरणअनुसार १६,७४७ जना बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । २३ जिल्लाबाट प्राप्त विस्तृत विवरणअनुसार ८,८०८ जना (५१.४%) बालिका र ८,३१६ जना (४८.६%) बालक गरी जम्मा १७,१२४ जना बालबालिका श्रममा संलग्न रहेको देखिएको छ । यसरी हेर्दा बालकहरूको तुलनामा बालिकाहरू बढीमात्रामा श्रममा संलग्न रहेको देखिएको छ । जिल्लागतरूपमै प्राप्त विवरणलाई विश्लेषण गर्दा सबैभन्दा धेरै अर्थात् ४१.०५% बालबालिका घरेलु/ज्यालादारी बालश्रमिकको रूपमा रहेको र सबैभन्दा कम अर्थात् १.८३% बालबालिका यातायात मजदूरका रूपमा रहेको देखिएको छ ।

**श्रममा संलग्न रहेका बालबालिकाको क्षेत्रगत तथ्याङ्क**

तालिका नं. ७.८

| बालश्रमका क्षेत्रहरु | बालिका | बालक | जम्मा | लिङ्ग नखुलेको जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| बँधुवा मजदूर | ९०० | ९३१ | १,८३२ | १,९७२ | ९.९९ |
| घरेलु/ज्यालादारी | ४,९६४ | २,०७५ | ७,०३९ | ८,१०७ | ४१.०५ |
| होटेल | १,०९० | १,३५४ | २,४४४ | २,६७८ | १३.५६ |
| यातायात | १ | ३३२ | ३३३ | ३६२ | १.८३ |
| खानीमा काम गर्ने | १५८ | १५० | ३०७ | ४१८ | २.१२ |
| भारी बोक्ने | ४५८ | ५८३ | १,०४१ | १,४४४ | ७.३१ |
| उद्योग तथा कलकारखाना | ३७८ | १,२७२ | १,६४९ | १,८९३ | ९.५९ |
| सडकमा आश्रित | २५४ | ९८१ | १,२३५ | १,४६० | ७.३९ |
| अन्य | ६०६ | ६३९ | १,२४५ | १,४१३ | ७.१६ |
| जम्मा | ८,८०८ | ८,३१६ | १७,१२४ | १९,७४७ | १००.०० |
| प्रतिशत | ५१.४ | ४८.६ | १०० | | |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र ७.८ (क)



चित्र ७.८ (ख) लिङ्गको आधारमा वृत्तचित्र




७.२.१) **श्रममा संलग्न बालबालिकासम्बन्धी केही तथ्यहरू**

केन्द्रीय तथ्याङ्क विभागले २००६ प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ को तथ्याङ्कअनुसार ५ वर्षदेखि १४ वर्ष उमेर समूहका बालबालिकामध्ये आर्थिक क्रियाकलापमा संलग्न बालबालिका अघिल्लो सर्वेक्षण, १९९८/९९ मा ४०.९% रहेकोमा सोको तुलनामा ७% ले घटी यस सर्वेक्षणमा ३३.९% देखिएको छ । त्यसैगरी यो दर सहरी क्षेत्रमा अघिल्लो सर्वेक्षणमा ४३.३% रहेकोमा यस सर्वेक्षणमा ६.६%ले घटी ३६.७% र ग्रामीण क्षेत्रमा अघिल्लो सर्वेक्षणमा १९.०% रहेकोमा यस सर्वेक्षणमा ४.६%ले घटी १४.४% देखाएको छ । बाल अरोजगारी दर ०.२% बाट बढेर ०.७% सम्म पुगेकोछ, यसरी नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ को प्रतिवेदनअनुसार बालश्रमको मात्रा घट्दै गएको देखिएको छ ।

सोही सर्वेक्षणअनुसार अघिल्लो सर्वेक्षणको तुलनामा श्रमिक बालबालिकाले काम गर्ने साप्ताहिक औसत समयमा पनि कमी आएको देखिन्छ । जसअनुसार अघिल्लो सर्वेक्षण अवधिमा औसत २२.४ घण्टा प्रतिहप्ता रहेकोमा पछिल्लो सर्वेक्षण अवधिमा औसत १८.० घण्टा प्रति हप्ता रहनुले श्रमिक बालबालिकालाई काममा लगाउने समयका प्रति रोजगारदाताहरूको संवेदनशीलतामा क्रमशः बृद्धि हुँदै गएको पाइन्छ ।

**नेपाल श्रमशक्ति सर्वेक्षणबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ७.९**

**(सङ्ख्या हजारमा)**

| लिङ्ग | ग्रामीण क्षेत्र | सहरी क्षेत्र | जम्मा |
|---|---|---|---|
| बालिका | १,०८८ | ५७ | १,१४५ |
| बालक | ९१२ | ५४ | ९६६ |
| जम्मा | २,००० | १११ | २,१११ |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ केन्द्रीय तथ्याङ्क विभाग

चित्र नं. ७.६




७.२.२) **बालश्रम निवारणका लागि भएका प्रयासहरू**

क) कानुन निर्माण तथा लागू

- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ जारी गरिएको
- बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ जारी गरिएको
- बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना, २०६१-२०७१ जारी गरिएको

ख) गुरुयोजना तर्जुमा तथा कार्यान्वयन

बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना, २०६३ ले समेटेका क्षेत्रहरू

- नीतिगत तथा संस्थागत विकास
- कानुनी पूर्वाधार निर्माण र कार्यान्वयन
- रोजगारी तथा आयआर्जन
- शिक्षा तथा स्वास्थ्य
- पैरवी, सञ्जाल विकास र सामाजिक परिचालन
- निरोधात्मक कार्यक्रमहरू
- संरक्षणात्मक कार्यक्रमहरू
- पुनर्स्थापना कार्यक्रमहरू
- अध्ययन तथा अनुसन्धान

ग) कोषको स्थापना तथा सञ्चालन

- बालश्रम निवारण कोषमा करीव १५ लाख रूपैयाँ जम्मा भएको
- बालबालिका विकास तथा पुनर्स्थापना कोषमा करीव १ करोड रूपैयाँ जम्मा भएको
  - ○ बालबालिका विकास तथा पुनर्स्थापना कोषबाट श्रमिक बाबुआमाका छोराछोरीको अनौपचारिक शिक्षा, दिवा शिशुस्याहार केन्द्र र हेरचाहको लागि काठमाडौंको ३ स्थान (जोरपाटी, गौरीघाट र महाङ्काल) मा केन्द्र सञ्चालन
  - ○ गलैंचा मजदूरका बालबालिकाको संरक्षणका लागि कीर्तिपुर र धापासीमा सञ्चालित बाल शिक्षण केन्द्रलाई सहयोग

गत आर्थिक वर्ष २०६७/६८ मा बालश्रम निरीक्षण तथा अनुगमन, बालश्रमविरुद्ध चेतना अभिवृद्धि कार्यक्रम, बालश्रम निवारणसम्बन्धी रणनीतिक गोष्ठी, बालश्रमसम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्यांक सङ्कलन सहयोग कार्य, निकृष्ट बालश्रम सुधार कार्यक्रम, बालश्रमिकको स्वास्थ्य प्रवर्द्धन र एच.आई.भी. र एड्स सचेतना कार्यक्रम एवम् वृत्तचित्र निर्माणजस्ता कार्यक्रमहरू सञ्चालनमा छन् । यसैगरी विभिन्न कोषहरू (बालबालिका विकास तथा पुनर्स्थापना कोषमा अनुदान, बालश्रम निवारण कोषमा अनुदान, बालश्रमिक पुनर्स्थापना) मा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको छ । गत आर्थिक वर्षको प्रथम आठ महिनामा एक सय पटक बालश्रम निरीक्षण

तथा अनुगमन गरिएको छ भने बालश्रमविरुद्ध चेतना अभिवृद्धि कार्यक्रम, बालश्रमसम्बन्धी अध्ययन अनुसन्धान तथा अनुदान सम्बन्धी कार्यहरू सञ्चालन भइरहेका छन । (स्रोतः आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०६७/०६८)

गत आर्थिक वर्षमा श्रम तथा यातायात व्यवस्था मन्त्रालय र काठमाडौ महानगरपालिकाको संयुक्त आयोजनामा काठमाण्डौ महानगरपालिकाको वडा नं २, ५, ७, २० र ३३ मा बालशिक्षण केन्द्रहरू सञ्चालनमा रहेका छन् । बालबालिका विकास तथा पुनर्स्थापना कोषद्वारा सञ्चालित ५ वटा (जोरपाटी, महांकाल, गौरीघाट, कीर्तिपुर र धापासी) मा दिवा शिशुस्याहार तथा अनौपचारिक शिक्षा केन्द्रबाट वार्षिकरूपमा करिब ३ सय जना बालश्रमिकहरूलाई अनौपचारिक शिक्षा प्रदान, उद्योग प्रतिष्ठानहरूमा २ सय ८४ पटक बालश्रमिकहरूको निरीक्षण, श्रव्य र दृष्य दुबै माध्यममार्फत् बालश्रमविरुद्ध चेतनामूलक सामग्रीहरू प्रचार प्रसार, बालश्रमिकका लागि HIV & AIDS सम्बन्धी सचेतना कार्यक्रमहरू सम्पन्न गरिएको छ । (स्रोतः आर्थिक सर्वेक्षण, २०६७/६८)

त्यसैगरी बालश्रम र बालबालिकाको क्षेत्रमा कार्य गर्ने विभिन्न सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय गैसस तथा श्रमसँग सम्बन्धित पेशागत संस्था तथा निकायहरू र बालक्लबहरूद्वारा "**होसियार! बालबालिका जोखिमपूर्ण काममाः बालश्रमको अन्त्य गरौं**" भन्ने नारासहित बालश्रमविरुद्ध विश्व दिवस जुन १२, २०११ का दिन विभिन्न कार्यक्रमका साथ मनाइयो ।

### ७.२.३) **कमलरी बालिकाहरूसम्बन्धी तथ्यहरू**

पश्चिम नेपालको तराई/मधेस क्षेत्रका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लामा विपन्न वर्गका थारु समुदायका बालिकाहरूलाई घरेलु मजदूरका रूपमा काममा लगाइने कुप्रथालाई कमलरी भनिन्छ । बँधुवा मजदूरका रूपमा हेरिने यी साना उमेरका बालिकाहरूले साहूको घरायसी कामहरू गर्नुपर्ने हुन्छ । यस्ता क्षेत्रहरूमा जिल्ला बालकल्याण समिति तथा असहाय नानीहरूको साथी, बेस, स्वान, मुक्त कमैया समाज आदिजस्ता विभिन्न सरकारी र गैरसरकारी संस्था तथा निकायहरूको विशेष पहलमा कमलरी उन्मूलन गर्ने कार्य सुरु भएको छ । दाङ जिल्लालाई मिति २०६५ माघ १ गते (माघी पर्व) का दिन विभिन्न संस्थाहरूसँगको समन्वयमा जिल्ला बालकल्याण समितिले कमलरी मुक्त जिल्ला घोषणा गरेको छ । कमलरी उन्मूलन कार्यक्रमअन्तर्गत हालसम्म ५,७५२ जना कमलरीहरूलाई मुक्त गरिएको छ भने ४,६८५ जना कमलरीहरूलाई मुक्त गर्न बाँकी रहेको छ । (स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६)

### उद्दार गर्न बाँकी कमलरीहरूको उमेरगत तथ्याङ्क

तालिका नं. ७.१०

| क्र.सं. | जिल्ला | उमेर समुह | | |
|---|---|---|---|---|
| | | ५ देखि १० | ११ देखि १५ | १६ देखि माथि |
| १ | कैलाली | २७७ | १,१११ | ६०८ |
| २ | बाँके | ४७ | २२८ | ११६ |
| ३ | कञ्चनपुर | ६८ | २३५ | ९३ |
| ४ | बर्दिया | १७४ | ८०३ | ४०८ |
| ५ | दाङ | ५० | ३९५ | ७५ |
| | जम्मा | ६१६ | २,७७२ | १,३०० |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

### उद्दार गर्न बाँकी कमलरीहरूको रोजगारीस्थलअनुसारको तथ्याङ्क

तालिका नं. ७.११

| क्र.सं. | जिल्ला | कमलरी सङ्ख्या | घरधुरी सङ्ख्या | गएको स्थान | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गा.वि.स. भित्र | जिल्लाभित्र | अन्य जिल्ला | राजधानी | भारत | अन्य मुलुक | थाहा नभएको |
| १ | कैलाली | १,९९६ | १,७४७ | ६३७ | ८३४ | २२५ | २६९ | २२ | ० | ९ |
| २ | बाँके | ३९१ | ३३७ | १०२ | १५३ | ४८ | ६० | २ | ० | २६ |
| ३ | कञ्चनपुर | ३९६ | ३२४ | १३८ | १२४ | ६७ | ५६ | ११ | ० | ० |
| ४ | बर्दिया | १,३८५ | १,१९० | ३२७ | ७२१ | १५६ | १६६ | ० | ० | १५ |
| ५ | दाङ | ५२० | ५०० | ० | ३५४ | ६८ | ९५ | ३ | ० | ० |
| | जम्मा | ४,६८८ | ४,०९८ | १,२०४ | २,१८६ | ५६४ | ६४६ | ३८ | ० | ५० |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

**उद्दार गर्न बाँकी कमलरीहरूको ज्यालादरअनुसारको तथ्याङ्क**

तालिका नं. ७.१२

| क्र.सं. | जिल्ला | वार्षिक ज्यालाको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ५०० देखि २००० | २००० देखि ५००० | ५००० देखि माथि | विना ज्याला | पढाइ दिने | जग्गा अधियावापत | थाहा छैन |
| १ | कैलाली | १८५ | ५१९ | ७३० | २३७ | २०६ | ७३ | ४६ |
| २ | बाँके | २२ | ५१ | ११२ | ३४ | १६६ | ६ | ० |
| ३ | कञ्चनपुर | ३४ | ८९ | १२२ | ५८ | ९० | ० | ३ |
| ४ | बर्दिया | १९१ | २४४ | २६० | २९५ | २८५ | ५४ | ५६ |
| ५ | दाङ | २० | १२० | २५२ | ७ | ८६ | ३५ | ० |
| | जम्मा | ४५२ | १,०२३ | १,४७६ | ६३१ | ८३३ | १६८ | १०५ |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

**कमलरीहरूलाई मुक्त गरिएको सालअनुसारको तथ्याङ्क**

तालिका नं. ७.१३

| क्र.सं. | साल | दाङ | | | बर्दिया | | | कुल जम्मा | FNC जम्मा | SWAN जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | FNC | SWAN | जम्मा | FNC | SWAN | जम्मा | | | |
| १ | २००० | ३६ | ० | ३६ | ० | ० | ० | ३६ | ३६ | ० |
| २ | २००१ | १२८ | ० | १२८ | ० | ० | ० | १२८ | १२८ | ० |
| ३ | २००२ | १७० | ० | १७० | ० | ० | ० | १७० | १७० | ० |
| ४ | २००३ | १२० | ० | १२० | ० | ० | ० | १२० | १२० | ० |
| ५ | २००४ | २५२ | ० | २५२ | ० | ० | ० | २५२ | २५२ | ० |
| ६ | २००५ | २३० | ७६६ | ९९६ | ० | ० | ० | ९९६ | २३० | ७६६ |
| ७ | २००६ | ५६७ | ४५५ | १,०२२ | ० | ० | ० | १,०२२ | ५६७ | ४५५ |
| ८ | २००७ | ३८५ | १५९ | ५४४ | ० | ० | ० | ५४४ | ३८५ | १५९ |
| ९ | २००८ | ४३१ | १८० | ६११ | ६२८ | ० | ६२८ | १,२३९ | १०५९ | १८० |
| १० | २००९ | ३९९ | १६८ | ५६७ | ६७८ | ० | ६७८ | १,२४५ | १,०७७ | १६८ |
| | जम्मा | २,७१८ | १,७२८ | ४,४४६ | १,३०६ | ० | १,३०६ | ५,७५२ | ४,०२४ | १,७२८ |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

**विद्यालय शिक्षा लिने मुक्त कमलरीहरूको तथ्याङ्क**

तालिका नं. ७.१४

| क्र.सं. | वर्ष | दाङ | | | बर्दिया | | | कुल जम्मा | FNC जम्मा | SWAN जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | FNC | SWAN | जम्मा | FNC | SWAN | जम्मा | | | |
| १ | २००० | ३६ | ० | ३६ | ० | ० | ० | ३६ | ३६ | ० |
| २ | २००१ | ११५ | ० | ११५ | ० | ० | ० | ११५ | ११५ | ० |
| ३ | २००२ | १२६ | ० | १२६ | ० | ० | ० | १२६ | १२६ | ० |
| ४ | २००३ | ५५ | ० | ५५ | ० | ० | ० | ५५ | ५५ | ० |
| ५ | २००४ | २२० | ० | २२० | ० | ० | ० | २२० | २२० | ० |
| ६ | २००५ | २२४ | ६६० | ८८४ | ० | ० | ० | ८८४ | २२४ | ६६० |
| ७ | २००६ | ४६९ | २०८ | ६७७ | ० | ० | ० | ६७७ | ४६९ | २०८ |
| ८ | २००७ | १०८ | ८५ | १९३ | ० | ० | ० | १९३ | १०८ | ८५ |
| ९ | २००८ | १५९ | १११ | २७० | ५५० | ० | ५५० | ८२० | ७०९ | १११ |
| १० | २००९ | २१२ | ५० | २६२ | २५० | ० | २५० | ५१२ | ४६२ | ५० |
| | जम्मा | १,७२४ | १,११४ | २,८३८ | ८०० | ० | ८०० | ३,६३८ | २,५२४ | १,११४ |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

**व्यावसायिक तालिम लिने मुक्त कमलरीहरूको तथ्याङ्क**

तालिका नं. ७.१५

| क्र.सं. | वर्ष | दाङ | | | बर्दिया | | | कुल जम्मा | FNC जम्मा | SWAN जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | FNC | SWAN | जम्मा | FNC | SWAN | जम्मा | | | |
| १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | २००१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | २००२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | २००३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | २००४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | २००५ | १४ | ० | १४ | ० | ० | ० | १४ | १४ | ० |
| ७ | २००६ | १० | २० | ३० | ० | ० | ० | ३० | १० | २० |
| ८ | २००७ | ० | २५ | २५ | ० | ० | ० | २५ | ० | २५ |
| ९ | २००८ | ८२ | ७५ | १५७ | ६ | ० | ६ | १६३ | ८८ | ७५ |
| १० | २००९ | १६६ | २३ | १८९ | २ | ० | २ | १९१ | १६८ | २३ |
| | जम्मा | २७२ | १४३ | ४१५ | ८ | ० | ८ | ४२३ | २८० | १४३ |

स्रोतः कमलरी, असहाय नानीहरूको साथी, २०६६

मुक्त कमलरी विकास मञ्च, दाङबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार मुलुकका ५ जिल्लामा जम्मा १२,८०० जना कमलरी रहेको छ । जसमध्ये ११,४६७ जनाको उद्दार भैसकेको छ भने १,३३३ जनाको उद्दार हुन बाँकी रहेको छ ।

कमलरी उन्मुलन कार्यक्रमअन्तर्गतको ६ वटा जिल्लाको सङ्क्षिप्त विवरण
तालिका नं. ७.१६

| जिल्ला | कमलरी सङ्ख्या | उद्दार सङ्ख्या | उद्दार हुन बाँकी | विद्यालयमा पढिरहेका | उच्च शिक्षा | छात्राबासमा | व्यवशायिक तालिम लिएका | पढाइ छाडेका |
|---|---|---|---|---|---|---|---|---|
| दाङ | ५,१६९ | ५,१३३ | ३६ | २,४५६ | ६४ | ११० | २८४ | २,२३१ |
| बाँके | ६८३ | ४५० | २३३ | ३४० | ६ | २७ | ३० | ५८ |
| बर्दिया | २,७१५ | २,४६२ | २५३ | १,८६० | ३१ | ५७ | ८४ | ४३७ |
| कैलाली | ३,१६४ | २,६९१ | ४७३ | २,११० | ११ | १४१ | ११५ | ४०५ |
| कञ्चनपुर | १,०४४ | ७१८ | ३२६ | ५७७ | ५ | ४० | ९९ | ४२ |
| सुर्खेत | २५ | १३ | १२ | ६ | ० | ० | ० | ० |
| जम्मा | १२,८०० | ११,४६७ | १,३३३ | ७,३४९ | ११७ | ३७५ | ६१२ | ३,१७३ |

स्रोतः मुक्त कमलरी विकास मञ्च, दाङ, २०११

असहाय नानीहरुको साथीहरुका अनुसार यस वर्ष यौन शोषण तथा यातना र बेचविखनमा परेका कर्मचारीहरुको कानूनी उपचारका लागि मुलुकका विभिन्न अदालतहरुमा जम्मा २२ वटा मुद्दा दर्ता गरिएका छन् ।

७.२.४) **कमलरी पुनर्स्थापना कार्यक्रम**

"कमलरीया प्रथा कानूनी रुपलेमात्र मुक्त भए पनि घरेलु नोकर अर्थात् (Domestic Helper) सम्बन्धी कानून नभएकोले हाल बालशोषणविरुद्ध कानून अपर्याप्त भएकाले बालशोषण नियन्त्रण गर्न घरेलु नोकरसम्बन्धी कानून बनाउनु, कानूनको प्रभावकारी कार्यान्वयन गर्नु, बालअधिकार महासन्धि, नागरिक तथा राजनीतिक अधिकार विषयक अनुवन्तध, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुवन्ध लगायत बालअधिकारसम्बन्धी अन्य महत्वपूर्ण महासन्धिहरु बालबालिकाको पाठ्यक्रममा समावेश गर्नु र कमलरीयालगायत अन्य शोषणबाट मुक्त बालबालिकाको हितको रक्षा र सामाजिक सुरक्षाको लागि योजना र नीति बनाई तात्कालीन संविधानको धारा २ (ट) को उपधारा ८ र ९ लगायतको आफ्नो संवैधानिक कर्तव्य पुरा गर्नु" भनी नेपाल सरकारका नाममा सर्वोच्च अदालतले मिति २०६३ भाद्र २५ गते निर्देशनात्मक आदेश जारी गरेपछि व्यवस्थापिका संसदको महिला, बालबालिका तथा समाजकल्याण संसदीय समितिको मिति २०६८ बैशाख ३१ गते बसेको बैठकद्वारा गठित "**मुक्त कमैया, कमलरीहरुको समस्या र अवस्थाका सम्बन्धमा अध्ययन गर्न गठित उपसमिति**" ले गरेको अध्ययन भ्रमणको प्रतिवेदनमा समावेश गरिएको सुझाव र सिफारिसअनुसार संसदीय समितिले नेपाल सरकारका अन्तरमन्त्रालय, विभाग, समिति, निर्देशनालयहरुको समन्वयात्मक बैठकको आयोजना गरी केन्द्रीय बालकल्याण समितिमा सचिवालय रहने गरी एक केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशकको अध्यक्षतामा १५ सदस्यीय एक कमलरी पुनर्स्थापनाका लागि अन्तरमन्त्रालयस्तरीय समिति गठन गरेको छ ।

**कमलरी पुनर्स्थापनाका लागि अन्तरमन्त्रालयस्तरीय समितिको गठन**

| | |
|---|---|
| अध्यक्ष | कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति |
| सदस्य | प्रतिनिधि, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय |
| सदस्य | प्रतिनिधि, शिक्षा मन्त्रालय |
| सदस्य | प्रतिनिधि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| सदस्य | प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| सदस्य | प्रतिनिधि, स्थानीय विकास मन्त्रालय |
| सदस्य | प्रतिनिधि, उद्योग मन्त्रालय |

| | |
|---|---|
| सदस्य | प्रतिनिधि, श्रम तथा यातायात मन्त्रालय |
| सदस्य | प्रतिनिधि, गृह मन्त्रालय |
| सदस्य | प्रतिनिधि, राष्ट्रिय महिला आयोग |
| सदस्य | प्रतिनिधि, राष्ट्रिय योजना आयोग |
| सदस्य | प्रतिनिधि, कृषि तथा सहकारी मन्त्रालय |
| सदस्य | प्रतिनिधि, शान्ति तथा पुनर्निमाण मन्त्रालय |
| सदस्य | प्रतिनिधि, महिला तथा बालबालिका विभाग |
| सदस्य सचिव | केन्द्रीय बालकल्याण समिति |

यस समितिको गठनपश्चात् गरिएको बैठकले कमलरीको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिरहेका संयुक्त राष्ट्र सङ्घीय निकाय, अ/गैससहरु समावेश गरी एक प्राविधिक सहयोग समिति गठन गरेको छ । उक्त प्राविधिक सहयोग समितिको बैठकले कमलरी पुनर्स्थापनासम्बन्धी कार्ययोजना बनाई आफ्नो कार्य अगाडि बढाइरहेको छ ।

**प्राविधिक सहयोग समितिले तयार पारेको कार्ययोजनामा रहेका मुख्य–मुख्य बुँदाहरु**

क) कमलरी प्रभावित जिल्लाहरुको अध्ययन भ्रमण कार्यक्रम

ख) अध्ययन भ्रमण कार्यक्रमको प्रतिवेदन तयारी

ग) कमलरी पुनर्स्थापनाका लागि रणनीतिक योजना तर्जुमा

### ७.२.५) **सर्कसमा काममा लगाइएका बालबालिकाको विवरण**

हेटौंडामा कार्यालय स्थापना गरी सर्कसमा काम गर्ने बालबालिकालाई उद्दार गर्ने संस्था **एस्थर बेन्जामिन्स मेमोरियल फाउण्डेसन नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था**मा प्राप्त निवेदनका आधारमा आ.व.०६७/०६८ मा १ जना बालक र ६ जना बालिका गरी जम्मा ७ जना बालबालिका सर्कसमा गई उजुरी परेको देखिन्छ । सो संस्थाको पहलमा यस वर्ष ४ जना बालक र ७५ जना बालिका गरी जम्मा ७९ जना सर्कसमा प्रयोग गरिएका बालबालिकालाई भारतबाट उद्दार गरी ल्याई परिवारमा पुनर्स्थापना गरिएको छ ।

बालश्रमको अत्यन्तै निकृष्ट प्रकारको बालश्रमको रूपमा मानिएको सर्कसमा बालबालिका जानुको कारणमा क्रमशः (**क**) बालबालिका सर्कसमा पारिवारिक आर्थिक अवस्था कमजोर हुनु, (**ख**) परिवारको आकार ठूलो तर आर्थिक तथा सामाजिक अवस्था दयनीय हुनु, (**ग**) दलालको झुटो आश्वासनमा फस्नु, (**घ**) साथीहरूको लहैलहैमा लागेर मिठो खाने र राम्रो लगाउने, स्वतन्त्र र आफू

खुशी जीवन जिउने आशा र (ङ) परिवार तथा बालबालिकामा शिक्षाको र चेतनाको कमी प्रमुख रहेको पाइन्छ ।

एस्थर बेन्जामिन्स मेमोरियल फाउण्डेसनले बालबालिकालाई सर्कसमा लगेको निवेदन वा औपचारिक तथा अनौपचारिक खवर पाउने वित्तिकै नेपाल-भारतको नाका नाकामा गएर छानविन गरेर र भारतमा रहेका विभिन्न सर्कसहरूमा गई बालबालिका खोज तलास गरेर पीडित भएका बालबालिका तथा किशोर किशोरीहरूलाई उद्दार गरी ल्याएर उनीहरूलाई आ-आफ्नो घरमा पुर्नस्थापना गर्नुका साथै उनीहरूको इच्छा अनुसार विभिन्न किसिमका सीपमूलक तालिमहरू तथा शिक्षा प्रदान गर्ने गरेको छ ।

स्रोतः जिल्ला बालकल्याण समिति, मकवानपुर र एस्थर बेन्जामिन्स मेमोरियल फाउण्डेसन, मकवानपुर, २०६८

### ७.२.६) काठमाडौं उपत्यकामा रहेका घरेलु बालश्रमिकको स्थिति

काठमाडौंलाई कार्यक्षेत्र बनाएर बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको सिविस नामक एक गैरसरकारी संस्थाले काठमाडौं उपत्यकामा रहेका २२० जना (जसमा १३२ जना (६०%) बालिका र ८८ जना (४०%) बालक) घरेलु बालश्रमिकसँग एक अध्ययन गरेको थियो । जसमध्ये १० वर्षभन्दा कम उमेरका ४६ जना रहेका छन् भने ११-१४ वर्षसम्मका ९५ जना, १५-१८ वर्षसम्मका ५० जना र उमेर नखुलेका २६ जना बालबालिका रहेका छन् । जातिगतरूपमा ब्राम्हण समुदायका १५ जना (११ जना बालिका र ४ जना बालक), क्षेत्री समुदायका ३४ जना (२४ बालिका र १० जना बालक) रहेका छन् । त्यसैगरी जनजाति समुदायका १६० जना (८९ बालिका र ७१ बालक) र दलित समुदायका ११ जना (८ जना बालिका र ३ जना बालक) रहेका छन् ।

यस्ता बालबालिका काममा आउनुका कारणमा आर्थिक विपन्नता, शिक्षा, घरेलु हिंसा, सहरप्रतिको आकर्षण, सामाजिक/सशस्त्र द्वन्द्वआदिजस्ता रहेको उक्त अध्ययनले जनाएको छ ।

**काठमाडौं उपत्यकामा रहेका घरेलु बालश्रमिकको सङ्ख्यात्मक विवरण (उमेर र लिङ्गका आधारमा)**

तालिका नं. ७.१७

| उमेर/लिङ्ग | १० भन्दा कम | | ११-१४ | | १५-१८ | | नखुलेको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| बालिका | २७ | ५८.७ | ५० | ५२.६३ | ४० | ८० | १५ | ५१.७२ | १३२ | ६० |
| बालक | १९ | ४१.३ | ४५ | ४७.३७ | १० | २० | १४ | ४८.२८ | ८८ | ४० |
| जम्मा | ४६ | १०० | ९५ | १०० | ५० | १०० | २९ | १०० | २२० | १०० |

स्रोतः सिविस, २०१०

चित्र नं. ७.१७(क)
लिङ्गको आधारमा वृत्तचित्र




चित्र नं. ७.१७ (ख)
उमेरगत वृत्तचित्र



**काठमाडौं उपत्यकामा रहेका घरेलु बालश्रमिकको सङ्ख्यात्मक विवरण** (जातिका आधारमा)

तालिका नं. ७.१८

| जात/लिङ्ग | बालिका | | बालक | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ब्राम्हण | ११ | ८.३३ | ४ | ४.५५ | १५ | ६.८२ |
| क्षेत्री | २४ | १८.१८ | १० | ११.३६ | ३४ | १५.४५ |
| जनजाति | ८९ | ६७.४२ | ७१ | ८०.६८ | १६० | ७२.७३ |
| दलित | ८ | ६.०६ | ३ | ३.४१ | ११ | ५.०० |
| जम्मा | १३२ | १०० | ८८ | १०० | २२० | १०० |

स्रोतः सिविस, २०१०

चित्र नं. ७.१८




### ७.२.७) सडकमा आश्रित बालबालिका

नेपालमा विभिन्न जिल्लाहरूबाट वर्षेनी कम्तीमा पनि ५०० जना बालबालिका उपत्यकाका सडकमा आउने गरेको अनुमान छ (सिविन, २००६) । केन्द्रीय बालकल्याण समिति, ललितपुरले २०६४ मा

सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा सञ्जाल (National Alliance of Organizations for Street Children (NAOSC)) सँग मिलेर गरेको एक अध्ययन र २०६५ मा प्रकाशन गरेको प्रतिवेदनअनुसार काठमाडौंमा करिव ८०० जना बालबालिका सडकमा आश्रित रहेको देखाएको छ, जसमा ९५% बालक र ५% बालिका रहेका छन् ।

देशको सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक कारण तथा गरिवी, क्षेत्रीय असन्तुलनका साथै स्रोतको असमान वितरणका कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । यसको अलावा रोजगारी, अशिक्षा र घरेलु हिंसाजस्ता कारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीँ बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज सम्बन्धको स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिँड्ने प्रवृत्ति बढ्दै गएको छ । देशमा दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्व र राजनैतिक अस्थिरताको अप्रत्यक्ष असरको कारणबाट पनि कैयौं बालबालिका सडकमा आएको अनुमान गर्न सकिन्छ । नेपालको सन्दर्भमा हेर्दा सडकमा आश्रित बालबालिका २ किसिमका रहेका छन् पहिलो- पूर्ण रूपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने अनि दोस्रोमा सडकमा कमाइको लागि आउने तर बस्ने र सुत्नका लागि आफ्ना अभिभावकहरू भएको ठाउँमा जाने । यी दुबैथरि बालबालिका संरक्षणको जोखिममा रहेका हुन्छन् ।

**युनिसेफ** (१९९२) **ले गरेको वर्गीकरणअनुसार सडकमा आश्रित बालबालिकाको भिन्न स्वरूप**

क) परित्याग गरिएका बालबालिका : परिवार र घर नभएको ।

ख) सडक बालबालिका : घरपरिवार भइकन पनि सडक नै आफ्नो घर बनाएका बालबालिका ।

ग) सडकमा काम गर्ने बालबालिका : सडकलाई नै आफ्नो कार्यक्षेत्र बनाई आफन्त र परिवारसित रहने बालबालिका ।

घ) उच्च खतरामा रहेका बालबालिका : यस वर्गमा द्वन्द्व, भोकमरी, सहाराविहीन, घरपरिवारविहीन, जोखिमपूर्ण तथा दुःखदायी अवस्थामा रहेका बालबालिका पर्दछन् ।

**सडक बालबालिकाको सङ्ख्यात्मक विवरण (लिङ्गका आधारमा)**

तालिका नं. ७.१६

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालिका | ३५२ | १७ |
| बालक | १,६९४ | ८३ |
| जम्मा | २,०४६ | १०० |

स्रोतः बालअधिकार सूचकाङ्क फारम जिल्लागत, २०६८

चित्र नं. ७.१६




जिल्लागत रूपमा प्राप्त विवरणकाअनुसार कूल २,०४६ जना सडकमा आश्रित बालबालिका रहेको देखिएको छ । प्राप्त विवरणअनुसारसडकमा आश्रित कूल बालबालिकामध्ये ३५२ जना (१७%) बालिका र १,६९४ जना (८३%) बालकहरू रहेको पाइएको छ ।

### ७.३) बालयौन दुर्व्यवहार, शोषण र सोसम्बन्धी उजुरी तथा न्यायिक उपचार तथा बेचविखन तथा ओसारपसारमा परेका बालबालिका

#### ७.३.१) बालयौन दुर्व्यवहार, शोषण र सोसम्बन्धी उजुरी तथा न्यायिक उपचार

नेपालमा रोजगारीको खोजीमा ग्रामीण क्षेत्रका युवायुवतीहरू सहरी क्षेत्रमा जाने र विदेशिने क्रम बढ्दो रूपमा रहेको छ । यसरी सहरमा आएका बालबालिका तथा युवायुवती सामाजिक संरक्षणको अभावमा विभिन्न प्रकारको भेदभाव, दुर्व्यवहार र शोषणमा परेको स्थिति छ । नेपालको सहरी

क्षेत्रमा बालबालिकाको यौनशोषणका घटनाहरू पनि बढिरहेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको एक प्रतिवेदनअनुसार नेपालको सहरी क्षेत्रमा १६ वर्षमुनिका ५,००० भन्दा बढी बालिकाहरू यौन पेशामा संलग्न रहेको अनुमान छ ।

नेपाली समाजमा बालबालिकामाथि यौनशोषण तथा दुर्व्यवहारका घटनाहरू हुने गरेको भए तापनि विद्यमान सामाजिक संस्कारका कारण त्यति साह्रो बाहिर आउन सकेको छैन । जिल्लागतरूपमा प्राप्त विवरणअनुसार गएको वर्ष २०६७ मा बालयौन दुर्व्यवहार तथा यौनशोषणका घटनाहरूमध्ये २१७ वटा घटनाहरू प्रकाशमा आएका थिए जसमा २३२ जना बालबालिका पीडित भएको पाइएको छ । पीडित बालबालिकामध्ये २१७ जना बालिका र १५ जना बालक भएको पाइएको छ । यसबाट बालकहरूभन्दा बालिकाहरूको जोखिमी दर अति नै उच्च रहेको पुष्टि हुन्छ ।

**बालबालिकामाथि भएका यौनदुर्व्यवहारका घटनाहरू (प्रकाशमा आएका)**

तालिका नं. ७.२०

| क्र.स. | जिल्ला | जम्मा घटना सङ्ख्या | जम्मा बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा |
| | नेपाल | २१७ | २१७ | १५ | २३२ |
| १ | काठमाडौं | ८४ | ९० | ० | ९० |
| २ | सुनसरी | १६ | १६ | ० | १६ |
| ३ | बाँके | ११ | १० | ५ | १५ |
| ४ | सुर्खेत | १२ | १२ | ० | १२ |
| ५ | पर्सा | १० | १० | ० | १० |
| ६ | दाङ | १० | १० | ० | १० |
| ७ | कञ्चनपुर | ६ | ६ | ४ | १० |
| ८ | उदयपुर | ७ | ७ | ० | ७ |
| ९ | भक्तपुर | ७ | ७ | ० | ७ |
| १० | पाल्पा | ७ | ५ | २ | ७ |
| ११ | अन्य | ४७ | ४४ | ४ | ४८ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र ७.२०




गएको वर्ष २०६७ मा बालबालिकामाथि भएका यौनशोषण तथा दुर्व्यवहारका प्रकाशमा आएका २१७ घटनाहरूमा (जिल्लागतरूपमा प्राप्त विवरणअनुसार) जम्मा १७४ वटा घटनाहरू मात्र न्यायिक उपचारका लागि अदालतसम्म पुगेका थिए । ती मुद्दामध्ये १०१ वटा घटनाहरू विचाराधीन अवस्थामा रहेका छन् भने ७३ वटा मुद्दाहरू फैसला भैसकेका छन् । अदालतमा मुद्दा दायर गरिएका यस्ता घटनाहरूमा १६६ जना बालबालिका पीडित भएको विवरण छ । जसमध्ये १६० जना बालिकाहरू र ६ जना बालकहरू पीडित रहेको देखिएको छ ।

**बालयौनदुर्व्यवहारसम्बन्धी अदालतमा मुद्दा दायर भएका घटनाहरूको सङ्ख्यात्मक विवरण**
तालिका नं. ७.२१

| क्र.स. | जिल्ला | जम्मा घटना सङ्ख्या | विचाराधीन | फैसला भएका | पीडित बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बालिका | बालक | जम्मा |
| | जम्मा | १७४ | १०१ | ७३ | १९० | ६ | १९६ |
| १ | काठमाडौं | ३९ | ३४ | ५ | ३७ | ० | ३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | मोरङ | २८ | ० | २८ | ३१ | ० | ३१ |
| ३ | दाङ | ८ | ८ | ० | १४ | ० | १४ |
| ४ | बाँके | १० | १० | ० | १० | ४ | १४ |
| ५ | पर्सा | १० | ० | १० | १० | ० | १० |
| ६ | सुर्खेत | १० | ७ | ३ | १० | ० | १० |
| ७ | उदयपुर | ५ | ३ | २ | ९ | ० | ९ |
| ८ | भक्तपुर | ७ | ७ | ० | ७ | ० | ७ |
| ९ | काभ्रे | ७ | ७ | ० | ७ | ० | ७ |
| १० | सिन्धुली | ६ | ० | ६ | ६ | ० | ६ |
| ११ | अन्य | ४४ | २५ | १९ | ४९ | २ | ५१ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

### ७.३.२) **बेचविखन तथा ओसारपसारमा परेका बालबालिका**

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकुले गरेको एक अनुमानअनुसार ३२,००० जना महिलाहरू यौन पेशामा संलग्न रहेकोमा १८ वर्षभन्दा कम उमेरका बालिकाहरूमात्र ५०% रहेको छ, जसअनुसार करिव १६,००० जना बालिकाहरूलाई यौन पेशामा लाग्न बाध्य पारिएको छ । त्यसैगरी वर्ल्ड एजुकेशनकाअनुसार सन् १९९८ मा गरिएको एक अध्ययनअनुसार महिला यौन पेशाकर्मीमध्येबाट सोही पेशाका रूपमा काम गर्ने बालिकाहरू १२% १२-१३ वर्ष उमेरका, १४-१५ वर्ष उमेरका २५% र १६-१७ वर्ष उमेरका १६% रहेको देखाएको छ । उक्त अध्ययनले १०,००० जना भएको बालिकाहरू यौन पेशामा संलग्न भएको अनुमान गरिएको छ ।

त्यसैगरी महिला, बालबालिका तथा समजकल्याण मन्त्रालयले २०६५ मा प्रकाशित गरेको क्याबिन, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरसम्बन्धी अध्ययन प्रतिवेदनअनुसार उपत्यकाका भएका करिव १२,००० क्याविन, दोहोरी साँझ, डान्स रेष्टुरेण्ट तथा मसाज पार्लरहरूमा ५०,००० जना कामदारहरू रहेकोमा १२ वर्षदेखि ३० वर्षसम्मका ८०% महिलाहरू रहेको देखाएको छ, जसअनुसार करिव ४०,००० जना महिलाहरू कामदारका रूपमा रहेको पाइन्छ । ती कामदारहरूमा १२ देखि १८ वर्ष उमेरका बालिकाहरूको सङ्ख्या उल्लेख्य रहेको पाइन्छ ।

नेपालले बालबालिकाको बेचविखन, वेश्यावृत्ति र अश्लीलचित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००६ जनवरी २० तारिखमा अनुमोदन गरी त्यसलाई व्यवस्थापिका संसदले २०६३ सालमा स्वीकृतसमेत गरिसकेको छ । नेपालले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचविखन कार्य रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सार्क महासन्धि, २००२ को पक्षराष्ट्र भएको छ । त्यसैगरी नेपालले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागू गरेको छ । नेपाल सरकारले महिला तथा बालबालिकाको बेचविखनविरुद्धको राष्ट्रिय कार्ययोजना, २०५८ तयार पारी लागू गरेको छ र सोबमोजिमको अनुगमन सूचक, २०६२ समेत जारी गरिसकेको छ ।

महिला तथा बालबालिकाको बेचविखनविरुद्धको राष्ट्रिय कार्ययोजना, २०५८ ले निम्नानुसारका विभिन्न आठ क्षेत्रहरू समेटेर अल्पकालीन र मध्यकालीन लक्ष्य, नीति, कार्यक्रम र कार्ययोजना तय गरी कार्यान्वयनमा ल्याएको छ ।

१) नीति, अनुसन्धान तथा संस्थागत विकास
२) कानुन निर्माण तथा कार्यान्वयन
३) जनचेतना, जागरण, वकालत, सञ्जाल निर्माण तथा सामाजिक परिचालन
४) स्वास्थ्य र शिक्षा
५) आयआर्जन तथा रोजगारी सिर्जना
६) उद्धार र पुनर्एकीकरण
७) अन्तरसीमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाहरू
८) अनुगमन र मूल्याङ्कन

### ७.४) **सशस्त्र द्वन्द्व र त्यसबाट पीडित भएका बालबालिका**

नेपालले विगतमा राजनैतिक उद्देश्यका साथ सञ्चालन गरिएका सशस्त्र **द्वन्द्वमा** धेरै मानिसहरू मारिए, घाइते भए, विस्थापित भए अनि धेरैको सम्पत्तिको क्षति भयो । दोस्रो जनआन्दोलनपश्चात् विस्तृत शान्ति सम्झौता भएपछि मुलुकमा द्वन्द्व रूपान्तरणको क्रम सुरु भयो र यसैबीचमा ठूला ठूला राजनैतिक परिवर्तन समेत भएका छन् ।

हाल नेपालमा मधेस तथा पूर्वी पहाडका केही भेगहरूमा सशस्त्र **द्वन्द्वका** घटनाहरू बेलाबेलामा प्रकाशमा आइरहन्छन् । सशस्त्र द्वन्द्वमा बालबालिका अपहरणमा पर्ने, विद्यालयमा युद्धरत पक्षहरूले

क्याम्प खडा गर्ने, पटक पटक विद्यालय तथा नेपाल वन्दका घटनाहरू हुने, अभिभावकहरू मारिने-पिटिने-घाइते हुने-विस्थापित हुने, सम्पत्ति लुटिने, बारुदी सुरुङमा बालबालिका पर्ने, युद्धरत पक्षहरूले बालबालिकाको प्रयोग गर्ने आदिजस्ता घटनाहरूबाट पीडित हुने गरेको पाइन्छ ।

नेपालमा विगतका वर्षहरूमा कतिजना बालबालिका सशस्त्र द्वन्द्वबाट पीडित या प्रभावित भएका थिए भन्नेबारे फरक फरक विवरण पाइन्छन् ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले सशस्त्र द्वन्द्व/सङ्घर्षबाट बालबालिकालाई जोगाउनु पर्ने व्यवस्थालाई धारा ३८ मा व्यवस्थित गरेको छ । नेपालले सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० र आइ.एल्.ओ.को बालश्रमको निकृष्ट स्वरूपसम्बन्धी महासन्धि, १९९९ (महासन्धि नं. १३८) लाई अनुमोदन गरेको छ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२(५) मा कुनै पनि नाबालकलाई सेना, प्रहरी तथा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन भनी व्यवस्था गरेको छ ।

२०५२ सालमा तात्कालीन ने.क.पा.माओवादीले सशस्त्र युद्ध सुरु गरे यता सशस्त्र समूहमा बालबालिका आवद्ध हुने क्रम सुरु भयो । यसरी सशस्त्र समूहसँग आवद्ध हुने बालबालिकाको सङ्ख्यामा क्रमशः बढ्दै गयो । अहिले पनि पूर्वी पहाडी जिल्ला तथा तराई/मधेसमा भएको द्वन्द्वमा बालबालिकाको प्रयोग भएका घटनाहरू बाहिर आए पनि यस्ता बालबालिकाको यकिन तथ्याङ्क पाउन सकिएको छैन ।

### ७.५) आपतकालीन मानवीय राहत कोष र यसको परिचालन

आपतमा परेका बालबालिकालाई तत्काल संरक्षण र सहयोग गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले हालै मात्र केन्द्रीय आपतकालीन बालउद्धार कोष सञ्चालन कार्यविधि, २०६७ जारी गर्दै केन्द्रीय आपतकालीन बालउद्धार कोषको स्थापना गर्न केन्द्रीय बालकल्याण समितिलाई रु. एक करोड रकम उपलब्ध गरेको छ । साथै केन्द्रीय बालकल्याण समितिले जोखिममा रहेका बालबालिकालाई आपतकालीनरूपमा उद्धार गर्नका लागि अर्को एउटा बालउद्धार कोष पनि स्थापना गर्ने तयारी गरिरहेको छ । आपतकालीन रूपमा सहयोग र उद्धार गर्नका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, समिति, परिषद् तथा अन्य निकायहरू, राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय गैरसरकारी संस्था तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरूद्वारा आपतकालीन कोष खडा गरी सहयोग परिचालन गरिएका छन् ।

बालसंरक्षण तथा विकास कार्यक्रम लागू भएका तात्कालीन समयमा जिल्लाहरूमा सेभ द चिल्ड्रेन, केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिहरूको सहकार्यमा आपतकालीन मानवीय राहतकोष स्थापना गरिएको थियो । जिल्लागतरूपमा प्राप्त विवरणअनुसार यस्तो कोषबाट सशस्त्र द्वन्द्व तथा अन्य किसिमका विपत्तिबाट प्रभावित ७,९०६ जना बालबालिकालाई तत्काल राहत उपलब्ध गराइएको थियो । जसमध्ये ३,७५२ जना (४७.४६%) बालिका र ४,१५४ जना (५२.५४%) बालक रहेका छन् । यस्तो कोष स्थापना हुनुले तत्काल सहयोग गर्नुपर्ने आपतमा परेका बालबालिकालाई ठूलो सहयोग पुगेको देखिएको छ ।

**जिल्लामा स्थापना गरिएका आपतकालीन राहतकोषबाट लाभान्वित बालबालिकाको सङ्ख्यात्मक विवरण**

तालिका नं. ७.२२

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालिका | ३,७५२ | ४७.४६ |
| बालक | ४,१५४ | ५२.५४ |
| जम्मा | ७,९०६ | १०० |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र ७.२२



### ७.६) बालबिज्याँइ, कानुनी विवादमा परेका बालबालिका र बालन्याय

बालबालिकाले गरेको आपराधिक क्रियाकलापलाई 'बालबिज्याँइ' भनी परिभाषित गरिएको छ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४० मा कानूनी विबादमा परेका बालबालिकाको अधिकारलाई व्यवस्थित गरिएको छ । त्यस्तै संयुक्त राष्ट्रसङ्घले "अल्पवयस्क न्यायप्रशासनका लागि संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली)", "अल्पवयस्क बिज्याइँ रोकथामका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गदर्शन (रियाद मार्गदर्शन)", स्वतन्त्रताबाट वञ्चित अल्पवयस्कको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय नियमावली (भियना कार्यविधि) र गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली (टोकियो रुल) नामक चार सङ्कल्प लेखहरू जारी गरेको छ ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को धाराहरू क्रमशः ११, १२, १५, १६, २०, ४२, ४६, ५०, ५१, ५२, ५३, ५५, ५६ र ५७ मा बालबिज्याइँ, कानुनी विवादमा परेका बालबालिका र बाल न्यायप्रशासनसम्बन्धी व्यवस्थाहरूलाई समावेश गरिएको छ । त्यसैगरी यसै विषयलाई केन्द्रित गरेर सरकारले बालन्याय (कार्यविधि) नियमावली, २०६३ लागू गरेको छ ।

बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८ बाट प्राप्त विवरणअनुसार नेपालका विभिन्न अदालतहरूमा बालविज्याईंसम्बन्धी घटनाका मुद्दाहरू दर्ता भएका छन् । गएको वर्ष २०६७ सालमा ८३ जना बालबालिकाको विज्याईंसम्बन्धी घटनाहरू अदालतमा पुगेको देखिन्छ, जसमा ७३ जना बालकहरू र १० जना बालिकाहरू संलग्न रहेको देखिएको छ । ४९ जना बालबालिकाको मुद्दाहरू अदालतमा चलिरहेका छन् । फैसला भएका ३४ मुद्दाहरु (जसमध्ये ५ वटा बालिका र २ ९ वटा बालकहरूसँग सम्बन्धित) सबै बालबालिकाको विपक्षमा फैसला भई कैद तोकिएका छन् । लैङ्गिक दृष्टिले विश्लेषण गर्दा बालिकाहरूभन्दा बालकहरू बढीमात्रामा कानुनी विवादमा परेको देखिएको छ ।

तलको तालिकालाई विश्लेषण गर्दा बालबालिकासम्बन्धी ऐनको दफा १५ को प्रतिकूल हुनेगरी ८३ जना बालबालिका उमेर पुगेका कैदी/बन्दीसँगै कारागारमा रहेका छन् । यी बालबालिकालाई बालसुधार गृहमा पठाइनुपर्ने व्यवस्था भए तापनि बालसुधार गृह एउटा मात्रै भएको र त्यसको क्षमता थोरै भएकोले बालबालिका उमेर पुगेका कैदी/बन्दीसँगै कारागारमै रहन बाध्य छन् ।

**बालविज्याइँका कारण कारागारमा रहेका बालबालिका**

तालिका नं. ७.२३

| क्र.स. | जिल्ला | बालविज्याईंका कारण कारागारमा रहेकय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अदालतमा मुद्दा चलिरहेका | | | फैसला भएका | | | कुल | | |
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| | जम्मा | ५ | ४४ | ४९ | ५ | २९ | ३४ | १० | ७३ | ८३ |
| १ | बाँके | ० | ११ | ११ | ० | ११ | ११ | ० | २२ | २२ |
| २ | सुनसरी | ४ | ४ | ८ | ३ | ३ | ६ | ७ | ७ | १४ |
| ३ | कास्की | ० | ९ | ९ | ० | २ | २ | ० | ११ | ११ |
| ४ | पाल्पा | ० | ० | ० | १ | ५ | ६ | १ | ५ | ६ |
| ५ | सिन्धुपाल्चोक | ० | ४ | ४ | ० | ० | ० | ० | ४ | ४ |
| ६ | कञ्चनपुर | ० | ० | ० | १ | ३ | ४ | १ | ३ | ४ |
| ७ | पर्सा | ० | २ | २ | ० | १ | १ | ० | ३ | ३ |
| ८ | ललितपुर | ० | २ | २ | ० | १ | १ | ० | ३ | ३ |
| ९ | दाङ | ० | ३ | ३ | ० | ० | ० | ० | ३ | ३ |
| १० | बाजुरा | ० | १ | १ | ० | २ | २ | ० | ३ | ३ |
| ११ | अन्य | १ | ८ | ९ | ० | १ | १ | १ | ९ | १० |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

चित्र ७.२३



नेपालका विभिन्न कारागारहरूमा बाबुआमासँग जेलभित्र आश्रित भएका बालबालिकाको सङ्ख्या ६७ रहेको छ, तीमध्ये ३८ जना बालिका र २९ जना बालकहरू भएको विवरण छ । जेलभित्र आश्रित सबैजना बालबालिका आमासँग रहेको पाइएको छ ।

**बन्दी आमा/बाबुसँग जेलभित्र आश्रित बालबालिका**

तालिका नं. ७.२४

| आमासँग | | | बाबुसँग | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ३८ | २९ | ६७ | | | | ३८ | २९ | ६७ |

स्रोतः बालअधिकार अनुगमन सूचकाङ्क फारम (जिल्लागत), २०६८

**बालइजलासबाट हेरिएका बालबालिकासँग सम्बन्धित मुद्दाहरूको विवरण**

तालिका नं. ७.२५

| क्र.सं. | मुद्दा | लगत | फछ्र्यौट | बाँकी |
|---|---|---|---|---|
| १ | कर्तव्य ज्यान | ९ | ३ | ६ |
| २ | भवितव्य ज्यान | १ | १ | ० |
| ३ | सवारी ज्यान | २ | २ | ० |
| ४ | ज्यान मार्ने उद्योग | ८ | ४ | ४ |
| ५ | जवर्जस्ती करणी | ४२ | २१ | २१ |
| ६ | जवर्जस्ती करणीको उद्योग | ६ | ३ | ३ |
| ७ | साधारण चोरी | १५ | ९ | ६ |
| ८ | नकवजनी चोरी | ११ | १० | १ |
| ९ | जवर्जस्ती चोरी | १ | १ | ० |
| १० | रहजनी चोरी | १ | १ | ० |
| ११ | केही सार्वजनिक अपराध | ९ | ८ | १ |
| १२ | मानव अपहरण | २ | १ | १ |
| १३ | लागू औषध | ४ | २ | २ |

| | | | | |
|---|---|---|---|---|
| १४ | खून डाँका | १ | १ | ० |
| १५ | नागरिकता कीर्ते | १ | ० | १ |
| १६ | गोबध | १ | १ | ० |
| १७ | हातहतियार खरखजाना | २ | २ | ० |
| १८ | वनसम्बन्धी | १ | ० | १ |
| १९ | पशु वन्यजन्तु मारेको | १ | १ | ० |
| | जम्मा | ११८ | ७१ | ४७ |

स्रोतः बालन्याय समन्वय समितिको सचिवालय/केन्द्रीय बालकल्याण समिति, २०६८

बालन्याय समन्वय समितिको सचिवालयले जनाएअनुसार गत आर्थिक वर्ष ०६७/६८ मा मुलुकका विभिन्न जिल्लाका बालइजलासहरूले सम्पादन गरेको बालबालिकासम्बन्धी मुद्दाहरूमा सबैभन्दा बढी अर्थात् २१ वटा जवर्जस्ती करणीसँग सम्बन्धित मुद्दाहरू देखिन्छ भने त्यसपछि १० वटा नकवजनी चोरीसँग सम्बन्धित मुद्दाहरू रहेको देखिन्छ। कानुनी विवादमा परेका बालबालिकाको मुद्दा वयस्कहरूको तुलनामा बढी संवेदनशील हुने भएको र त्यस्ता बालबालिका कानुनी उपचारको दृष्टिले बढी गम्भीर हुने भएकाले केन्द्रीय बालकल्याण समिति र बालन्याय समन्वय समितिद्वारा प्लान नेपालको सहयोगमा विभिन्न ३२ वटा जिल्लाहरूमा बालन्याय सुदृढीकरण कार्यक्रम कार्यान्वयन गरिएको छ ।

नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ अनुसार स्थापना गरिएको बालसुधार गृह एउटा मात्र छ। भक्तपुरमा रहेको बालसुधार गृह नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको सहयोगमा यूसेप नामक गैरसरकारी संस्थाद्वारा सञ्चालन गरिएको छ। जसको ५० जना बालबालिका राख्ने क्षमता रहेको छ । यस वर्ष १२६ जना बालबालिकाको प्रवेश भयो भने ११४ जना फिर्ता भई पारिवारिक पुनर्मिलनमा गए ।

हाल नेपाल सरकार (महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय) ले बालसुधार गृह स्थापना गर्नका लागि नेपालगञ्जमा भवनको शिलान्यास गरेको छ भने विराटनगर र पोखरामा पनि बालसुधार गृहको भवन निर्माण/मर्मत कार्यआरम्भ गरेको छ । त्यसैगरी युसेपद्वारा भक्तपुरमा रहेको बालसुधार गृहको क्षमता बढाउनका लागि एक भवन थप गरिएको छ ।

**बालसुधार गृहमा रहेका बालबालिकासम्बन्धी विवरण**

तालिका नं. ७.२६

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालक | ६५३ | ९७ |
| बालिका | २२ | ३ |
| जम्मा | ६७५ | १०० |

स्रोतः बालसुधार गृह, भक्तपुर २०६८

चित्रः ७.२६




बालसुधार गृहमा स्थापना काल आ.व. २०५६/०६० सालदेखि गत आ.व. ०६७/६८ सम्म कूल ६७५ जना बालबालिका आएकोमा ५८० जना फिर्ता भई पारिवारिक पुनर्मिलनमा गएको देखिन्छ । त्यसैगरी केही बालबालिका स्थानाभावका कारणले फिर्ता पठाइएका थिए । यसरी फिर्ता पठाइएका बालबालिका कोही वयस्कसँगै कारागारमा रहन्छन भने केही पारिवारिक तथा संस्थागत निगरानीमा रहने गरी पठाइएका हुन्छन् ।

**बालसुधार गृहमा रहेका बालबालिकाको जातिगत विवरण**

तालिका ७.२७

| जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण क्षेत्री | २५३ | ३८ |
| जनजाति | ३११ | ४६ |
| दलित | ८२ | १२ |
| अन्य | २९ | ४ |
| जम्मा | ६७५ | १०० |

स्रोतः बालसुधार गृह, भक्तपुर, २०६८

चित्र ७.२७




**बालसुधार गृहमा रहेका बालबालिकाको मुद्दा/अभियोगको आधारमा विवरण**

तालिका ७.२८

| मुद्दा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सार्वजनिक अपराध | १७७ | २६.२२ |
| चोरी | १५४ | २२.८१ |
| जबर्जस्ती करणी | ११४ | १६.८९ |
| कर्तव्य ज्यान | ८४ | १२.४४ |

| | | |
|---|---|---|
| डाँका | ४४ | ६.५२ |
| लागू औषध | ३० | ४.४४ |
| ज्यान मार्ने उद्योग | २२ | ३.२६ |
| मानव बेचविखन | ११ | १.६३ |
| हातहतियार | ४ | ०.५९ |
| खोटाचलन | ३ | ०.४४ |
| कुटपिट | ३ | ०.४४ |
| अन्य | २९ | ४.३० |
| जम्मा | ६७५ | १००.०० |

स्रोतः बालसुधार गृह, भक्तपुर, २०६८

चित्र नं. ७.२८




माथिको तालिकाअनुसार बालसुधार गृहमा आएका बालबालिकामध्ये हालसम्म सबैभन्दा धेरै अर्थात् १७७ जना बालबालिका सार्वजनिक अपराधको मुद्दा खेपेर आएको देखिन्छ भने त्यसपछि क्रमशः १५४ जना चोरी, ११४ जना जवर्जस्ती करणीका कारण मुद्दा खेपी बालसुधार गृहमा आएका पाइन्छन् र सबैभन्दा कम खोटा चलन र अङ्गभङ्गको मुद्दा खेपी क्रमशः ३/३ जना बालसुधार गृहमा आएका पाइन्छन् ।

**बालसुधार गृहमा प्रवेश गरेका बालबालिकाको आ.व.अनुसारको विवरण**

तालिका ७.२९

| आ.व. | प्रवेश | छुटेका/फिर्ता |
|---|---|---|
| २०५८/५९ | १० | २ |
| २०५९/६० | १५ | ७ |
| २०६०/६१ | ३७ | २८ |
| २०६१/६२ | ४१ | २६ |
| २०६२/६३ | ५८ | ५१ |
| २०६३/६४ | ११० | १०२ |
| २०६४/६५ | १२८ | १०७ |
| २०६५/६६ | ८८ | ९२ |
| २०६६/६७ | ५९ | ५१ |
| २०६७/६८ | १२९ | ११४ |
| जम्मा | ६७५ | ५८० |

स्रोतः बालसुधार गृह, भक्तपुर, २०६८

